औँसीका फूलहरू

(महाकाव्य)

रामप्रसाद ज्ञवाली



नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

आँसीका फूलहरू

लेखक
रामप्रसाद ज्ञवाली

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

प्रकाशक:-

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं
नेपाल

प्रथम संस्करण २०५३
११०० प्रति

मूल्य रु. ८५।-

मुद्रक:-

प्रज्ञा-छापाखाना
प्रज्ञाभवन कमलादी
फोन नं. २-२१२८३ २-२१२४२

प्रकाशकीय

नेपाल अधिराज्य भनेको विभिन्न वर्ण, जातजातिसमूहको साझा फूलवारी भएर रहेको छ। यहाँ विभिन्न रङ्गका मनोहारी फूलहरू ढकमक्क भएर फुलेझैं गरी काव्य, साहित्य, संस्कृति, कलाका बगैंचामा पनि विभिन्न भावधारा, विभिन्न वैचारिक दार्शनिक चिन्तनधारा बोकेका काव्य-साहित्यले कलाका सुन्दर फूलहरू फुलेका छन्। यिनै विभिन्न भावधारा र चिन्तनधारा लिएर काव्य-साहित्यसाधनामा लागेका कवि साहित्यकारहरूले आफ्ना-आफ्ना ठाउँबाट आफ्नै शैली, आफ्नै अभिव्यक्तिको सुवास फैलाएर अनेकतामा पनि एकताको रङ्ग घोलेर नेपाली काव्य-साहित्य-कलाका रसिक पाठकलाई परितृप्ति दिने प्रयास गरिरहेका छन्।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको मूल उद्देश्य पनि यस्तै विभिन्न रङ्ग र रूपका सांस्कृतिक एकता र बास्ना लिएर फुलेका राष्ट्रभाषा नेपाली र अरू राष्ट्रिय भाषाका काव्य-कलाकुसुमलाई चुनेर यसको रस र बास्ना देशभित्र र बाहिर फैलाउँदै देशको साहित्य, कला, संस्कृतिको भण्डारलाई समृद्ध तुल्याउनुरहेको छ साथै यसैमार्फत साहित्यका प्रबुद्ध र रसिक पाठकहरूलाई परितृप्ति पनि तुल्याउनु रहेको छ।

वर्तमान प्रजातान्त्रिक अभ्यासका परिप्रेक्ष्यमा त राष्ट्रका विविध कला, संस्कृति र साहित्यलाई राष्ट्रको अक्षुण्णता राखी अखण्ड, सुदृढ, शान्त र सुन्दर नेपालका रूपमा यहाँका विविध सामाजिक परम्परा र संस्कृति मात्र होइन चिन्तनधारालाई पनि निष्पक्षरूपमा एक सूत्रमा गाँस्ने प्रयत्न गर्नु पनि यसको कर्तव्यक्षेत्रभित्र पर्न आउँछ। यिनै उद्देश्यहरूको परिपूर्ति गर्ने क्रममा परिषद्ले आजपर्यन्त नेपाली वाङ्मयलाई आफ्नो क्षमताले भेटेसम्म प्रकाशित गर्दै आएको छ र अब पनि गर्दै जानेछ।

यसै अभिलषित उद्देश्यको परिपूर्तिका लागि प्रस्तुत ग्रन्थका लेखकद्वारा प्राप्त यो औंसीका फूलहरू काव्य पाठकका हातमा अर्पण गर्न पाउँदा हामीलाई खुशी लागेको छ। प्रस्तुत काव्यग्रन्थले नेपाली जनमानसको एउटा विशिष्ट खालको चिन्तन बोकेर जगत्को विविध रस र चिन्तनको आस्वादन गर्न इच्छुक पाठकहरूलाई परितृप्त गर्न सक्षम हुनेछ भन्ने आशा र विश्वास लिएका छौं। अस्तु।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी

सन्तोष मिलेको छ

२०४९ सालमा त्रि.वि.को नेपाली केन्द्रीय शिक्षण विभाग, कीर्तिपुरमा मैले एउटा युद्ध लडेको थिएँ । त्यो युद्ध भावनाको थियो, त्यो युद्ध कल्पनाको थियो, त्यो युद्ध चेतनाको थियो र त्यो युद्ध सपनाको पनि थियो । त्यसै युद्धको एउटा परिणति हो 'आँसीका फूलहरू'। युद्धको यस्तो परिणति उल्लेखनीय छ वा छैन ? त्यो निर्णय मेरो हातमा छैन र मेरो साथमा पनि छैन । एउटा प्रकाशित कृतिका रूपमा यो आएको छ, अहिलेलाई यत्तिमै पनि मलाई सन्तोष मिलेको छ ।

जो-जसले मलाई सघाउनुभयो, उहाँहरूप्रति म आभारी छु र जो-जसले मेरो प्रतिभालाई तिख्याउनुभयो, उहाँहरूप्रति म कृतज्ञ छु । ममाथि उहाँहरू सबैको सम्प्रेषण परेकै हो, त्यसमाथि मेरो अहम् पनि चढेकै हो, बाँकी त कवि र कविताका बीचमा जे-जस्तो-जसरी हुन्छ, त्यो-त्यस्तो-त्यसरी नै भएको हो । सो युद्धको परिणति यस कृतिका रूपमा यस विश्रामस्थलसम्म आइपुगेको छ । यहाँसम्म ल्याइपुऱ्याउनु मेरो जिम्मेवारी थियो, अब सो दायित्व सचेत पाठक र निष्पक्ष समालोचकज्यूहरूमा सरेको छ । यतिसम्म हुनुले पनि मलाई सन्तोष मिलेको छ ।

मानवसंसारलाई उज्यालो पार्नका निमित्त आफूले अँध्यारो संसार भोग्नेहरू र सुन्दर तथा सुखी जीवनको विस्तारको निमित्त आफूलाई समर्पित गर्ने महान् सपूतहरूप्रति एउटा कलिलो कविको यो भावात्मक श्रद्धाञ्जलि हो । अब मसँग एउटै जिज्ञासा बाँकी छ–यसको सार्थकता के-कति हुनेछ ? र नेपाली महाकाव्यको परम्परामा यसको स्थान के, कस्तो र कहाँ हुनेछ ? अहिलेका लागि यो प्रकाशित भएको छ , उद्घाटित भएको छ, यसबाट पनि मलाई सन्तोष मिलेको छ ।

श्रद्धेय प्रेरक, सहायक र संप्रेषकज्यूहरूमा कृतज्ञता व्यक्त गर्दै यसको प्रकाशन गरिदिने ने.रा.प्र.प्र.लाई हार्दिक धन्यवाद दिन्छु । प्रतिष्ठानले यस खालको महाकाव्यलाई प्रकाशित गर्नुले पनि मलाई सन्तोष मिलेको छ ।

–रामप्रसाद ज्ञवाली

प्रस्थान

वन्दना गर्नका निम्ति मात्र यौटै छ मन्दिर
देश मन्दिर हो मेरो जनता देव सुन्दर

(१)

यसैमा लीन भैदिन्छु यिनैको गर्दछु पुजा
यिनै ईश्वरका निम्ति बन्छु आफू धुजा-धुजा

(२)

यिनै हुन् कविता मेरा यिनै हुन् भावना पनि
सिर्जना गर्नका ठूला यिनै हुन् प्रेरणा पनि

(३)

चेतना-भावको निम्ति जनता र वसुन्धरा
सोध्न वा जान्नको निम्ति मेरै छन् कवि सुन्दर

(४)

सिक्छु पुर्खासँगै केही सोध्नमा लाज मान्दिनँ
अनुरोध सधैं गर्छु के गर्नन् तर जान्दिनँ

(५)

हे पुर्खा! चाहना मेरा कवितामा समेटिद्यौ
भानुको सल्ल भाषामा छिनु पौडयाल ठोकिद्यौ

(६)

मोतीराम ! श्रमी प्यारा मोतीदाना फलाउन
आँधी पन्छाउँदै बाटो बताऊ चुचुरा छुन

(७)

प्रतिभापुञ्ज हे मेरा देवकोटा ! छचल्क है
बालकृष्ण गहिराइ पढाइको बताउ क्यै

(८)

युद्धप्रसाद हे ! आऊ भावनामृत त्यो भर
घिमिरे ! शब्दमा मीठा चिल्ला वर्णहरू छर

(९)

'पारिजात' महान् आत्मा स्वाभिमान बनी पस
'हिमांशु' शीतका थोपा गर्मीका क्षणमा खस

(१०)

'मोद–प्रश्रित' हे ! आऊ कला साहसको भर
मित्र युवक ! नेपाली कला यो पार उर्वर

(११)

श्रमप्रेमी सबै आऊ पसीनाजल भै खस
काव्यको अन्तरात्मामा ज्योतिपुञ्ज बनी बस

(१२)

पोखरीभित्र नै सारा अटाएको जलाशय
मूलको जलझैं आऊ कविता स्वच्छ, निर्मल

(१३)

सुकेको काठमा नौलो जीवनी खोज हे कवि
ढुङ्गाभित्र छ त्यो आगो निकाली रोज हे कवि
लासको साथमा सिङ्गो कहानी सोध हे कवि
जिन्दगी कर्मशालीको अँगाली भोग हे कवि

(१४)

चुल्बुले पुतली खेल माहुरी ल्याउनू सह
फूलका रसको मीठो गराई सिर्जना मह
चरीले भ्याउरे गाऊ झर्नाले नाच चञ्चल
मस्कँदै कविता आऊ गराऊ विश्व झल्मल

(१५)

हिमाल ! हाँस–मुस्काऊ केको बन्धन व्यर्थमा
पगाल धरती ! छाती राम्रो के पो छ स्वर्गमा
गण्डकी बिजुली हाँस सूर्य ती लाजमा परून्
कलाको दीप हे ! आऊ कलाकार कला भरून्

(१६)

कलीली बाला भै शरद ऋतुमा जन्मनु तिमी
लजालू माया भै बढ र बन हेमन्त–प्रकृति
कठचाङ्ग्रा झन् चीसा क्षण शिशिरका छन् त्यसपछि
सहू ती, बासन्ती क्षणतक जरामा अड तिमी

(१७)

कडा होलान् गर्मीदिन तपन भर्दै त्यसपछि
लिनू झन् संघर्षीक्षण सहज वैचारिक बनी
गला प्यासा बन्लान् पटपट हुनिन् त्रस्त धरणी
पाखाले वर्षा भै कठिनतम सङ्कष्टहरु ती

(१८)

धाई हुन् धरणी, पवित्र कलिली बाला, यिनै हुन् सखी
घोर्ले जोवन हुन् यिनै प्रणयकी हुन् प्रेमिका माधुरी
पत्नी हुन् रसरङ्ग जीवन दिने, आमा महाधर्मिणी
जाने जीवन हुन् बिराउन पुगे बन्छिन् घटागर्भिणी

(१९)

माया कोमल स्निग्धका रचयिता पुर्खाहरूले तब
गाए वीर विदेशका सपुतका उच्चा कथाका रस
धूलो उच्च उठेर राष्ट्र बनियो बग्दा पसीनाजल
हाम्रो सत्यकथा म भन्दछु सखे ! संसारकै निर्मल

(२०)

के गाऊँ त ठुला हिमालयहरू हाँसे कसोरी भनी ?
लेखूँ के त समुद्रका लहर ती नाचे कसोरी भनी ?
मेरा पूर्वजले हिजै गरिसके तिन्को निकै गायन
मेरो अन्तर सोध्छ खै शहिदको संघर्षको जीवन

(२१)

जल्ले पेट कुँडचाइ देश गठिलो पारी उठाए यहाँ
जस्ले रक्तसमेत अर्पण गरी फुल्ने बनाए मुना
जस्का सास अझै बनी जग कडा यो राष्ट्र थामीकन
बस्छन्, त्यो महिमा चुमेर कविका आँखा खुले प्रेममा

(२२)

केही पण्डित 'के त लेख्छ बबुरो !' हाँसो उडाईकन
'के सक्ला बिचरा महाकृतिक !' क्वै झन् व्यङ्ग्य गाईकन
'बन्दो हो अब यो महाकवि !' कुनै आँखा नचाईकन
'ऊ त्यै हो अबको महाकवि !' भनी हेला दिँदै छन् जुन !

(२३)

केही बुज्रुक दङ्ग छन् 'रसिकले गन्दैन यस्को' भनी
केही मर्दित ढुक्क छन् कि 'यसको बन्दैन खेलो' भनी
मेरा आत्मज दिक्क छन् 'अबुझले हाऱ्यो परीक्षा' भनी
मेरो भाव बहन्छ निर्झर छुँदै निश्चिन्तकी गण्डकी

(२४)

भन्लान् ' उच्च भएन वस्तु यसको' चेप्प्याउनन् नाक क्वै
'खाली श्लोक भयो भएन कविता' भन्दै चिमोट्लान् कुनै
पानी वीर सपूतका रगतको धूलो पिठो देशको
मुछ्दै खाद्य पकाउँदै छु श्रमको आगो छ संघर्षको

(२५)

अग्ला पर्वतले बनी अति कडा पर्खाल लाए पनि
काला जङ्गलले दिएर पहरा काँडा तिखारे पनि
रक्ताम्मे हुन तम्तयार कवि यो यै सिर्जनाप्रेममा
सक्छन् बस्न र के कलाप्रिय कतै छाडी कलासिर्जना

(२६)

गर्लान् ताण्डवनृत्य बादल हुरी भत्काउलान् यो घर
चर्को गर्जनसाथ झल्ल बिजुली देखाउली झन् डर
हुन्नन् त्रस्त त चाहना अटल यी यै सिर्जनाको भर
आऊ हे कविता ! सुटुक्क कविको बाटो सजीलो गर

(२७)

जो हाँस्छन् अपमान दी, अब तिमी हाँसो उडाऊ, पिर
चर्को चड्कन भै छिटो कुद सखे ! ती व्यङ्ग्यका खातिर
लोप्पा भैकन आउनू छक परून् हेला गरेकाहरू
आफ्नो जीवन यो समर्पण गरेँ मैले अरू के गरूँ

(२८)

मेरो जीवन बन्धकी छ कवितालाई छुने होडमा
मैले यै प्रतिबद्धता अब गरेँ विश्वासको दौडमा
हारेमा पनि जित्दछन् सब कहाँ संघर्षमा ? सोचुँला
जित्ने वीर बनी उठेँ यदि भने झन् सिर्जना रोपुँला

(२९)

माली भैकन रोप्न सक्छु कि कतै मैले बिरूवाहरू
पानी भैकन भिज्न सक्छु कि कतै जित्दै खडेरीहरू
मेरो चिन्तन एक मात्र धरणी धूलो छ यो ईश्वर
अर्को छैन महान् म चुम्दछु सधैँ यै देश मेरो प्रिय

(३०)

बिग्रेमा कविता 'उपासक' थियो यौटा, मऱ्यो भन्दिनू
सप्रेमा कवि यो 'महाव्रत' थियो, नौलै फुल्यो सम्झनू
बिग्रेमा पनि के भयो र कविको प्रारम्भको कार्य छ
सप्रेमा महिमा बढ्यो कुसुमको फैलन्छ हावासित

(३१)

छाती निर्मल पार सज्जन भए ढोका खुलून् कानका
आफ्नो साख तिखार यौवन भए आख्यान नेपालका
नेपालीहरुको कथा छ प्रिय यो संघर्ष-सञ्चारको
सानादेखि बुढा, युवा र युवती नेपाल संसारको

(३२)

खोज्दा मानवता म भेट्दिनँ कतै, संवेद्यता खै कहाँ ?
मर्दा एक रसाउँथे नयन, खै लाखौं मरुन् भावना ?
भागाभाग र दौडकै भुमरिमा मान्छे हराए कता ?
के हो जीवन यो ? र बाँच्नु कसरी ? सोच्ने बिलाए कता

(३३)

हेरेमा अनुहार सभ्य नरको बोलूँ कि बोलूँ हुने
छाती पूर्ण चिरेर सम्मुख बसी खोलूँ कि खोलूँ हुने
यस्को मर्म खुलाउने सुर गरे पर्दा नयाँ खुल्दछ
चम्पाभित्र पसेर आज धतुरो दुर्गन्ध भै फुल्दछ

(३४)

आमा गायन गर्नुहुन्छ दिनहूँ श्रीकृष्ण मेरा भनी
छोरी आहत छिन् विदेशिन पुगी मान्छे कता छन् भनी
मान्छे घुम्दछ स्वार्थको भुमरिमा नौलो कसाई बनी
भेडा तृप्त परन्तु घाँस हरिया नौलाख मेरा भनी

(३५)

यो वेलामा हिमगिरि उठी गर्न थाले इशारा
बोले 'गाऊ कवि ! मुलुकका आँसुका गीतधारा
धर्ती तिम्रो रसमय हुँदै बन्छ ठूलो सहारा
चिन्दैनौ के सरस जननी ? के बन्यौ कर्महारा ?

(३६)

सम्झाए ती हिमशिखरले हेर्न धर्ती बिहान
लाखौं कोटी नवसृजनकी मात्र यौटी मुहान
आँखा चिम्लें नत शिर गरें मूर्ति झैं भूमि आइन्
तिन्ले बोलिन् मधुरिम, सुनें हाँकको गीत गाइन्

(३७)

'चाहन्छौ के हिमशिखरमा ? मैन सङ्गलन्छ दौड
हेर्दै छौ के तरल सरिता ? स्नेह पग्लन्छ पौड
नेपाली हूँ कुसुमरजका साथमा भाव दिन्छु
मेरो छातीभरि छ कविता जत्ति चाहिन्छ दिन्छु

(३८)

हत्केला यी भरिभरि सधैँ दान दी रित्तिँदैनन्
खानीका छन् प्रकृति रसिला जत्ति ल्यौ सित्तिँदैनन्
कस्तूरीका कण-कण बिनी वासना दान दिन्छु
मेरो आँखाभरि छ कविता जत्ति चाहिन्छ दिन्छु

(३९)

कर्णालीको कलकलसँगै गीत मेरा म सुन्छु
नेपालीको धडकनसँगै प्रीति मेरा म हुन्छु
एकात्माका लहरसँग यी नीति प्यारा म दिन्छु
मेरो फोक्सोभरि छ कविता जत्ति चाहिन्छ दिन्छु

(४०)

कोसेलीका सय रङ दिने पूर्ण भण्डार हो यो
मान्छे सारा अमर बनिने दीप्त संसार हो यो
आऊ गाऊ छमछम गरी नाच लौ नाच्न दिन्छु
मेरो बोलीभरि छ कविता जत्ति चाहिन्छ दिन्छु

(४१)

सम्झे मान्छे सुखजगतको प्रेम आनन्द छुन्छ
बिर्से मान्छे फगत दुःखको बाफिलो गन्ध हुन्छ
मान्छेलाई अमर कविको भावनामा म लिन्छु
मेरो आत्माभरि छ कविता जत्ति चाहिन्छ दिन्छु'

(४२)

डाकेको हो मकन अथवा हाँक हो यो धराको
फुल्दै आयो मुटुभरि नयाँ फूल यो सिर्जनाको
यो वेलामा अमर कविजी याद आए मलाई
नेपालीका चहक गहना प्रेरणाका सलाई

(४३)

भानू ! गानु गयो कला पिरिलिने के भाँडभैलो भयो !
मोती ! सानु भयो पला अमिलिँदै साहित्य मैलो भयो
हाम्रो राष्ट्रियता चुह्यो तपतपी आँखा बनाई कुलो !
पर्ने मख्ख सहेर दर्द कसरी ? चीसो छ हाम्रो चुलो !

(४४)

हाम्रो मादल छैन बज्दछ यहाँ पप् पप् पपाको हुरी
आफ्नो बादल छैन शत्रु-असिना बर्सन्छ तेर्सो गरी
माटो दुख्दछ साथमा छ कविता पीडा सँगाली यता
के नाचूँ अब लेखनाथ ? मुजुरा, मुर्चुङ्ग छन् लापता !

(४५)

ठूला बिम्ब-प्रतीक मात्र कविता भन्नेहरूले कवि !
बिर्सन्छन् श्रमका विशिष्ट कविता नेपालका जिन्दगी
जे लेखे पनि बन्छ आज कविता 'आफ्ना' भएमा पुग्यो !
बुझ्दा हुन्छ अबोध्य जत्ति कविता त्यै बन्छ उच्चा ठुलो

(४६)

टालेमा त प्रयोग बन्दछ नयाँ च्याते हुने झन् नयाँ !
होस् बेअर्थ झनै महान् छ भनिँदै नापिन्छ उच्चाइमा !
हुन्छन् विकृति ती, प्रयोग भनिँदै फैलीरहेछन् तर
गाऊँ गीत म के भनेर 'सम' हे ! श्रद्धा चढाऊँ अझ ?

(४७)

बग्ने कल्कल भावको सरलता देखिन्न खै गद्यको
पग्ली छङ्छङ छङ्छङाउन कुलो छाडीसक्यो पद्यको
पार्ला ओझलमा प्रवाह जसले उत्कृष्टता रे शुरू !
यस्तो दिग्भ्रम चिर्नलाई बल द्यौ हे 'देवकोटा' गुरु !

(४९)

के यी पद्य जुलेफिमा रसिकको आँखा रसाउन्न र ?
के यी गद्य तरेलिभित्र मधुरो सङ्गीत आउन्न र ?
खै बज्ला कुन वर्तमान अबको सङ्गीतको बाँसुरी
जोडूँ पो कसरी म हात 'घिमिरे' ! तिम्रा अगाडी सरी ?

(५०)

जस्का आडम्बरहरू सदा शब्दको खेल गर्छन्
जो बेअर्थी अबुझ कविता लेख्नमा मखख पर्छन्
तिन्को मेरो समर यसमै आज आलोचना होस्
मैले लेखें सरल कविता युद्ध यै अर्थमा होस् !

(५१)

आत्माको कविता बसाउँछ यहाँ हाँसो छ नौलो फुल
आऊ आज सबै महान् रचयिता ! अर्पन्छु श्रद्धाजल
होला निश्चय नै फुलेर कविता आयौ भने सङ्गम
शङ्का छैन मलाइ रत्ति अब झन् नाच्नेछु है छम्छम

(५२)

आऊ उच्च कला, तिमी बन गुरू चेलो भई आउँछु
तिम्रो इन्द्रधनू सफा कण टिपी यो माथमा लाउँछु
मेरा पूर्वजको अगाध प्रतिभायात्रा नरोकूँ भनी
यात्रा गर्दछु साथसाथ जनता साथीहरू छन् भनी

(५३)

मैले जीवन बुझ्न ग्रन्थहरु हा ! पूर्वीय उल्टाइनँ
नौलो जीवन सोध्न पश्चिम भनी आँखा त पल्टाइनँ
देखें छन् जनता अनेक दुःखमा पीडा र घाउसँग
तीभन्दा गतिलो कहाँ छ कविता ? त्यै हो कलाको मह

(५४)

चढ्दो यौवनमा सुकोमल मुना चोली छ झुत्रो तर
बेह्रेकी फरिया मजासित कसी च्यातिन्छ लुर्को तल
ठम् ठम् ठम् गठिलो हिँडाइ जसको संघर्षको जीवन
तिन्मा हुन्न र के विशिष्ट कविता ? छन् ती नयाँ दिन्दिन

(५५)

हातैमा हँसिया हलो छ कुममा नाम्लो लिई कम्मर
मोतीका बिउ छर्दछन् हरघडी पोख्छन् पसीना तर
खोक्रो पेट कसेर भोक मलिनो पार्छन् जहाँ जीवन
के हुन्छन् र बजारका अरू कथाभन्दा कथामा कम ?

(५६)

बिर्खेमा छ हिमाल, बग्दछ नदी कान्छीहरूकी सँगी
हर्केमा छ पहाड, उन्नत कला, खोलीसँगै प्याकुली
सानीमा लहडी म देख्छु सपना पुन्टेसँगै छन् कुवा
मेरो सिर्जनशक्ति निर्मल गरून् नौरङ्गका पालुवा

(५७)

पीडा, पीर कडा, व्यथा र दुःखका घाउ म देखूँ भनी
सोच्दैथेँ, नजिकै तरक्क चुहिँदै बोले नयाँ जिन्दगी
देखेँ त्यो इतिहास उच्च तिनको सच्चा थियो जीवन
आज्ञा माग्दछु लेख्न प्रेरित हुँदा श्रद्धाञ्जली दीकन

(५८)

देखेँ पीर व्यथाहरू अरलिँदै कोसी बनेका थिए
आँखा नीर बहाउँदै कठिनले रोईरहेका थिए
आफ्ना सन्ततिसङ्ग तप्त मनमा नेपाल आमा थिइन्
पीलो भैकन सुँक्कसुँक्क कविता रोईरहेकी थिइन्

(५९)

'जन्माएँ दुःखले' भनेर जननी बोलिन् म सुन्दै थिएँ
'हुर्काएँ दुधका पियाइ छहरा माया बटुल्दै दिएँ
दासी भैँ तर गर्दछन् कपुतले आफैँ म बन्दी भएँ'
भन्दै रोदन गर्दथिन् विरहमा सुन्दा दुखी झन् भएँ

(६०)

मेरै गोठ, पँधेरिका, डहरका, आफन्तका यी व्यथा
मेरै फाँट, तरेलिका, शहरका गल्ली दुखेका कथा
तड्पेका दुःखले दिदी र बहिनी, चेलीहरूका व्यथा-
लाई प्रस्ट बताउँदै गति लिने होला यहाँको कथा

(६१)

बाँचुन्जेल छ जिन्दगी रहरको पर्खाउँदो जीवन ?
वा सन्देश छरेर साहस दिने सञ्चार हो जीवन ?
मान्छे नायक भै ढलीमलि हुने वा भेल हो जीवन ?
के हो जीवन खेल हो नियतिको वा मेल हो जीवन ?

(६२)

नब्बे आँसु हुने खुशी दश छुने यात्रा छ यो जीवन ?
आँसूभित्र समष्टि सागर रुँदै हाँसिन्छ यो जीवन ?
मेरो जीवन, मै छ जीवन कतै, 'हामी' छ यो जीवन !
ईर्ष्या, प्रेम र पीरका भुमरिमा बाँचिन्छ यो जीवन ?

(६३)

आँखाका रसमा हिमाल जमिने प्रारम्भ हो जीवन
आँखाकै सरिता उतार चढिने संघर्ष हो जीवन
आँसूका भलमा उठी डुबिदिने उत्कर्ष हो जीवन
आँसूमै मिसिने निरामय हुने अन्त्येष्टि हो जीवन

(६४)

हेरें हात दुवै भरेर जलका सेता उजेला कण
सोचें जन्मनु-मर्नु रै'छ यसको सम्पुष्टता जीवन
पैले यो मन अल्मलाउन पुगें निष्कर्षमा धाउन
यौटा निश्चय जिन्दगीप्रति बन्यो त्यस्तै छ यो जीवन

(६५)

मेरो जीवन यो कलासमरका जन्ताहरूको भयो
बाँचुन्जेल हुने कडा श्रमिकका आशाहरूको भयो
धूलो, शीत चुमेर हर्षित हुने भाकाहरूको भयो
हाम्रो राष्ट्र उठाउने अमर ती आत्माहरूको भयो

(६६)

माटो यो मुटुमा भरेर कृतिको छाला र मासू लिएँ
खोला, मूल, नदी लिई मुलुकका नीला नसा सिर्जिएँ
सच्चा राष्ट्रियता कपेर त्यसमा आत्मा उजेलो दिएँ
यस्मा क्रान्तिसपूत-प्राण भरिए आनन्द मान्ने थिएँ

(६७)

आऔं आज यसो गमेर मनले श्रद्धाञ्जली अर्पियूँ
गाऔं जीवन गीतका लहरका सद्भावना छर्कियूँ
तिन्को उच्च महानतासँग मिलौं, सङ्कल्पशिक्षा लिई
हो यो जीवन देशकै र तिनकै बाँचौं तिनैको भई

(६८)

इच्छा यी व्यक्तिए केही प्रतिज्ञाका प्रवाहका
लालीगुराँस भै आऊन् औंसीका फूलका थुँगा।

(६९)

* * *

पहिलो फूल

सफा पारी धर्ती प्रकृति हरियाली लरिबरी
बनाई, फैलाई पवनसँग बास्ना पनि छरी
अँगालोमा पारी प्रियसरि चुमी आश्विनकन
रमाई मुस्काई स र ग म गरी नाच्छ गगन

(१)

उजेला दिशा छन् उजेला निशा छन्
अँधेराहरूका दुरिच्छा फिका छन्
पहाडी पखेरा तरेलीहरू झन्
नयाँ फुर्तिमा छन् नयाँ मूर्तिमा छन्

(२)

'हुगा' भन्ने गाउँ मनहरण गर्दै छ सबको
तरेलीका बुट्टासँग अति लजालू स्वरुपको
ठुली काली गङ्गा परपर बगेकी तलतल
सफा खोली गर्छन् वरिपरि मधूरो कलकल

(३)

मलीना छाप्रा छन् अलिकति ठुला एक-दुइटा
यहाँका बासिन्दा कृषक श्रमका पूजक ठुला
उज्याला झर्ना झैँ श्रमिक मनका भावहरु छन्
सबै आफ्नाआफ्ना नियतिसँग संघर्षरत छन्

(४)

यहीँ चौतारीको नजिक खरको छानु मलिन
गलेका खम्बाको घर छ अति कम्जोर दलिन
उदासी आँखामा विरस दिन भोगेर कठिन
बितेका स्वामीको स्मरणसँग बाँच्छिन् दिनदिन

(५)

अकालैमा लागे पति किन भनी खेल्दछ कुरा
मनैमा, सम्झन्छिन् विगत दु:खदायी क्षण सदा
ससाना बाला छन् अलिकति ठुली मात्र सुशिला
कुनै छैनन् ऐले दुखहरक आधार तिनका

(६)

सधैँ गल्ती ढुक्थे दु:ख दिन भनी शत्रुहरुले
सहेनन् ठूलाको अलिक पनि अन्याय पतिले
बितेका ती चौथो शरद पनि आयो नजिकिँदै
दुखी रुन्छिन् एक्लै मलिन विधवा ती स्मृति छुँदै

(७)

लगाएका झुत्रे मलिन कपडा मात्र तनमा
डढेलो खप्थे ती मनभरि बलेको अनलमा
गरीबीको छाया उदर कसरी भर्नु ? जपना
गरी ज्यालादारी कठिनसित बस्थे दिनदिन

(८)

भुरा भन्थे 'आमा !' भनन कहिले आउँछ तिहार् ?
मनाऔँला खाई चिजबिज रमाई शुभ चहाड्
दिदी ! सङ्क्रान्तीको कति पर छ त्यो माघ ? भनन
र खाऔँला चाकू, तिल, तरुल, खित्रो बसिकन ?

(९)

दसैं सङ्क्रान्तीका दिनहरु नजीकै पनि हुँदा
दुःखी आँखा हुन्थे टलपल अझै पीडित सदा
सधैं फुस्रो आटो, अनि छ अमिलो गुन्द्रुक सधैं
सधैं मैलोधैलो, तृषित नमिठो जीवन सधैं

(१०)

ठुली यौटी छोरी अलिकति बुझेकी पनि हुँदा
पिताजी सम्झन्थिन् स्मृति झलल बन्थे विगतका
तिनी सोझो बग्ने रजतजलको स्वच्छ झरना
थिइन् आमालाई मलम सहयोगी दिनदिन

(११)

छिमेकीका बच्चाहरु सकल राम्रा बनिकन
छनन् छन्छन् पैसा जब खलतिमा क्या गनिकन
जुता पड्काएका वरपर तिनैका दलिनमा
छिया बन्थ्यो छाती जलन अनि बढ्थ्यो हृदयमा

(१२)

मुमालाई जाडाभरि बनिदिने न्यानु मकल
हिलो मैलो बढ्दा पनि बनिदिने स्वच्छ कमल
कुनै छयाप्छन् तिन्मा कलुषविष दुर्गन्धित भल
सधैं तर्की हिँड्छिन् अतुल नयना सिक्त सलिल

(१३)

बडे आँखा काला लहर भरिला क़ेशहरुमा
मिलेंको हुर्केको वदन वनका भेकहरुमा
घँसेनी, गोठाल्नी घरिघरि नयाँ वेशहरुमा
तिनी कुद्ने गर्छिन् कठिन पहरा लेकहरुमा

(१४)

उठेका छातीमा गलित कपडा पैह्रन गरी
सकी कोरीबाटी किरणित उजेली परिसरि
टिपी डोको नाम्लो सरसर उदाएर हँसिया
उनी गर्छिन् पाखासँग अनि तरेलीसित कुरा

(१५)

कुनै आँखा तर्छन् घरिघरि गरी तुच्छ नखरा !
कुनै भाका भर्छन् मरिमरि बनी दुष्ट छिचरा
कुनै ढुक्ने गर्छन् रनवन तिनी एकल हुँदा
बरा ! भाग्ने गर्छिन् दिनदिन लुकी स्वच्छ कविता

(१६)

थियो यौटा विद्यालय नजिकमा ज्योतिमय भै
सबैलाई शिक्षा दिन समयमा तत्पर सधैँ
गरीबीले यस्ती कुसुम सुखमा बढ्न सकिनन्
अशिक्षाले गर्दा रनवन परिन् पढ्न सकिनन्

(१७)

सँगी बोक्छन् पाटी, हरबखत कापी र कलम
यिनी बोक्छिन् छातीभरि मुटुभरी पीर जलन
लताको आत्माले कलमहरुको देख्छ सपना
भिराला पाखामा तर समयले लेख्छ विपना

(१८)

गई चौतारीमा दिनहुँ रसिला नेत्रहरुमा
अँध्यारी भै हेर्छिन् चकचक भुराका लहरमा
भरिन्छन् आँखामा तरल सजला ती जलकण
'भयो मेला जाने समय' तर सुन्छिन् क्षणक्षण

(१९)

कुनै वेला भेट्थे पठित भनिने शिक्षक पनि
भनी हिँड्थे पढ्ने गर किन बसी पीडित तिमी ?
सबै जान्थे हाँस्दै अनि सजल आँखाहरु गरी
तिनी पानी बन्थिन् गहभरि र गालाभरि छरी

(२०)

त्यहीँ राम्रो यौटा पठित परको शिक्षक थियो
सधैँ मीठो बोल्थ्यो सबसँग मिलेको अति थियो
जता जाउन् माया, वचन मधुरा, मानपदक
निकै लिन्थ्यो न्यानो 'सर' सुखद बन्दै चहचह

(२१)

कुनै दिन्थे मीठो दहि अनि कुनै भट्ट रसिलो
कुनै खाजा दिन्थे भुटिकन मकै दूध गुलियो
अहा ! मिल्थ्यो श्रद्धा स्फटिक-छहरा निर्मल त्यहाँ
सधैं यस्तो आफ्नोपन त कसले दिन्छ र कहाँ !

(२२)

थियो विद्यार्थीको प्रियतम र श्रद्धेय सबल
घुमी हिँड्थ्यो एक्लै वरपर सबैका घरघर
युवा गर्थे त्यस्तै पठित हुनमा उच्च रहर
सबैलाई दिन्थ्यो अतिमधुर मुस्कान हरर

(२३)

सधैं नारीलाई सुपुजित भनी आदर दिने
कुरा मीठा गर्ने युवतिहरुको झन् मुटु लिने
सुशीला भेट्दामा अति प्रिय कुरा हुन्छ तिनको
थिइन् सोझी सोच्थिन् प्रणय मनमा गर्न रसिलो

(२४)

सुशीलामा हेर्थ्यो प्रतदिन उज्यालो छ मुहडा
सधैं मीठो बोली प्रतिदिन पहाडी वनछटा
कुरा गर्थे आँखा दिनदिन तिनै लेक-पहरा
सधैं डोका नाम्ला छनछन चुरा स्वच्छ छहरा

(२५)

सुशीलाले गर्म्छिन् दिनहुँ उसको आगमन त्यो
उनी सोच्छिन् पाऊँ मलम कसरी यो हृदयको ?
उता वास्ना डुल्थ्यो हनहन तताएर वदन
सुशीलामा हुन्थ्यो तर प्रणयकारी झननन

(२६)

सधैं आयो, गायो प्रणय, मन लायो अनि गयो,
सधैं खायो रायोसँग नुन, मकै, भट्ट रसिलो
सधैं लायो प्यारा नयन मनमा मोहनि छर्‍यो
सधैं छायो नौलो प्रणय अनि यौटा दिन भन्यो –

(२७)

'तिमी बेली, चम्पा, कुसुमहरु झैँ कोमल तिमी
तिमीमा क्वैलीका मधुर धुन छन् निर्मल तिमी
बनौली के मेरी प्रिय प्रणयकी जीवनसँगी ?
सुशीला सम्झन्छिन् प्रणयरसमा एकल छँदी

(२८)

आमाले पनि 'त्यो राम्रो मान्छे' भन्छिन् सधैं-सधैं
गाउँले सद्दनी गर्छन् उदाहरण ल्याउँदै

(२९)

उसमा बल्दथ्यो आगो, तिनमा रस डुल्दथ्यो
फूलले भमरालाई छातीभित्र सँगेल्दथ्यो

(३०)

नयाँ चोली पाए ऋृतु अनि लता, कुञ्ज, वनले
नयाँ लोली गाए पुलकित चरा झन् सुमनले
नयाँ ब्यौलीजस्तै प्रकृति अब गर्छिन् रमझम
बिते यस्तै हप्तादिन अनि नयाँ पक्ष, महिना

(३१)

कतै बग्ने गर्थ्यो मन मगमगाएर वनमा
कतै घन्कन्थे ती छनछन चुरा लेकहरुमा
कतै खल्बल् गर्थे श्रमिकसित डोका र हँसिया
सधैं देख्ने गर्छिन् नविन लहडी स्वप्न घँसिया

(३२)

कुनै वेला डुल्छिन् विहगपनमा गुन्गुन गरी
कुनै वेला उड्छिन् चपलतम स्वच्छन्द पुतली
कुनै बेला झर्छिन् रन र वनकी स्वच्छ झरना
कुनै वेला अड्छिन् सघन जल भै ताल दहमा

(३३)

शरद्को यो वेला कुसुमसँग जिस्कन्छ भमरा
नयाँ बोली बोल्दै खुसुखुसु गरी सुन्दर कुरा

लताले आफ्ना ती वदन कलिला अङ्गहरुमा
जवानी फैलाईन् नवयुवति झैं मन्द गतिमा
(३४)
कलीली बालाले लुकिछिपि पुनः देखिन पुगी
रमाएझैं खेल्छन् कुसुमसँग नौरङ्ग पुतली
अँधेरो वर्षाले त मलिन थिए चन्द्र नभमा
खुशीले हाँस्दै छन् अब शरद पाएर सँगमा
(३५)
हिजो कुर्लन्थे बादलहरु निकै उद्धुम गरी
'कहाँ छौ लौ आऊ समर गर छौ वीर त' भनी
गए, भागे, ऐले स्फटिकमणि झैं छयाङ्ग नभ भो
खुशीले हम्कन्छिन् मरुत रजनी प्वाँख चरिको
(३६)
निशा काली फालीकन अब उषा रक्तिम कली
यहाँ गर्छिन् 'मेरो भुवन सब' भन्दै ढलिमली
दिवा गर्छन् सेवा अब प्रणयमा मख्ख प्रणयी
पिई जान्छन् घुम्दै कुसुमरस मौरीहरु छली
(३७)
अँगालोमा बेर्छिन् तरुकन चुमी स्वप्निल लता
खुशी न्यानो पाई प्रणय-मदिराको पिइ नशा
लिँदै न्यानो माया अनि शिर उठाई वरिपरि
चियो गर्छिन् आफैं वरपर कुनै देख्छ कि भनी
(३८)
लताको त्यो माया प्रणयकन देखी लहसिई
दिई लोभी आँखा शिरउपर पारी अलि उठी
झुले धान्का बाला लहलह झनै स्वप्निल बनी
'प्रिये ! आऊ चाँडो, मन बहकियो लौ न नि' भनी
(३९)

सबै कालो फाली कचकच हिलो कल्पष झरी
सफा भै टल्कन्छन् जललहरका ताललहरी
सफा त्यो पानीमा हिमशिखरले हेर्छ वदन
'सबैभन्दा राम्रो म त छु नि' भनी गर्छ मनन

(४०)

जता हेऱ्यो यस्तै झुलमल र सौन्दर्य भुवन
रँगीलोमा देख्दा झट्पट उता शिक्षकमन
सुशीलाको काया झललझल सम्झी क्षणक्षण
लुकी हेर्ने गर्थ्यो रन, वन र सोच्थ्यो मनमन

(४१)

'मलाई ती हेर्छिन् घरिघरि तिखारेर नयन
जलाई झन् तर्छिन् कुतिकुति लगाएर वदन
त सक्ला को यस्तो समय मन थामेर रहन ?
हुने कै'ले होला निमन तनको तप्त जलन ?'

(४२)

सुशीलाले पाइन् प्रतिदिन नयाँ प्रेम उसको
गऱ्यो माया भन्ने मनमन छ विश्वास तिनको
छिटै उम्ल्यो माया महकसँग वास्ना चहक ली
उनी थाम्छिन् आफ्नो मन, प्रणय बढ्दै छ, नबुझी

(४३)

सधैं जान्छिन् रात्री, दिनहुँ मुहुडा फेर्दछ उषा
उजेलिन्छन् यस्तै दिनकिरण छामी सब दिशा
गरा घुम्छन् कै'ले, वन र पहरा हुन्छ कहिले
सुसेलिन्छन् खोली अनि त झरना, कुञ्ज कहिले

(४४)

यस्तै यौटा दिन त झुलका झल्मलाईरहेथे
भाका हाली चिरिबिरि चरा चिर्बिराईरहेथे
पङ्खा खोलीकन पवनले मन्द हम्कीरहेथे
माया गर्दै प्रणय-पुतली फुर्फुराईरहेथे

(४५)

कल्कल्पानी छङछङ छिटो न्वाइधोई गरेर
सूर्जेका ती किरणहरु ली माँगमा स्यूरिएर
बेहानीमै मुखभरि घसी सून-श्रृङ्गारलाई
साडी लाइन् तिरिमिरि हुने बैजनीको सजाई

(४६)

चोली फेरी रङबिरङका फूलबुट्टा जडेर
लाली लाई अनि अधरमा लालुपाते दलेर
फुर्किन् आफैँ शरद युवती अङ्गमा लच्किएर
हाँसे सूर्जे हलल नभमा हर्षले मस्किएर

(४७)

भेटेको त्यो दिन त छहरा छल्छलाईरहेथ्यो
झर्ना आफ्नो लहडिपनमा झर्झराईरहेथ्यो
धर्ती सारा प्रणयित बनी मग्मगाईरहेथ्यो
चुम्दै यौटा भ्रमर फुलमा प्रीति लाईरहेथ्यो

(४८)

ठट्टा गर्दै प्रणय सुखमा गीत गाएर पैले
जीवन्दायी रङबिरङका प्रीति लाएर पैले
बढ्दै जाँदा प्रणय तनको यौनआवेग पाई
सल्बल् गर्ने करहरुसँगै चञ्चला घुम्न आई

(४९)

भागे कैले दिनकर कता होश आएन आज
गाला जोड्दा अलिकति कतै लाज आएन आज
बित्दै जाँदा समय नभमा चन्द्रमा पो उदाए
हेरी तिन्ले नवरसिकमा शान गर्दै गिज्याए

(५०)

लाइन् टीका टिपिकन शशी खिस्स हाँस्यो निधार
बुट्टा पारी वरिपरि जडिन् तारिकाका हजार
चुल्ठो बाटी पछितिर कसिन् पश्चिमा बादलूको
रात्रीमा झन् शरदऋतुको हाँस्न थाल्यो मुहार

(५१)

धर्ती फेर्छिन् यसरि कपडा साँझकी लालिमाको
सन्ध्यासङ्गै किरणहरुका साथमा सिर्जनाको
धुन्धुन् गुन्गुन् चुनुनु छुनुछुन् कुत्कुती पो लगाई
गर्छिन् प्यारा रसमय कुरा कुन्नि केके सुनाई

(५२)

यो वेलामा प्रथम उसले श्वासले स्वाइ खाई
तिम्रो नै हूँ अब म त प्रिया ! वाक्यमाया फिँजाई
वास्ना पोख्यो प्रणय प्रियले स्वच्छ हो यो भनेर
छाडिन् लत्तो तन शिथिल भो झन् अँगालिन् बढेर

(५३)

गुन्गुन् गर्दै रसिक भमरा गुन्गुनाईरहेछ
आँखा तर्दै कुसुम सुखले मग्मगाईरहेछ
टाढा माथी बसिकन शशी हेर्छ आँखा लजाई
डाँडापाखा अटल पहरा आज बन्छन् सिपाही

(५४)

कल्कल् खोली झरर झरना गीत गाईरहेछन्
फर्फर् हावासँग फिरफिरे पात आईरहेछन्
चिर्बिर्चिर्बिर् चरिहरु नयाँ प्रीति लाईरहेछन्
चिम्चिम् ताराहरु सगरमा आज छाईरहेछन्

(५५)

टलक्टल्ल टल्टल् टिलिक्टिल्पिलाई
लगाएर टीका उजेली दगुर्छन्
बसी छानुमा ती गला गम्म पारी
परेवाहरू आज सङ्गीत घुर्छन्

(५६)

भरी पङ्खमा चङ्ख रम्ने पतङ्गा
नयाँ हम्कना वायुको श्वास छर्छन्
सिताराहरू हेर रङ्गाबिरङ्गा
चमक् चम्चमाई नयाँ नाच गर्छन्

(५७)

दुबोका टुँडा कुड्मला चल्मलाई
उठी चञ्चला दृष्टिले जून हेर्छन्
सुनौला बनी रश्मि आई सजाई
रङाएर धर्ती नयाँ रूप भर्छन्

(५८)

छछल्छल्ल छल्छल् गरी छल्छलाई
यता खोलिका खेल गर्दै दगुर्छन् ।
झझर्झर्र झर्झर् झनै वेग पाई
उता स्वच्छ झर्ना हिरामोति छर्छन्

(५९)

टिपी टप्प मोती लुकाएर हो कि ?
कुनै पातका झुन्ड ती मख्ख पर्छन्
मलाई ! मलाई ! मलाई ! मलाई !
कुनै पात मोती टिपी खेल गर्छन्

(६०)

लगाएर सेतो लुगा त्यो भुवा झैँ
छिटो उच्च थुम्का चढी अम्बु नानी
ल है हेर हाम्फाल्न सक्नेछु कत्ति !
भनी फुत्त झर्छिन् हलुङ्गी सयानी

(६१)

चुरा चम्किए चम्चमाएर चम्चम्
छनन्छन् छनन्छन् छनन्छन् छनन्छन्
उडे केश हावासँगै फर्फराई
छुँदै एक अर्को कुरा आज गर्छन्

(६२)

अँगालो कसी एकअर्का रमाए
झुरा पात चर्मर् गरी चर्मराए
अहंहं ....उहूँहूँ दुवै गुन्गुनाए
मुटूभित्रसम्मै पुगी कुत्कुत्याए

(६३)

निशामा नसामा नशा नाच गर्थे
तरूमा तरङ्गी लता सास भर्थे
सबै विश्व यी विश्वभित्रै दगुर्थे
सबै होश बेहोशमै होश भर्थे

(६४)

तुरुन्तै चटचाङ्टचाङ्ग आकाश चड्क्यो
तितिर्मिर्र तर्तर थर्केर दर्क्यो
जसै होश आयो जसै सोच फर्क्यो
ततर्तर तर्तर आँखा छचल्क्यो

(६५)

थियो नेत्रले नेत्रमा नेत्र गर्दै
रह्यो क्षेत्रले क्षेत्रमा क्षेत्र सुन्दै
डराइन्, हराइन् रसाइन्, सुसाइन्
बरा ! सुस्तरी नीरलाई खसाइन्
अँधेरा उजेला दिशा छम्छमाई
कठै ! फर्किइन् चालमा धङ्धडाई
अझै गाथमा त्यो रहचो झम्झमाई

(६६)

* * *

दोस्रो फूल

चमचमचम केही रातमा चम्चमाई
जब किरण शशीका जान थाले रमाई
विकट कटकटाई सुन्न थाले निशाले
मलिन–मलिन आँखा हेर्न थाले दिशाले

(१)

टपटपटप आँसू झार्दछन् चन्द्रमाले
प्रणयरसविना भै फूल ती वैलिहाले
मधुकर अब डुल्छन् बागमा छट्पटाई
तृषित कुसुम खोज्दै दुःखमा गुन्गुनाई

(२)

अब नविन तुसारो राज्य गर्थ्यो रमाई
अहरनिश कुहीरो फैलियो धङ्धङाई
कलकलकल खोली फेरि जाडो बढेकी
मनहर हुन छाडे लेक झर्ना तरेली

(३)

तर पनि मन खोली हाँस्छ अङ्गेरि फूल
रसबस भमराले गर्छ हालेर झूल
नव दिनकर न्यानो छर्दछन् रश्मिलाई
प्रकृति मगन हुन्छिन् आँतमा घाम पाई

(४)

तर मनुजसहेली वासना साथमा ली
भ्रमरसँग हुँदामा फक्रिइन् कोपिला ती
धडकनसँग तिन्को बढ्न थालेछ प्रीत
रजकणसँग आयो गर्भमा एक बीज

(५)

तर रनवन मात्रै हैन मानीस बस्छन्
चरिकलकरव मात्रै छैन सङ्कष्ट बढ्छन्
जति रँगहरु घोले, खेल त्यो मात्र छैन
अब कुन गति होला त्रास कम्ती हुँदैन

(६)

तर पनि भमराको पूर्ण विश्वास पाई
शिशिर पनि तताई खेलमा झन् रमाई
जति समय मिलोस् ती प्रेमिका प्रेमलाई
छरबर छरिदिन्छिन् भोलिको आस पाई

(७)

तनमन दिइहालिन् फूलले प्रेमलाई
तर शिशिर त काँडा छर्छ थाहै नपाई
'सुन चिठि घरको यो आज आयो, म जान्छु'
भनिकन प्रिय बोल्यो– "पीर के ? आउनेछु"

(८)

गहहरु भरिएका छल्छलाएर मोती
मनभरि डर छायो क्यै हुने फेरि हो कि
धडकन बढिहाल्यो सास तातेर आयो
किन लिनु यति चिन्ता ? प्रेमले सुम्सुम्यायो

(९)

'कति दिन छ र मेरो बस्नु ? चाँडै फिरूँला
सुन प्रिय म त चाँडै फर्किआई मिलूँला'
तर कुसुम रसाइन् सुँक्सुँकाएर ज्यादा
अनि प्रियसँग खोलिन् राज, बढ्दै छ बाधा

(१०)

म त सुखसँग दिन्थेँ वासना प्रेम पाई
पछि कुन गति होला केहि चिन्ता नलाई
दिनदिन प्रिय ! तिम्रो काखमा चल्मलाई
अब उदर छ भारी, हुन्छ चिन्ता मलाई,

(११)

टकटक छक पर्दै फूलको रङ्ग हेऱ्यो
मनमन डर मानी रूपको रङ्ग फेऱ्यो
अधर तर हँसाई फेरि मुस्कान छाडचो
तब सुन अब मेरी हौ भन्यो दङ्ग पाऱ्यो

(१२)

समय यदि मिले ता बस्दथेँ विश्व छाडी
दिनदिन गुडुलिन्थेँ गाथ तिम्रो मुसारी
घरिघरि म त प्यूँथेँ प्रेमको पूर्ण प्याली
रजनिसँग म भन्थेँ प्रेमिका हे उज्याली

(१३)

तर प्रिय ! प्रिय मात्रै हुन्न मान्छे सदैव
रसबस लिन मात्रै हुन्न माया सदैव
सुखदुःख सब साथी जिन्दगीका तमाम
कहिँ दिन कहिँ रात्री जिन्दगीको छ नाम

(१४)

भन किन यति चाँडै नेत्रमा आँसु ल्यायौ ?
किन मप्रति तिमीले उच्च विश्वास त्याग्यौ ?
ल भन मप्रति तिम्रो पूर्ण विश्वास छैन ?
पुछ नयन विदा द्यौ, फर्कुला भूट हैन

(१५)

गह भरिकन आए छल्छलाएर फेरि
तपतप गुडिँदै ती लाल गाला पखाली
घरि टलपल बन्दै भिज्दछन् ती परेली
अति दुःखकर लागे आज पाखा-पखेरी

(१६)

गयो त्यो जसै झट्ट ढुङ्गा भयो मन्
र रित्तो भयो आँत रित्तो भयो धन्
भयो शून्य गाउँ र खल्लो भयो वन्
पराईहरूझैँ बने गाउँका जन्

(१७)

सबैसङ्ग हाँस्छिन् अमीलो छ हास्य
सबैसङ्ग बस्छिन् बिरानो छ बास
निकै बात गर्छिन् उदासिन्छ बोली
सधैँ काम गर्छिन् निराशा सँगेली

(१८)

सधैँ सूर्य ताक्छिन् अँधेरो छ सूर्य
सधैँ डाक डाक्छिन् बहीरो छ सूर्य
सधैँ रात काट्छिन् छ मैलो बिहान
सधैँ गाँस छाड्छिन् नमीठो छ खाना

(१९)

नयाँ सूर्य आए, नयाँ रात आए,
नयाँ पक्ष आए, नयाँ मास आए
बिऊ गर्भको रूप पाएर आयो
कुनै सूर्य आएन झन् रात आयो

(२०)

सुशीलाको छाती तहतह बगेको छ पहिरो
बढ्यो जाडो त्यस्तै अब बढिरहेको छ कुहिरो
गरेको आफैँले प्रणय त मुटूको घन भयो
जता हेर्छिन् खाली अब प्रणय काँडावन भयो

(२१)

भिनो आशा लिन्छिन् तर बढि निराशा छ मनमा
ठुला साना थोप्ला हरघडि घुमेका नयनमा
भनेकी थेँ मैले दुइ जिउ भएकी छु म भनी
तिमी फर्केनौ हे ! किन धुरुरु पारेर यसरी !

(२२)

उडचो तिन्को लाली सब अधरको तप्त छ मन
बनेका छन् गाली अब त पहिलेका रनवन
थियो जाडो त्यस्मा अझ छरर बर्स्यो घनघटा
तुसारो छारोले धरणि हुन थालिन् हतछटा

(२३)

दुखेको यो घाऊ किन मलम छर्दैन समय ?
मरे भन् के होला नविन बिरुवाको सुख धन
उडचो फुस्रो छारो जहिँतहिँ बनिन् त्रस्त धरणी
कडा डाहा बन्छन् विगत सब आवेश- करणी

(२४)

लुकाइन् भुक्याइन् अनि भइरहिन् ती रजस्वला
सधैँ लुक्थ्यो कैले ? उदर तिनको बन्छ तबला
गलिन् ती भन् वैलिन् क्रमश बिउ बन्दैछ नि मुना
मिल्यो सास्ती चर्को, हृदय अझ दुख्दै छ टनन

(२५)

स्वयंले चाहेको मुटु दुखद पीलो अब भयो
कहाँ जाने ? गर्ने अब कुन कुरा ? छट्पट बढचो
ठूलो फन्दा पर्दाबिच लुकिरहेको छ तगडा
लुकोस् भन्ने सोची उदरभरि बेरेर कपडा

(२६)

नयाँ आयो यस्तै मधुर ऋतु वासन्ति-मलय
टुँडा मौलाएका गजबसँग खेलेर चपल
सुकीला खोला छन् जल सलल बग्छन् कलकल
चरा चुच्चा जोड्छन् वरिपरि गरी भन् खलबल

(२७)

सुगा, मैना, लाँचे चिरिरि गरि उड्छन् रनवन
बुढा भुत्रेभ्काम्रे तरु पनि भरीला दिनदिन
जुरेलीका भाका वरिपरि सुनिन्छन् घरिघरि
भँगेराले गर्छन् रमभ्कम, रडाको, ढलिमली

(२८)

दुबोले मायाका करहरु फिँजायो वरिपरि
फटचाङ्ग्रा फड्कन्छन् फटफट गरी क्या चुरिफुरि
कु हू कू हू गर्छे मगन वनकी कोइलि चरी
कतै रुन्छे दुख्दै प्रिय विरहमा भ्कैं घुमिघुमी

(२९)

यता बढ्दै आयो उदर अब ढाकिन्न त्यसरी
छिमेकीका शङ्कास्पद खुसुसु हुन्छन् अब बढी
बुढी आमा रुन्छिन् गहहरु रसाएर सघन
अँधेरा भै आए वरपर छिमेकी घर वन

(३०)

बुढी आमा भन्छिन् चररचर चर्कन्छ नि मन
गरिस् छोरी कालो वदन, कसरी थामिनु मन
डगाइस् हे छोरी ! किन यसरि अस्तित्व नबुझी ?
रुवाइस् यो आत्मा किन त कपटी-सङ्गत गरी ?

(३१)

कडा ज्यालादारी गरिकन भुरा पालन गरी
अनेकौंका मेला तपित पसिनाका जल छरी
गुजारा जो चल्थ्यो रहिसहि थियो इज्जत यही
तँ यौटीले गर्दा अब त सकियो बाँच्नु कसरी ?

(३२)

आँसुलाई पुछी आफ्नै फरियाले अतीतको
खोलिन् रहस्यभ्कैं केही तर अस्पष्ट ज्ञानको

(३३)

दु:खेको पीलो भैँ हृदय सुशिलाको पनि थियो
रुने ती आमाका गहहरु निहारी अझ दुख्यो
छचल्के पीडामा तरल भल उम्लेर गहमा
भनिन् आमालाई "बुझिनँ पहिले ज्ञान नहुँदा
(३४)
गरूँ के पो आमा ? हजुर पनि मायालु हुनुभो
छ त्यो आफ्नैजस्तो भनिकन खुदै ठाउँ दिनुभो
थियो राम्रो प्यारो मन अनि उसैमा लहसियो
थियो सिम्सिम् पानी वदन त्यसमा गै भिजिदियो
(३५)
कलीली थेँ हुन्थेँ नरम त्यसमा मैन म थिएँ
म पग्लेँ हे आमा ! तपतप हुँदै पूर्ण गलिएँ
म बाँच्नू भो व्यर्थै हजुरकन झन् भार छु भने
रहूँ कस्का निम्ती गलित यसले बन्नु छ भने"
(३६)
कडा भै टोकिन् हा ! अधर रगताम्मे हुन पुग्यो
बुढीका छातीमा तरल ममता पग्लन पुग्यो
म मर्छु हे आमा ! विष दिनुहवस् तप्तप रुँदै
सुशीलाका आँखा अविरल बगेका गह हुँदै
(३७)
बगेका ती झर्नासरि नयनका नीर छहरा
बनेका ती आँखा अरुणफल जस्तै जलनका
भयो मर्ने हाला किन नियतिले फेर्छ रिस यो
समाऊ लौ आमा ! खुकुरिकन मान्दैन मन यो
(३८)
फुटचो हिक्का, ठोसिन् गलित फरिया फेरि मुखमा
छुटचो लत्तो, पोखिन् तरर गहका मूल भलमा
दुख्यो छाती, ठोकिन् डमडम उठाएर मुडकी
ढलिन् गोडा काम्दा थररर हुँदै आँत लुडकी
(३९)

जननीमनमा ममता भरियो
अपमान भुलेर दयार्द्र भयो
रस सल्बल गर्छ अपार छिटो
दुखसाथ सुताकन हात लियो

(४०)

'भयो जे भो भैगो' अब किन रुनू ? हिम्मत लिनू
बिरूवा हुर्काए मलम छ उसैमा बहलिनू
नरो यस्तै तेरो करिम धमिलो, भाग्य फितलो
तँ मर्दामा मर्ला उदरबिचको बाल बतिलो

(४१)

के गरूँ आज यो मन्को जमेको हिउँ पग्लियो
आँखाबाट हुँदै गाला छुँदै सारा उँडेलियो

(४२)

हो यी पुस्तकका पाना पढ्नलाई म जान्दिनँ
तर यो जिन्दगीलाई पढें, भोगें निकै दिन

(४३)

तेरा बाबा बितेका ती दिनमा तन्दुरुस्त थे
के भयो कुन्नि एक्कासि धर्ती छाडी बिदा भए

(४४)

भन्दथे जिन्दगी सानी ! जे सुन्छौं त्यत्ति होइन
जे देख्छौं अथवा भोग्छौं भाग्यको शक्ति होइन

(४५)

हामी पो ठान्दछौं पूर्वजन्मको फल हो भनी
पढ्नेले जान्दछन् होला छलछाम कुरा भनी

(४६)

दिनलाई चढाएर पसिनाजल निर्मल
जत्ति पूजा गर्यौं उत्ति जिन्दगी ओर्लियो तल

(४७)

धर्मले छलियौँ कै'ले कर्मले ठगियौँ पनि
कहिले भाग्यले छल्थ्यो ठूलो आँधी हुरी बनी
(४८)
यौटा विध्वंसकारीको नेतालाई हँसाउन
हाम्रा आँतहरू बन्छन् बलिदान हजारन
(४९)
माटाको जगमा हामी काँडाको बिस्तरासँग
फुलेका छौँ सधैँ झर्दै वैलिँदै सबका सब
(५०)
फूलझैँ फुल्दछौँ हामी जनता अरूका हुन
सुँघ्दछन् अरूले आई चुस्दछन् दिनका दिन
(५१)
नबोल्ने मूर्तिका निम्ति चढाइन्छौँ कुनै दिन
नगर्ने दुष्टको निम्ति ठेला बन्छौँ दिनैदिन
(५२)
सुँघेनन् धरती जल्ले तिन्को बैठकमा सधैँ
काटिएर उभ्याइन्छौँ सजाइन्छौँ दुखी हुँदै
(५३)
मैले क्यै नपढी देखेभोगेको छु कुरा सुन
दुष्टता फैलिएका छन् यतै काहीँ लुकीकन
(५४)
मकैका फेदमा खुम्लेकीरोझैँ लुक्दछन् कतै
धानका फाँटमा लाग्ने ठिमाहाहरू झैँ कतै
(५५)
नजानेरै चुक्यौँ हामी नजानेरै दुख्यौँ सबै
नजानेरै झुक्यौँ सारो नजानेरै सुक्यौँ सबै
(५६)
अधिकार नबुझ्ने हौँ कर्मका उच्च सूचक
नजानेरै भयौँ हामी धर्मका उच्च पूजक
(५७)

वैलिए श्रमका फूल तेरा बाबा यसै गरी
मैलिएँ म पनि मेरो छातीभित्र चिमोटिई

(५८)

यो रित्तो सिउँदो देख्छेस् ? कालो अङ्गार भैदियो
राम्रो आँखा नदेख्दैमा आँखाको ज्योति मैलियो'

(५९)

आँसु पुछ्दै भनिन् 'छोरी ! देखिस् कस्तो छ जिन्दगी ?
त्यस्पछि वैरिँदै आए छिमेकीका बथान यी

(६०)

किन भो कसरी यो भो ? बुझायो कसले कब ?
औपचारिकता यौटा निभायो जगले तब

(६१)

सुँक्सुकाए कुनै आई चेतना पनि हैन त्यो
बहाए गहमा धारा वेदना पनि हैन त्यो

(६२)

अन्यायका विरोधी थे मृत्युमा छ रहस्य कि ?
मरे के कसरी खोजी गर्न पो को सऱ्यो अघि ?

(६३)

पढेकी छैनँ क्यै मैले तथापि गहिरा कुरा
समाजभित्रका केही बुझ्दै छु दुष्टका कुरा

(६४)

दुष्ट दुष्कर्मको केही दुरिच्छामेल पो पऱ्यो ?
मर्नमा भाग्यको भन्दा दुष्टको खेल पो पऱ्यो ?

(६५)

रोग बढ्छन् भने त्यस्का होलान् कारण निश्चयै
शोक बढ्छन् भने त्यस्तो पार्ने होलान् यतै कतै

(६६)

को हुन् ती नचिनी मैले तुवाँलोभित्र नै सहें
सच्चाइ नबुझी बाँच्ने यो सारा जिन्दगी भएँ
(६७)
यो मेरो जिन्दगी यौटा जीवन्त इतिहास हो
छातीमा छट्पटी राख्ने वेदनाको किताब हो
(६८)
यौटा पुस्तक निर्जीव बोल्न सक्छ र के ? तर
त्यसका भित्रका पाना बोल्दछन् सबका सब
(६९)
पल्टाएर सबै पाना पढ्न सक्ने भए कुनै
जिन्दगी किन हो यस्तो ? जानिन्थ्यो कि कुनै कुनै
(७०)
यस्तो अज्ञानमा बाँच्दा लाग्छ घाँटी अँठचाउँदै
गलहत्याउँदै कोही छ रहस्य लुकाउँदै
(७१)
त्यो गाँठो कसरी फुक्ला ? केही ज्ञान नपाउँदै
फेरि गाँठो पऱ्यो छोरी ! मुटुमा शूल ल्याउँदै'
(७२)
यसरी तिनको पीडा छल्कियो आँसुमा रुझी
रोएको ममता देखी सुशीला बन्दछिन् दुःखी
(७३)
अँधेरोमै सम्झिन् विगत सुशिलाले पनि रुँदै
मुजा पारी चोली मुखभरि ठुँसी विह्वल हुँदै
बिताए, बित्दै छन् दिनहरु झनै निष्ठुर बनी
ऋतू फिर्दै जान्छन् नियम गरुँ लौ पालन भनी
(७४)

बढ्यो गर्मी,आए चिटचिट पसीना खलखल
बढ्यो डाहा,चर्के दिनहरु त ताता हलहल

सुशीलाको काया दिनहुँ फिजिँदै पुष्ट पनि भो
चल्यो बच्चा खेल्दै उदर अझ भारी तन भयो

(७५)

भयो हल्लाखल्ला वरपर सबैका घरघर
फुँडी ! बेस्से ! पापी ! कलुष ! बजिनी ! भन्दछ जग
झनै बर्सेका छन् वचन असिनाझैँ वररर
नराम्रो चर्चा यो क्रमसित चलेको घरघर

(७६)

यता बढ्छन् तीखा वचनहरु प्रत्येक दिनमा
उता छोटो बन्दै समय तर थाल्यो नजिकिन
रडाको वर्षाको अब त गडडचाम् डुम्डुम हुँदै
हिलोमैलो पार्दै पृथिविभरि छायो धमिलिँदै

(७७)

कतै पैह्रा लड्छन् प्रलयगतिका खेलहरु छन्
कतै बाढीका ताण्डवप्रभृतिका भेलहरु छन्
त्यही बाढीपैह्रोसरि उदर उर्लन्छ तिनको
न बाँच्नू मर्नूको छटपट बढेको छ मनको

(७८)

आयो आयो चटट चटटचाङ् गर्जिँदै मेघ आयो
पीडा छायो र दश महिना कालले गुन्गुनायो
भित्रै यौटा नविन युगको हेर्छ आत्मा बढेर
बन्दै बाढी तर नयनमा झर्छ हिक्का फुटेर

(७९)

बिन्ती गर्छिन् समयसित हे ! रोकियू,रोकिँदैनन्
भन्छिन् सूर्जे अब सगरमा छेकियू ! छेकिँदैनन्
टाढा टाढा निरस उलुलू उल्लु यौटा करायो
रोयो हू हू कुकुर, वनमा स्यालले गीत गायो

(८०)

बढ्थ्यो चस्का चसचस यता दुख्दथ्यो उत्ति छाती
चढ्थ्यो खित्का खितितिति कतै हाँस्दछन् गाउँ साथी
सन्की कोही नयन ननिका तर्दथे भाँति-भाँति
भस्कीभस्की दु:ख र पिरले उम्लियो आँत च्याती

(८१)

कुनामा पस्रेकी त्रसित युवती दग्ध मनकी
गलेकी वैलेकी दु:खित वनकी तप्त मनकी
तरल् सल्बल् सल्बल् अब उदर गर्दा चुलबुल
लजाइन् राती भै फरर अनि लज्जावति फुल

(८२)

यता चल्थ्यो नानी प्रणय उसकै हो उदरको
उता झल्का आयो प्रणयपथ माया विगतको
घृणा उम्ल्यो बम्क्यो हलल अनि घाँटीतक पुग्यो
झनै तम्क्यो तम्तम् हुलुलुलु बनी छादिन पुग्यो

(८३)

च्वास्स घोच्यो च्वाम्म रोप्यो दर्द आयो बढेर
पट्ट फुट्दै तप्त बन्दै रक्त आयो बहेर
आँसुसङ्गै रक्तसङ्गै जीव यौटा उदायो
पीरसङ्गै नीरसङ्गै भूमिमा चुम्न आयो

(८४)

झट्ट यौटा ओठ हाँस्यो फेरि अन्धेर छायो
फेरि माया सल्बलायो फेरि आतङ्क छायो
बाबु मेरो ! बाबु मेरो ! प्रेम त्यो फुस्फुसायो
प्रेमपीडा फेरि पाई फेरि आँखा रसायो

(८५)

लुकाई के लुक्थ्यो खबर ? दुगुऱ्यो गाउँघरमा
पुग्यो आफन्तीका घरघर बटुल्दै लहरमा
धरा खस्कन्छिन् ती फसफस हुँदै पाउतलकी
अझै बढ्दै खस्छन् बरर गहका नेत्रभल ती

(८६)

सबै दुर्दुर् गर्छन् बरु कुकुर राख्छन् नजिकमा
सबै छिः छिः गर्छन् वचन पनि दुर्गन्धित त्यहाँ
फुँडी ! पात्तर्नी यो हरिप !कुटिला !कोढ !कलुषी !
दिँदै गाली उस्तै मनभरि घृणा लाख पहिरी

(८७)

मरे सारा आशा हृदय पनि झन् शून्य हुन गो
अनेकौं स्वप्नाको सुमुधुर गला पूर्ण सुकियो
सधैं गाली सुन्दै घृणित किन पो बाँच्नु यसरी ?
चल्यो आँधी-बेरी हृदयभरि तूफान दगुरी

(८८)

मरे राम्रो होला बरु अब डुबी ताल-दहमा
पहाडी थुम्काका भिरतिर गई हुत्तिइकन
कसैलाई केही पनि नभनि सङ्केत नदिई
बिताइन् त्यो कालो दिन त निशि पर्खी दुःख पिई

(८९)

भित्र छ आगो, बाहिर वर्षा, रात्री कालो अन्धेरो
करमा बच्चा, मुटुमा बर्छा, दिलमा दर्द छ एक्कोरो
मनमन ढोगिन् आमालाई मद्धेरात्री जब आइन्
छाती बल्भ्यो,आँखा छल्के,धडधड गर्दै वन लागिन्

(९०)

गरिन् लामो यात्रा कठिनपथमा बालक लिई
बरा ! च्याँच्याँ गर्थ्यो थुमथुम गरी बाहुलिभरि
पसीनाले छोप्यो तरर जल आयो पनि तर
दया गर्ने छर्ने मलम सुशिलामा कुन छ र ?

(९१)

पसीना, पानीले लतपत नदीछेउ पुगिछन्
'नजा आफ्नो हत्या' नगर तिनले झट्ट सुनिछन्
परन्तु यो तिन्को डर र भ्रमको कारण थियो
ठुलो डाँको छाडी तर अझ रुँदै बालक थियो

(९२

दया जाग्यो लाग्यो सरस हुन छाती तर बढी
बस्यो माया, जागे तरल भरिएका स्तन पनि
समातिन् छोरो त्यो घरिघरि मुसारेर वदन
भनिन् बाबा ! बाबा ! अनि सुँकसुँकाइन् क्षणक्षण

(९३)

यता भन्थ्यो यौटा मन नमर यो कर्म नगर
उता घुर्थ्यो कालो जगत तब आँखा बरबर
जसै बच्चा रुन्थ्यो हृदय बदलिन्थ्यो रसमय
जसै गाउँ हुन्थ्यो नजिक अनि उर्लन्छ सकस

(९४)

चुमिन् बच्चालाई त्यसपछि पुछिन् अश्रुजल त्यो
र सम्झिन् पापीको झलल मुख गर्दा प्रणयको
सरापिन् ती काँपिन् तर तल नदी छल्छलछल
म आएँ है आमा ! मकन लिनु सम्झेर अबुझ

(९५)

म मर्ने हूँ मर्छु किन अबुझ यो बालक मरोस् ?
दया पाऊँ बाँचोस् बरु प्रिय दयाको शरण होस्
भनिन् टाँसिन्, छोपिन् उसकन निकै बेर उरमा
र बाटैमा राखिन् तलतिर हिँडिन् ती बिसुरमा

(९६)

कुल्र्यो बादल मैमत्ता हात्तीचिङ्घाडझैं बनी
बर्से झन् असिना-झुत्ता लाखौं तीर झरेसरि

(९७)

चम्केको बिजुलीजस्तै चम्क्यो चम्चम् गरी मुख
मान्छे आफैँ दु:खी बन्छन् आफैं निम्त्याउँछन् दुख

(९८)

कामे थर्र गरी ओठ मात्र यौटा तरेलिमा
अड्यो तप्प गरी थोपा मात्र यौटा परेलिमा

(९९)

न थियो अब आँखामा आँसुको एउटै कण
न थियो अब त्यो मन्मा द्वन्द्वको एउटै क्षण

(१००)

हेरें मानवता सारा मान्छे त्यागेर पो बढिन्
यौटा थुम्का समातेर नदीमास्तिर पो चढिन्

(१०१)

महान् काली गङ्गा छङछङ बगेकी कलकल
तिनैमा फाल्हालिन् सललल बगेकी तलतल
रुँदै ती गङ्गाले वदन तिनको पावन गरिन्
छुँदै बच्चालाई पनि धरणिले आश्रय दिइन्

(१०१)

थोपाथोपा हुँदै पानी छाँटियो मेघको घटा
जिन्दगी अल्पियो यौटा यौटा बन्दछ आँकुरा

(१०२)

यो धूलो फूल पो होला ? क्रान्तिकारी चिरागको
यो माटो उर्वरा पार्ने मिर्मिरे प्रातकालको

(१०३)

* **

तेस्रो फूल

बिहान आई रविले चियाए
र पूर्वमा रङ्ग नवीन आए
धुजा हुँदै ज्योति पुनः हरायो
आकाशमा बादल फेरि छायो

(१)

घरी बन्छ आकाश झल्मल् उजेलो
घरी बन्छ कालो घटा सिर्जनाको
मिली शब्दका शब्द गर्जेर लाम
लगाई हिँडे बादलूका तमाम

(२)

कुनै दैत्यका दुष्टका दूत जस्ता
लडाकूहरूको ठूलो हूल जस्ता
घुमाएर सेना, रचाएर व्यूह
अभीमन्यु मार्ने महाकूरजस्ता

(३)

उठाएर भाला तिख्याएर धार
गरी वार लड्ने कुरामा तयार
दिशा चार घेरी घटाले अँधेरी
गरे वाणवर्षा कडा प्रात फेरि

(४)

दरङ्रङ्ग हुन्थ्यो उता बाबु रुन्थ्यो
दया क्यै नराखेर निष्ठूर हुन्थ्यो
छ लौ आज मौका भनी शक्तिशाली
हुरी मन्परी झन् गरी नाचिदिन्थ्यो

(५)

थियो प्राण केही र क्यै क्यै करायो
र आकाशमा गिद्ध उड्दै रमायो
कठै ! सास चढ्दै गयो लर्बरायो
कतै स्याल हाँ हाँ नराम्रो करायो

(६)

चरा चिर्बिराए छ त्यै हिक्क-हिक्क
हवा सल्बलाए छ झन् हिक्क-हिक्क
बिहानी पला यो सुनी हिक्क-हिक्क
धरा नेत्र पुछ्दै बनिन् दिक्क-दिक्क

(७)

थियो मात्र घिड्घड् गलामा सखर्खर्
थियो भाग्यको खेल तीतो र बर्बर्
थियो मात्र आँ आँ र आवाज घ्यार्घ्यार्
रुँदामा सुनिन्थ्यो ध्वनी मात्र च्यार्च्यार्

(८)

न ता गर्भमा व्यूहको ज्ञान पायो
न क्वै कृष्णको हातले सुम्सुम्यायो
नयाँ विश्वको त्यो नयाँ विश्व आयो
कठै ! आज मर्ने गरी छट्पटायो

(९)

बचाऊ कुनै हे दयावान ! आज
बरा ! भीख माग्दै थियो विश्वमाझ
गऱ्यो के बिगो दुःख पायो नि आज !
कसैलाई लाग्दैन के रत्ति लाज ?

(१०)

अरू सुत्दछन् मस्त, छन् बिस्तारामा
कठै ! रुन्छ बच्चा अकेला कुनामा
कुनै छैन एकान्तमा आज साथी
झरी रुन्छ फुट्ने गरी बालछाती

(११)

कडा शासनामा थियो सास बाँकी
दिए सूर्यले रश्मिका स्वर्णझाँकी
उषा लाज मानी बनिन् फेरि राती
खुलिन् सुस्त च्यातेर त्यो मेघछाती

(१२)

फुटी हूल ती मेघका खुल्न थाले
हटाएर वर्षा दिशा खुल्न थाले
बनी लाल रोटी रवी उठ्न थाले
फिँजाएर लाली धरामा खसाले

(१३)

अनेकौं दिशामा घुमाएर आँखा
अह्राई चरीमा भनी हाल्न हाँक
हजारौं उठाएर फैलाइ हात
रमाए सबैको मुसारेर गाथ

(१४)

झिकी रक्त आफ्नो छरी विश्वमाझ
रँगाएर सारा धरालाई आज
बनाएर सध्वा सबै विश्वलाई
भने कुन्नि के के असाध्यै रमाई

(१५)

कि सिन्दूर छर्दै हटाई कुरात
सुगन्धी छटाभित्र भर्दै पराग
गुलाफी उषाका पछी लट्ठ पर्दै
उदाए हुनन् ती बडो मख्ख पर्दै

(१६)

कवी हुन्छ भोको सधैं सिर्जनाको
लिई राख्छ पोको तिनै तिर्सनाको
म भोको थिएँ स्याउझैं सूर्य पाक्यो
चुह्यो ऱ्याल खाने बन्यो कल्पना पो

(१७)

अनी सूर्यलाई बलैले समाएँ
जसै कल्पनामा म खाँदै रमाएँ
तुरुन्तै गयो ध्यान गोडा कमाएँ
सखर्खर् सुनी झस्किएँ चाल पाएँ

(१८)

कलीलो मुना त्यो थियो कल्पिएको
रवीका किरण्ले सुनौलो भएको
थिए पक्कका हात, राता कपोल
थियो कष्टले चिर्रिएको अघोर

(१९)

छिटै छाती खोली गगन पनि हाँस्यो हललल
भनिन् आफ्नो पीडा अनि बह नदी छङ्छङ तल
चुलीएको पीलोसरह दुःखमा वायु सरर
बरा ! रुन्थ्यो बच्चा घरिघरि सखर्खर् त्यहिँ पर

(२०)

उज्यालो भो डोकाहरू भिर र पाखातिर हिँडे
खसाल्दै छन् थोपा तपतप गरी पातहरुले
गुँडुल्किन्छन् नाम्लाहरु युवतिका कम्मरतिर
उठेका छन् चुच्चा प्रखर हँसियाका त्यहिँनिर

(२१)

पहाडी खुर्पेटा खटखट बजे दङ्ग सब भै
पटूका बेरिन्छन् सहज तिनका सङ्गति हुँदै
घुँडा ढाक्दै केही गलित फरिया छन् युवतिका
सँगी हाँस्छन्, रम्छन् कचकच गरी हर्दम कुरा
(२२)

बिहानी वेला भो अनि पसल खुल्छन् बगरका
भुराभारी सारा नयन मिचि उठ्छन् मगरका
थकाल्नीका आँखाभरि अलिक देखिन्छ कचरा
उठे आफ्नो यात्रा गरुँ अब भनी शान्त बटुवा
(२३)

परेवाका जोडीहरुसहितको मन्दिर थियो
पुजारीको घण्टी टननन बज्यो शङ्ख गुँजियो
त्यहीँ बाटैमा त्यो त्रसित बिचरा बालक थियो
मुखुन्डो द्यौताको शरण नभई शालिक थियो
(२४)

छ त्यो द्यौता अन्धो कि त छ नर विश्वास फितलो ?
थियो त्यस्को गल्ती कुन ? र किन यो हालत भयो ?
कसैका आँसूमा जगत किन हाँस्दै छ हलल ?
कसैको हाँसोमा दु:खितहरुका आँसु बरर
(२५)

बिहानी यो वेला सरररर हवा लागिरहँदा
उता थर्क्यो चर्क्यो पृथ्वी कलिलो बालक रुँदा
त्यही बाटो यौटा पछिपछि थियो मानिस कुनै
थियो त्यो टाढाको नर र धनको लुब्ध बहुतै
(२६)

थियो दामी नामी तर दुखित सन्तान नहुँदा
थिइन् राम्री पत्नी तर दुखित त्यै पुत्र नहुँदा
मिलेको यो बच्चा मलिन कपडाको लपटमा
गरी घ्यार्घ्यार् स्याँस्याँ छटपट गरेको नजिकमा
(२७)

गम्यो, सोच्यो, हेऱ्यो वरपर, लियो फेरि करमा
उठायो बिस्तारै अलि डर थियो भित्र मनमा
हिँड्यो आफ्नो बाटो थुमथुम मुसारेर शिशुमा
पुग्यो चाँडो-चाँडो नअडिकन लम्केर घरमा

(२८)

कुनै बच्चा ल्याई मुसुमुसु निकै हाँस्दछ पति
अनौठोझैं हेर्छिन् टकटक गरी पत्नि उसकी
मिल्यो बाटोमा यो निठुर तर आमा छ यसकी
थियो मर्लाजस्तो झटपट लिएँ अड्न नसकी

(२९)

तिमी के भन्छयौ लौ लिइकन भरौं कोख बरु यो
भयो हामीलाई अब दुखित यो होस् न जसको
टुहूराको हौंला शरण सुख हाम्रो पनि भयो
सुधाको आत्माले पनि खुशि हुँदै सम्मति दियो

(३०)

मिल्यो माली हाँस्यो कमल अब साँच्चै छ कमल
अँधेरो त्यो मन्को गगन पनि हाँस्यो झलमल
घुमौरे का्ला भै शिरभरि उगे केशहरु ती
बनेका छन् काला नयन तिनमा दी सुख अति

(३१)

भनी आम्मा ! बाब्बा ! सरल उसको आनन खुल्यो
कतै पेटी चढ्दै टुकुटुकु कतै आँगन डुल्यो
पशूले झैं टेकी दुइ कर र गोडा दुइकन
कतै गर्थ्यो एक्लै चरिसँग कुरा क्यै गनगन

(३२)

घरी जिस्कन्थ्यो त्यो चपल गमलाका फुलसँग
चरी देख्दा गर्थ्यो उसकन समात्ने करबल
कुदी आः आः भन्थ्यो टुकुटुकु बढाएर रहर
नसक्दामा रुन्थ्यो वरपर बजारीकन कर

(३३)

हटे ती औँसीका दिनहरु सबै शुक्ल दिन भै
बने तीखा काँडाहरु मखमली फूल सहजै
खुल्यो तोते बोली चिरिरिरि चरी बोल्छ जसरी
बन्यो राम्रो गोरो कमल नभको चन्द्र जसरी

(३४)

गगनमा हँसिला शशि हाँस्दछन्
कमलका मनमा सुख नाच्दछन्
र कलिला भरिला करले झट-
पट उठेर म खेल्दछु भन्दछ

(३५)

कमलको मन जूनसँगै हुने
रहर गर्छ शशी करले छुने
जति गरे पनि दूर छ चन्द्रमा
अनि त रुन्छ म खेल्छु भनीकन

(३६)

मकन द्यौ न शशीसँग खेल्दछु
म उसको नव दौँतरि बन्दछु
म उसको झलमल्ल प्रकाशमा
चमचमाउन जान्छु न है मुमा

(३७)

मकन चम्चम उज्ज्वल तारिका
पसरमा दिनुहोस् प्रिय हे बुबा
बल गरेर घुमेर कराउँथ्यो
नयन दम्पतिको भरिआउँथ्यो

(३८)

घर मसान छ सन्ततिको विना
अनि अपूर्ण छ दम्पत्ति जीवन
दिन फिरेछ र आज मिल्यो धन
कमलसङ्ग सुखी दुइ जीवन

(३९)

पर बसेर दुवै सुर लाउँछन्
कमल ! नाच ल तालि बजाउँछन्
टुकुटुकू जब बालक घुम्छ त्यो
दुख भुलीकन दम्पति गाउँछन्

(४०)

म त पकाउँछु भात ल है मुमा !
पर पुगेर झिँजा बटुलीकन
कमल आँगन खोस्रन लाग्दथ्यो
दुख त चार दिशातिर भाग्दथ्यो

(४१)

कर भरीकन धूल चपक्क ली
मुख भरीकन हाल्दछ कप्कपी
अनि त पाकुम-पाकुम क्या गरी
मगन बन्दछ, हाँस्दछ दम्पत्ति

(४२)

हाँस्छ यौटा चन्द्रमा त्यो हाँस्छ अर्को चन्द्र यो
नाच्छ पाठो गोठमा त्यो नाच्छ उस्तै आज यो
फुल्छ रातो फूल उस्तै फूल झैं नै फुल्छ यो
प्रेमलाई अन्जुलीमा राख्छ बाँड्दै हिँड्छ यो

(४३)

सूर्य छाए फूलमा ती फूल खोल्छन् पङ्खुडी
पङ्खुडीका रङ्ग चोरी हाँस्न थाले ओठ ती
मुस्कुराई फूलजस्तै वासनाको साथमा
चन्द्रमा यो चम्चमायो दम्पतीको पासमा

(४४)

बाललीला छ जो खेल नौलो थियो
यो सुनौलो थियो झन् रुपौलो थियो
फुल्छ यो जिन्दगी बढ्छ निश्चिन्त भै
किन्तु यो जिन्दगी हुन्न फुल्ने सधैं

(४५)

तीन वर्षे भएको थियो फूल यो
उड्छभ्रैं ठिङ्ग क्यै अड्न सक्ने भयो
रातको आज यौटा क्रिया प्रेमको
पत्निमा सङ्लिई कोख भारी भयो
(४६)
आज धेरैपछी ढङ्ग यौटा मिल्यो ?
वा दुवै शक्तिको रङ्ग यौटा मिल्यो ?
मोति हो वा कुनै चम्किलो ज्योति यो ?
दीपभ्रैं उच्च सौन्दर्यले चम्कियो
(४७)
हो दया यो कसैको र सङ्लिन्छ या ?
गर्भ यो कोखमा भर्छ आनन्द या ?
यो नयाँ जिन्दगीको नयाँ चाल हो ?
वा कुनै पीरको चोटिलो हाल हो ?
(४८)
रङ्गियो चम्कियो, मौलियो, फैलियो
हर्ष यौटा बढ्यो पीर यौटा बढ्यो
झल्झलाकार यौटा खुशी उम्लियो
एक शङ्का नयाँ आँतमा जन्मियो
(४९)
जन्मियो फूल नौलो बनायो घर
ती दुवैभित्र नौलो बन्यो चेत र
पुत्र आफ्नो स्वयं आज पाएपछि
मोह त्यो उल्टियो आज नौलैतिर
(५०)
यो पराई न हो हुन्न आफ्नो पछि
मन्मनै गम्दछन् स्वार्थका दम्पती
आज अन्जान यो उत्ति सानो छ यो
आज नै क्यै गरे छुट्छ आपत्ति यो
(५१)

ऊ उता खेल्दथ्यो यी यता गुन्दथे
ऊ उता रम्दथ्यो यी यता गम्दथे
क्यै गरी यो ठुलो पुत्र सानो भयो
ज्ञानमा ? सम्झियौं भाग्य हाम्रो गयो

(५२)

खेल्छ बच्चासँगै निष्कलङ्की उता
बुन्छ षड्यन्त्रको जाल यौटा यता
गर्छ प्रेमी उता बाललीला मजा
भर्छ स्वार्थी घडा स्वार्थताको यता

(५३)

यता मख्ख खेलीरहेको छ मान्छे
उता चक्र बुन्दै गएको छ मान्छे
पुऱ्याऔं अनाथालयैमा यलाई
दुवै गुप्त सल्लाह गर्छन् लुकाई

(५४)

मान्छे जन्मन्छ चाखी प्रणय, रस पिई स्वाद मानेर मीठो
मान्छे हुर्किन्छ न्यानो अमृत सुख लिँदै खेलमा सिर्जनाको
मान्छे तर्कन्छ पढ्दै जगत, तर निकै दम्भ ठूलो भरेर
स्वार्थी संसार पस्छन् क्रमिक उससँगै बढ्दछन् फैलिएर

(५५)

पाए मीठा लहर सुखका हेर्दछन् फर्किएर
भेटे तीता जगत दुखका फिर्दछन् तर्किएर
हेर्दा मान्छे जगतभरिको ज्ञानभण्डारजस्तो
भोग्दा मान्छे नरकभरिको दुःखको सारजस्तो

(५६)

सुन्दा सोच्दा मनमन हुने सिर्जनाको कि सार
साँचो बुझ्दा तर मनुज यो भूमिको हुन्छ भार
मीठो-मीठो तर अपचिलो रोगिलो भोगजस्तो
सारा जीवन्भरि नसकिने स्वार्थको रोगजस्तो

(५७)

मीठा आज खुवाइ मग्मग कुरा राम्रा लुगामा बुनी
जाने आज नयाँ बजार रमिता हेरेर घुम्ने भनी
बोकी मख्ख बनाइ बालक हरें ! लागे दुवै दम्पति
टाढा आश्रममा अनाथहरुको चाँडो पुऱ्याऔं भनी

(५८)

के जानोस् बिचरा मुना कमलले के हुन्छ यो आजमा ?
टाढा फेरि हुँदै छ मातृममता भन्ने बुझोस् पो कहाँ ?
चारैतर्फ निहार्छ चप्प मुखमा चक्लेट खाईकन
पर्दै मख्ख थियो बरा ! कमल त्यो खेलो नजानीकन

(५९)

पर्दाभित्र थिए गुलाफ रसिला ? खै के थिए के थिए !
धेरै प्रीत थिए र गीत मधुरा ? खै के थिए के थिए !
यात्रा त्यो अनिँदो भएर सकियो काटेर बाटो निकै
बेहानीपखमा पुगे तिनीहरू यो काठमाडौंनिरै

(६०)

किन्तू मस्त बनी सुत्यो कमल त्यो निद्रा पुऱ्याईकन
चाँडै नै तर छुट्छ आज ममता भन्ने नजानीकन
कालो बादल घुम्दथ्यो गगनमा फैलन्छ फैलन्छ झैं
छाती स्वच्छ र रङ्गिलो धरणिको मैलन्छ मैलन्छ झैं

(६१)

पैले दम्पति ती पुगे भगवती गुह्येश्वरीपासमा
आफ्नो स्वार्थ लुकाउने स्र गरे धर्मादिको आडमा
बच्चा आश्रममा अनाथहरुको छाडेर फर्के घर
निद्रामा तर त्यो पुग्यो अब कहाँ ? जान्दैन बच्चा तर

(६२)

छाड्दा बालक चस्सचस्स मुटुमा घोच्यो सुधाको, तर
बोल्ने साहस छैन बग्छ तिनको आँखा बनी निर्झर
खेलेको उसले सबै झलझली सम्झिन् र माया फुक्यो
रोला हा ! कति कल्पिएर ? मनमा सोचिन् र छाती दुख्यो

(६३)

रोइन् सुँक्सुँक बारबार बिचरी नारी थिइन् कोमल
रोक्दैमा किन अड्दथ्यो र मुटुमा बाढी बनेको जल ?
देखी तीकन यस्तरी बरबरी रुन्छिन् अँधेरी बनी
बोल्यो 'हे ! किन यो कुबुद्धि प्रियसी ! अज्ञानताको छ नि !

(६४)

के पो पाप गऱ्यौं ? तिमी भन त लौ अन्याय के पो भयो ?
मर्थ्यो नत्र उतै लियौं शरणमा उद्धार पो झन् भयो
फालेनौं त कतै लगेर, उसकी आमा बन्यौ झन् तिमी
छाडेनौं त कतै लगेर निठुरी जन्माउनेले सरि

(६५)

पाल्यौं त्यस्कन जिन्दगी पनि दियौं हुर्केन के ढङ्गमा ?
हेला के त गऱ्यौं ? कुनै दुःख दियौं ? हुर्केन के रङ्गमा ?
फालेनौं नदिई कतै शरणमा ? के भाँडभैलो भयो ?
आफ्नो फूल सिँगार्नको मन लियौं, के धर्म मैलो भयो ?

(६६)

खोला सानु भनी बस्यौं यदि भने उर्लेर आउँछ त्यो
सानो सर्प भनी दया गरिरहे टोकी रमाऊँछ त्यो
यौटा पीर सहे त बन्दछ नयाँ हाम्रो सुखी जीवन
साँचो यो नबुझे कुरा दुःखजिलो होला पछी जीवन

(६७)

नौलो बल्दछ दीप आज घरमा हावा नलागोस् भनी
आफैं छेक्नु जरूरि छैन ?किन झन् बुझ्दै नबुझ्ने तिमी ?
सम्झायो पहिले अनेक तहमा पत्नी थिइन् दोमन
सम्झाएर निकै अनेक पतिले फिर्ने बनायो मन

(६८)

ममता पनि हा ! रमिता बनियो
अनि बालक फेरि अनाथ भयो
नव ठाउँ पुनः अब आइपुग्यो
भनिसक्नु कहाँ छ र जीवन यो !

*   (६९)   *

चौथो फूल

रसीली देखिन्छिन् प्रकृति अब हेर्दै सगरमा
भरौला भै उठ्छन् तरुहरु धराका उदरमा
सुनौला देखिन्छन् किरण रविका प्रातपखमा
कठै ! कालो छायो तर कमलको हुर्मत लिन

(१)

सबै हुन्छन् स्वार्थी जबतक थियो स्वार्थ अधुरो
गऱ्यो माया, छाडचो मतलब पुग्यो आज उसको
भुली मायालाई निठुर यसरी बन्छ कलुष
जता न्यानो पायो हृदय त्यसमै दिन्छ मनुज

(२)

पुग्यो आफ्नो स्वार्थी रहर यति धेरै बदलियो !
थियो द्यौताजस्तो तर कति छिटो दानव भयो !
दया हो धर्तीको चहक गतिलो धर्म त ठुलो
बन्यो मान्छे पापी र महक दयाको सब भुल्यो

(३)

कतै होला मान्छे यस जगतमा स्वार्थ नलिने ?
दुखेकोमा छर्ने मलम त्यसमा शीतल हुने ?
अँगालोमा बेर्‍यो सुख यदि मिले आत्मज भनीं
भँगालोमा सेर्‍यो दुःख अलि पुगे निष्ठुर बनी !

(४)

कुनै हुन्नन् आफ्ना, चलन छ यही स्वार्थ छ ठुलो
जता सोझो बाटो झटपट उतै बग्दछ कुलो
पसीना हो कस्को ? भनिकन कुलो हुन्न नजिक
सजीलो नै खोज्छन् सब तब गरुन् कष्ट किन र ?

(५)

भनौं पत्नी आफ्नी अरु मन परे पोइलिदिने
भनौं लोग्ने आफ्नो अरु युवति पाए लहसिने
प्रिया आफ्नी माने धनतिर निकै लुब्ध बनिने
भनौं प्रेमी आफ्नो निठुर त्यसरी दुष्ट बनिने

(६)

कुनै आमा त्यस्ता निठुर वनका जन्तुसरि छन् !
कुनै बाबा यस्ता कपट दिल राख्ने हरिप छन्
भनौं छोरा आफ्ना पनि जग छ साक्षी दुखद छन्
भनौं छोरी आफ्ना पनि फगत स्वार्थी अबुझ छन्.

(७)

कुनै स्वास्नी पाएपछि जनकलाई भुलिदिने
कुनै लोग्ने पाए विगत सब बिर्सेर फुलिने
कमाएमा पोको जनकजननी मख्ख भुलिने
भए छोरो केही गरिब उसको साथ नहुने

(८)

कुरा काटे वैरीसरि छ मनमा काट्दछ जुन
सकारेमा आफ्ना वचन तब त्यो मित्र सघन
दिने इच्छा यौटा पनि हृदयमा हुन्न किन हो ?
लिने इच्छा मात्रै मगजभरि फैलन्छ नरको !

(९)

चिनेँ भन्दाभन्दै अपरिचित मान्छे अझ भयो
बुझेँ भन्दाभन्दै अलमल झनै हुन्छ मन यो
जमाना के आयो प्रकृति पनि खाने नर भयो
हरे ! मान्छेलाई अब स्वयम खाने नर भयो

(१०)

धर्ती छर्दछ प्रीतिका गहकिला नौला कुरा सुन्दर
द्रष्टा गर्दछ नीतिका चहकिला चोखा कुरा हर्पल
स्रष्टा छर्दछ रङ्गका किरण यो धर्ती सजाई तल
मान्छे गर्दछ तुच्छ काम ननिका स्वार्थी बनी केवल

(११)

उठी चिमचिमाउँदै अनि आँखा मिची सुन्दर
मुमा ! प्रिय कराउँदै जब खोज्थ्यो बरा ! बालक
नयाँ कमल देख्दथ्यो सब आँखा भए टल्पल
खसे नयनबाट हा ! रस थोपा हुँदै छल्छल

(१२)

आमा ! आमा ! भनिकन कठै ! फन्फनी घुम्न थाल्यो
बाबा ! भन्दै वरपर रुँदै दुःखले जल्न थाल्यो
आए सेवीहरु थपथपी स्नेहले थुम्थुम्याए
झन्झन् ठूलो स्वरसँग रुँदा आर्त चीत्कार आए

(१३)

फाडी रोयो धरधर गला उत्ति आँखा दुखायो
छाती धोयो नयनजलले दर्द उम्लेर आयो
तीता मान्यो अब त गुलिया लाल चक्लेटलाई
खाएन क्यै प्रथम दिनमा दुःख धेरै मनाई

(१४)

पाए मान्छे कति-कति कुरा भोग्दछन् मख्ख पर्छन्
पाए त्यस्तै भरसक नयाँ वासना रङ्ग भर्छन्
पर्दा ठूला दुःख त सहनै पर्छ यो बाध्यता हो
बिस्तारै संयम कमल भो जिन्दगीको कुरा यो

(१५)

अनाथालयको राम्रो हेरचाह मिलेपछि
बन्यो अन्य भुराजस्तै हेलमेल भएपछि
ती बालबालिकालाई व्यवस्था पढ्नको थियो
थियो त्यो प्रतिभाशाली पहिलो पढ्नमा बन्यो
(१६)
बितायो उसले धेरै वर्ष काटेर जीवन
हराएको थियो केही, केही पाई उठीकन
पाएको सुविधालाई उपयोग निकै गऱ्यो
पास त्यो दस कक्षामा पहिलो श्रेणिमा भयो
(१७)
आश्रमको त्यो उच्च व्यवस्था जीवनभरको हुन्न थियो
दस कक्षातक पास गरेपछि फेरि बिदाको काम थियो
आफ्नैपनमा उठ्न सकून् ती आफ्नै पौरख खान सकून्
लक्ष्य यही हो बालक सारा नाथ स्वयंका बन्न सकून्
(१८)
वेला आयो फेरि बिदाको नयन भरीला फेरि भए
झिलमिल गर्दै अन्तर दुख्दा नीर झरीला फेरि भए
सोध्यो आफ्नो जीवनदाता आश्रमका अभिभावकमा
कसले ल्यायो ? कसले छाडचो ? हृदय भरीला फेरि भए
(१९)
अब जाउँ कहाँ दु:ख पाउँ कहाँ ? मन लाउँ कहाँ ?के गरुँ म ?
घाउ पुरानो फेरि रसायो पीडा बल्झ्यो फेरि किन ?
आमा छैनन् बाबा छैनन् नातागोता छैन कुनै
छाड्दा पीडा बढ्न गएपछि पीडित बन्दै रुन्छ झनै
(२०)
यौटा सानो जागिर पायो क्याम्पस धायो मन लायो
न्यानो विद्या आखिर पायो प्रतिभा क्याम्पसभरि छायो
विद्यार्थीको नेता बन्ने पालो उसको पनि आयो
नेता बन्दा दण्ड अनेकौं खायो ठक्कर पनि पायो
(२१)

आमा छैनन् बाबा छैनन् नाता छैनन् तब के र ?
चिन्ता यौटा पेट छ, अर्को विद्यार्थीको तर धेर

(२२)

पढ्र्दै-गर्दै. गर्दै-पढ्दै न्याय भनीकन चल्दा-चल्दै
देख्यो धेरै भोग्यो धेरै मान्छेलाई चिन्दा चिन्दै
बैनी भेटचो, भाइ भेटचो पीडा रुन्थे दु:खका ती
आमा भेटचो बाबा भेटचो रुन्थे आँसू दु:खका ती

(२३)

नाता जोडचो मान्छेसङ्गै नाता फेऱ्यो मान्छेसङ्गै
गुलियो, नुनिलो, अमिलो भोग्यो परिचय पायो तीतो जम्मै

(२४)

उम्रन्छ सानो बिरुवा धरामा
ऐँठिन्छ ठूलो रुखको छ छाया
छाया दिनेले तर घाम छेक्छ
मौलिन्न सानो बिरुवा त देख्छ

(२५)

पढ्दै गयो न्याय छ के भनेर
लड्दै गयो न्याय लिने भनेर
ती छात्रका मागहरू लिएर
बढ्दै गयो जाग्रत क्रान्तिनेर

(२६)

नयाँ घुम्दै आयो 'शरद' सुखकारी दिन बनी
बिदामा आएका मुलुकभरका क्यम्पस पनि
बन्यो यौटा टोली भ्रमणदलको छात्रहरुको
घुमौं भन्दै टाढा कमल पनि त्यस्मा मिलिदियो

(२७)

तरेली परेका धरालाई घुम्दै
हरीयो तराई रमाएर चुम्दै

हिँडे गर्न यात्रा मिठो भाव पाई
नयाँ सिर्जनाका नयाँ ज्ञान पाई

(२८)

गए हेर्दै नौला शहर हरिया फाँट र भिर
घुमी आफ्नो प्यारो मुलुक र पुगे भारततिर
पुगे हाँस्दै खेल्दै त्यसपछि हरिद्वार नगर
भनिन्थ्यो जो हिन्दूहरुकन ठूलो तीर्थ-शहर

(२९)

राम्रो देखे शहरनजिकै गाउँका गाउँ पाए
हेर्दै सारा नगर सब यी घुम्न पाई रमाए
गंगाका कल्कल लहर ती लाग्दछन् स्वच्छ ऐना
धेरै छन् मन्दिरहरु यहाँ देवताको छ चैन

(३०)

थिए पण्डा, जोगी, वरिपरि मगन्ते अझ बढी
कुनै जोगी-भोगी प्रवचन दिँदै आश्रम बसी
हजारौं सुन्दै थे प्रवचन बनी मस्त जसमा
हिँडे भन्छन् के पो भनिकन सबै पात्र त्यसमा

(३१)

पुगे घुम्दै धेरै झलमल थियो आश्रम त्यहाँ
भुँडे चिल्ला जोगी प्रवचन दिँदै थे बसिकन
बसे के हो ? गुन्दै भ्रमणदलका छात्रहरु यी
सुने नौलो मानी प्रवचन त्यहाँ तन्मय बनी

(३२)

भुँडे गर्दै जान्थे प्रवचन कतै भागवतको
सियो, ढुङ्गो, माटो जडसहित विज्ञानतकको
बन्यो मान्छे यस्तो सफल कसरी ? सार त्यसको
खुलाई पै'लेको युग पनि बताएर सब यो

(३३)

'बन्यौं शान्तिसम्पन्न भन्दै नि आज
हराएर शान्ती दुःख्यो झन् समाज

धनी झैँ छ हेर्दा परन्तू गरीब !
हुँदै छन् सबै स्वार्थमा यी हरीप

(३४)

घमण्डी भै धेरै न त मनुजले ईश्वर चिन्यो
कुहीरोमा द्यौता अलमल गराएर पहिऱ्यो
त्यता 'द्यौता' भन्दै घर-घर छ अन्धेर अधिक
यता स्वार्थी बन्दै हरपल गिरी हिँड्दछ नर

(३५)

गरेँ मैले नौला कति-कति कुरा सिर्जन ! भनी
घमण्डी भै धेरै प्रकृति पनि हेप्यो शठ बनी
बने तीखा भाला अनि पछि विषैला बमहरू
गरेँ ठूलो भन्छौ ! कपुत ! पछुतो क्यै गर बरु !

(३६)

न सक्छौ यो यौटा कणरहितको जीवन लिन
न सक्छौ क्यै आफैँ प्रकृतिकण छाडेर सृजन
न सक्छौ यो यौटा पल प्रकृतिमा भिन्न रहन
अझै लिन्छौ व्यर्थै किन यति घमण्डीपन भन ?

(३७)

कि यो भन्छौ सारा प्रकृति पनि मेरै छ रचना ?
गऱ्यौ चासो यस्तो विदलित गरी हुर्मत लिन ?
हरीया यी सारा रनवन बनायौ कि तिमिले ?
रची आफैँ यस्तो जग अनि बसायौ कि तिमिले ?

(३८)

भऱ्यौ के आफैँले जननि-स्तनमा दूध रसिलो ?
लगायौ के इन्दू गगन सब पारी चहकिलो ?
कि आगोमा तातोपन पनि स्वयं सिर्जन गऱ्यौ ?
कि हावाका यस्ता लहर तिमिले नै सब भऱ्यौ ?

(३९)

दिने बास्ना राम्रो हरररर चमेली कुसुम त्यो
सुगन्धी पार्ने यी कुसुम सब तिम्रै सृजन हो ?

थियो लज्जा प्यारो युवतिहरुमा मगमग गरी
दियौ च्याती लज्जा सब, प्रगतिको खोल पहिरी !

(४०)

गऱ्यौ नाङ्गै नारीकन अनि भन्यौ सभ्यपन भो
दियौ स्वार्थी आँखा त्यसपछि भन्यौ यो प्रणय हो.
बनायौ गर्भाङ्गी असमय कलीला तन पनि
निचोरी नङ्ग्याईकन अझ भन्यौ सभ्य कसरी ?

(४१)

पुरानाले ल्याए जति विविध यी धर्म-विकृति
नयाँले फैलाए त्यति रण धरा व्याकुल गरी
पुराना पण्डाका पछि जति सयौँ अन्ध बनिए
नयाँका भाकामा रणतिर हजारौँ बहकिए

(४२)

पुरानाले बाँधे जति जन जनैकन्धनिमुनि
नयाँले झन् गाँजे कलुषित गरी स्वच्छ प्रकृति
पुरानाहो ! व्यर्थै तमतिर झुक्यौ तत्व नबुझी
नयाँ बाठा बन्छौ तर हुन पुग्यौ दुष्ट-कपटी

(४३

अणूले मान्छेका सुखहरु बढायो तर पनि
घमण्डी स्वार्थी योपन किन बढायौ 'मम' भनी
गऱ्यौ तिम्ले मानेसृजन भयका शस्त्र यसरी
बचायौ वा माऱ्यौ भन त यिनको टङ्कन गरी ?

(४४)

ठुला ज्वाला उठ्दा अणुबमहरू धेर खनिँदा
यता सुन्निन्छन् नेत्र त धरणिका धर्धर रुँदा
पिटी रुन्छन् छाती फगत निमुखा जीवन बरा !
गऱ्यौ के आफ्नैको रगत पिउँदै उन्नति ठुला

(४५)

करोडौं प्राणींको हृदय यसरी चर्चर चिरी
ठूला बन्दै छौ के ? प्रकृति टुहुरो बन्छ यसरी !

तिमी आफ्नो मात्रै प्रगति किन भन्छौ नि प्रगति ?
कता थाती राख्यौ भन त समता-सुन्दर मति ?

(४६)

धरा हाम्री आमा सरस ममताकी अति धनी
सधैँ रक्षा गर्छिन् सबकन दिई जीवन उनी
यहाँ धर्ती मास्ने उपकरणको जन्म किन भो ?
झनै आमा मास्ने कपुत कसरी वीर भनियो ?

(४७)

दुवै अन्धा छाडून् अब विकृत यो आग्रहकन
भनी गर्थे लामो प्रवचन पुरानो अनि नयाँ
सुनी यस्तै लामो प्रवचन उठे छात्रहरु यी
चले हर्कीपौडीतिर गुरुरु घुम्दै छक परी

(४८)

कनखलसँग जल कलकल बग्ने
निरमल झललल चलमल चल्ने
गतिमय मतिमय प्रणयित-चङ्गा
धनमय मनमय भागीरथी गंगा

(४९)

परवत उठउठ भनिकन सच्चा
रनवन वरपर धरति छ उच्चा
तलतल छलछल कणकण भिज्छ
पलपल सहृदय मनहरु खिँच्छ

(५०)

तनभरि मनभरि दलिकन गेरू
शिरमुड मुनिहरु धुनिसँग खेली
हवन छ मगमग पवन छ लोभी
तनमन सुखसँग सबकन भोगी

(५१)

सप्तसरोवर टलटल गङ्गा
हरक्षण सुख दिन अविरल बग्छ
मस्त सनातन मस्त छ जीवन
धर्म कि ? कर्म कि ? भ्रान्त छ जीवन ?

(५२)

नभशिर स्तन दुई मनस र चण्डी
हरित प्रकृतिसँग विधि अझ मन्की
वरपर गिरिवर रनवन बोली
अविरल कलकल मृदुल छ खोली

(५३)

नहर र पुल, तल जल सह छर्छन्
जलचर हरपल कलरव गर्छन्
स्फटिकित जल अति सरल र स्वच्छ
प्रतिक्षण नव-नव-नवध्वनि रच्छ

(५४)

दिशा सफा छन् छ सफा बिहान
धर्ती र आकाश सफा महान
हेर्दा सफा मानिस छन् घनेरै
सक्दैन क्वै निश्चय भन्न धेरै

(५५)

कतै भण्डाराका रसबस कतै कीर्तनहरू
कतै छन् वास्नाका लसपस कतै नर्तनहरू
कतै धन्माराका धुनिसँग छ चिम्टा छननन
कतै भोका रुन्छन् 'जनि गर' भनी आर्त छ मन

(५६)

हर्कीपौडी उदर जसको पूर्ण खुल्ला समाज
छाती खोलीकन जगतको साथमा मस्त राग
तिर्खा मेटी जलन तनको दुर्दुहाई बनाई
उर्ली गङ्गा हरपल जहाँ बग्दछिन् छल्छलाई

(५७)

को होला यो सरस कवितापान आस्वाद त्याग्ने ?
यस्ती प्यारी मद-प्रियतमा पाउँदा साथ छाड्ने
को बिर्सला मधुर मह यो विश्वमै पाइँदैन
भोग्यौं प्यारी यदि त सरिता लाग्छ क्यै चाहिँदैन

(५८)

आमाजस्ती लुटुपुटु बने काखमा छोपिलिन्छिन्
मायाजस्ती रसबस गरे बाहुमा छोपिलिन्छिन्
पत्नीजस्ती थकितहरुमा भोगको तृप्ति दिन्छिन्
दासीजस्ती सुख-सयल दी सुश्रुषामा बिलिन्छिन्

(५९)

ज्ञानीजस्ती अविरल बगी कर्मको ज्ञान दिन्छिन्
ध्यानीजस्ती तपसिहरुको ध्यानमा लीन हुन्छिन्
थोपा-थोपा अनुभव दिँदै धर्मको भार भन्छिन्
'जो अर्काको दुखशमनमा चल्छ, हो देव' भन्छिन्,

(६०)

आमा, साथी, दिदि र बहिनी प्रेमिका फेरि दासी
धाई, पत्नी सब रस मिली आज गङ्गा भनाई
सारा नारीपन मिलनकी केन्द्रधारा बनेकी
सम्पूर्णात्मा भुवनभरकी हुन् कि गङ्गा भनेकी !

(६१)

जोगी, भोगी, रोगी ढोंगी हेर्दै, बुझ्दै गम्दै-गुन्दै
धर्ती चुम्दै नौला डाँडा, पाखा, पर्वत घुम्दै-घुम्दै
फर्के आफ्नो धर्ती टेक्दै नेपाली यी छात्रहरू
क्याम्पस खुल्छन् पढ्ने वेला सम्झी गर्छन् पढ्न शुरू

(६२)

शरद पठाई हिउँद रमायो कुहिरो आईकन छायो
गगन धमीलो बन्दै आयो शीतहरू भै शशि रोयो
आँसू आफ्नै मोतीलाई सम्झी दुःखको मन रोयो
टप्प टिपी अनि शीत उठाई कमल नयनले तन धोयो

(६३)

बेला आयो युनियनमा, अनि बढ्छ चुनावी नारा यो
रोक्दारोक्दै सक्दैनन् त्यो आँखी हुन्छ प्रशासनको
क्याम्पस भरका विद्यार्थीका दल अनि अझ गर्जन लागे
भोट दिने अधिकार हुनाले तिनले आफ्नो हक मागे

(६४)

रङ्गीचङ्गी भित्ता बन्छन् 'भोट मलाई है' भन्छन्
तीखा आँखा तर चम्कन्छन् को कसको ? हरदिन गन्छन्
वरपर सारा नौलानौला चर्का नारा घन्कन्छन्
आफ्नो भोट बढाउनलाई खुकुरीतक क्यै चम्कन्छन्

(६५)

सोझा, सीधा विद्यार्थीमा धम्की पनि क्यै हम्कन्छन्
लाठी-मुङ्ग्री कोही गर्छन् क्वै पैसामा गम्कन्छन्
बढ्दै जाँदा चर्को नारा अवसर पाई स्वार्थीजन
ढाल बनाउन छात्रहरूको दलले मौका छाड्दैनन्

(६६)

कैयौं बोले कमल ! तिमी उठ तिमि नै निश्चय जित्नेछौ
बेला हो यो गर्न बनेको अनुभव नौला सिक्नेछौ
अघिको दुखकर पछिको सुखकर संघर्षीपन सिक्नेछौ
यौटै आशा हामी गर्छौं बिक्नेछैनौ टिक्नेछौ

(६७)

साथी पाई साहस आई उत्साही ती बन्न पुगे
विद्यार्थीको नेता बन्ने मौका राम्रो चुन्न पुगे
बोले –'मेरा मित्रहरू हो ! मैले हिम्मत हेरि ! गरैं
जे नै होला जस्तो होला लड्ने युनियनमा म भएँ'

(६८)

मनमा निश्चय जित्ने गर्दै साथीहरुको ली साथ
छिनमा मन्त्रण छिनमा भाषण पर्चा छर्दै दिनरात
क्रान्तिवीरका पथमा लाग्ने यौटा फूल अहा ! जाग्यो
गर्न चुनावी युद्ध तयारी उत्साहित निर्भय लाग्यो

(६९)

धरा हुन्छ चीसो यहाँ जत्ति-जत्ति
चुनावी चढ्यो ताप झन् उत्ति-उत्ति
नयाँ जोशमा छन् सबैका हिसाब
सबै जित्नलाई उठेका चुनाव

(७०)

सबैमा छ उत्साहको उच्च आशा
पलामा हुने गर्छ उस्तै निराशा
सबैलाइ यौटै चुनावी हतार
सबैले गरे शक्तिशाली प्रचार

(७१)

*   *   *

पाँचौं फूल

नयाँ आए गाए प्रकृति-ऋतुले गीत मधुरा
नयाँ बन्दै बोले चिरिरिरि चराले नव कुरा
नयाँ खोली गङ्गा सलल, झरना छन् झरझर
ऋतू उस्तै हुन्छन् फरक नरको जीवन तर

(१)

फुलेका छन् चारैतिर वन, कली, वृक्ष र लता
बने राता-राता अतिशय मिठा आलुबखडा
उजेला भै हाँस्छन् हिमशिखरका उच्च चुचुरा
छुँदै छाती-छाती पवन रसिला गर्दछ कुरा

(२)

दिशा हाँसेका छन् वरिपरि सफा वस्त्र पहिरी
निकै चुल्बुल् पुल्पुल् चपल पुतली नर्तन गरी
लताले मर्काए युवतिसरिका कम्मर अति
निकै मज्जा मानी गगन पनि हाँस्यो खितितिती

(३)

फुल्यो यो वासन्ती ऋतु चँवरमा आम्रतरुका
वियोगी झैँ हेर्छन् युवतिहरु कामेच्छु वरका
उता भूँ भूँ गर्छन् भ्रमर रसलोभी कुसुमका
यता ऊँ ऊँ गर्छन् कुसुम त बुझेझैँ सब कुरा

(४)

बिहानी वेलामा सगरतक ठाडो शिर गरी
हिमाली राजाले 'म त सगरमाथा नृप' भनी
दिशा हेर्ने गर्छन् वरपर कता छन् कुन भनी
उषा पङ्खा लिन्छिन् मरुत्‌सित हावा दिन भनी

(५)

उता प्रेमी बन्दै प्रणय मनको पग्लिइकन
उषालाई प्यारो गरिकन सधैँ सिन्दुर दिन
सुनौला फैलन्छन् किरण सविताका दिनदिन
उषा राम्रो मान्छिन् प्रियसँग यसोरी बहलिन

(६)

जसै प्रेमी सूर्जे कर-किरणको सिन्दुर दिन
बढेका देखिन्छन् हिमशिखरमा लाल छरिन
लजाएकी राती प्रकृति तब ब्यौलीसरि हुने
नयाँ ब्यौली देखी जगत सब आल्हादित हुने

(७)

उषाको कायामा मखमल बने वस्त्र हरिया
बने बुट्टा राम्रा थरिथरि फुलेका कुसुमका
सुनौला इन्द्रेनी रङरस पिएकी नयनले
खुशीमा गङ्गाले प्रकृतिपद धुन्छिन् जतनले

(८)

बने ऐनाजस्ता जलकण सफा पोखरी पनि
फुले वास्ना छर्दै कमल तिनमा चञ्चल बनी
भुरा माछा पौडीकन रहर गर्छन् त्यसभरि
लुकामारी खेल्छन् घरिघरि दगुर्दै वरिपरि

(९)

लता झुल्छिन् पङ्खासँग पवनको मन्दगतिमा
तिमी मेरा प्यारा तरुपुरुष भन्दै प्रणयमा
नयाँ फुल्थे फल्थे कलल बिरुवा निर्भय बनी
धरा छर्छिन् आभा कणजति न ली संशयमति

(१०)

कतै सुन्गाभा छन् मगमग हुँदै पङ्खुडिभरि
कतै फुर्फुर् प्यारो फुदफुद कतै चञ्चल गति
सबैलाई आनन्दित मधु बनी मखख प्रकृति
छटा यो देखिन्थ्यो यसबखत स्वर्गीय छ छवि

(११)

यस्तो बेला पनि तर यहाँ भेद अन्यायको छ
अन्यायी र श्रमिकहरुका बीच संघर्ष घोर
नेपालीका मनहरु निकै द्वन्द्व भेलेर बस्छन्
क्वै उक्लन्छन् तहतह कुनै आँसुका भील खस्छन्

(१२)

करोडौंमा कोही तर गरिब बाँच्दै छ ऋणमा
कुनै हाँसोमा छन् जलन छ कुनैका हृदयमा
कुनै गर्छन् नौला दिनदिन ठुला उत्सव नयाँ
कुनै आँखा पुच्छन् सुखसयल ता मात्र सपना

(१३)

चुसेका छन् जस्ले रगत तिनकै चल्छ नियम
तिनैका पोल्टामा हरपल रहेको सुख धन
तिनैमा वास्ना छन् सब कुसुमका क्या हररर !
तिनैका छन् भन्डा अफिस सब ढाकेर फरर

(१४)

यो अन्यायी चलन यसरी सृष्टिमा साँच्नु हुन्न
अत्याचारी दुःख पनि सही जिन्दगी बाँच्नु हुन्न
भन्ने नारासित कमलले लड्न थाल्यो चुनाव
टिप्थे उस्का गतिविधि निकै पञ्चका दूध-भात

(१५)

यौटा वीर त भन्छ देशभरिका मान्छे हँसीला बनून्
अर्को क्रूर बनेर पिट्छ उसका उत्साह सारा गलून्
यौटा बल्दछ दीप उज्ज्वल छरी ज्योत्स्ना सपारूँ भनी
अर्को सर्छ अगाडि स्वार्थ उसको ज्योत्स्ना निभाऊँ भनी

(१६)

लड्दा जीत भयो चुनाव, उसको अर्को बढ्यो साहस
आफ्ना मार्ग लिई उठ्यो जब बढे उस्का निकै सङ्गत
शिक्षा मात्र नभै अनेक तहमा अन्योल देखेपछि
मास्ने यो असमानता मुलुकको भन्दै बढायो गति

(१७)

नौला पक्षहरू बिते क्रमश ती नौला बने जीवन
नौला क्रान्ति गरेर स्वार्थ नलिई आत्मा गरी अर्पण
बन्दै फूल कतै, कुनैकन भने काँडा दिने रोज्दथ्यो
मान्छे भक्त थियो प्रशासन भने बिद्रोह भन्दै थियो

(१८)

कैले भाषण गर्दथ्यो डबलिमा अन्याय मासौं भनी
पक्रिन्थ्यो जब, कुट्दथे प्रहरिले बिद्रोह हो यो भनी
दौडन्थ्यो तर गर्न क्रान्ति उसले संघर्षका ती दिन
हुन्छन् क्रान्तिसपूत कायर त्यसै कै'ले डराई भन ?

(१९)

यै आन्दोलनमा निकै सँगिहरू तर्से, डराए, हटे
क्वै लोभी पनि भैदिएर अरुका ती पोल खोल्ने भए
उस्को मार्ग नयाँ र कार्य छ नयाँ उत्साह झन्झन् बढ्यो
क्वै क्वैले डरले रहस्य उसको खोले कुरा झन् बढ्यो

(२०)

केही मित्र लडाइँमा सँगसँगै पर्थे उही नेलमा
छुट्थे क्वै सहजै रहस्यसरि, क्वै सड्थे त्यहीं जेलमा
धेरैपल्ट अचम्म भो कमलको उत्साह कैलो भयो
श्रद्धा जस्कन गर्दथ्यो, जब बिके, विश्वास मैलो भयो .

(२१)

कोही लोभ बनेर उस्कन निकै बाधा दिने गर्दथे
कैले त्रास बनेर, धम्कि कहिले राजा हुने गर्दथे
कैले प्रेम बनेर शत्रुहरुका षड्यन्त्र हुन्थे नयाँ
झूठा दोष लगाउँथे अनि कुनै जुक्ती नचल्दा यहाँ

(२२)

बस्दा जेल ठुला महान दिलका नेता कुनै पाउँथ्यो
तिन्का क्रान्ति उठाउने अति महान् सङ्कल्प त्यो पाउँथ्यो
यस्तै सङ्गतमा परेर उसमा उत्साह बढ्दै गयो
त्यो उत्साह अजङ्ग साहस हुँदै संघर्षशाली भयो

(२३)

देख्यो यन्त्रण जेलमा प्रहरिका संघर्ष मार्ने कडा
भोग्यो पीडन ती स्वयं कमलले सङ्कष्टदायी ठुला
हुन्थे दण्ड कडा सकेजति ठुला भोग्दै सहन्थ्यो खपी
जस्तै हुन् न त यन्त्रणा अझ बन्यो संघर्षमा निश्चयी

(२४)

डाँका, चोर, हराम क्वै हरिप क्वै आतङ्ककारीसँग
क्वै निर्दोष, अबोध मानिसहरू क्वै क्रान्तिकारीसँग
हत्यारा, करणी तथा मुलुकका संघर्षशाली पनि
पायो सङ्गत जेलमा र यसरी बुझ्दै गयो जिन्दगी

(२५)

नौला जीवनका नयाँ स्वरुपमा अभ्यास खाएपछि
त्यस्तै दर्शनका किताबहरुका पाना पचाएपछि
भेट्दाका सब क्रान्तिकारिहरुले धेरै बुझाएपछि
झन् झन् कट्टर भै पढ्यो-पढिरह्यो चिन्दै गयो जिन्दगी

(२६)

पुग्थ्यो जेल कतै, छुटे मुलुकका नौला कुना पुग्दथ्यो
कैले मानिसका दुखी नयनका आँसूसँगै दुख्दथ्यो
कैले फूल टिपेर प्रेमहरुका बास्नाहरू सुँघ्दथ्यो
कैले दुष्ट कपूतका हृदयमा काँडा बनी घुस्दथ्यो

(२७)

त्यस्तै पश्चिमका र पूर्वतिरका पल्टाउँथ्यो पुस्तक
पत्रैपत्र पढी किताब, त्यसको जो मर्म हो बुझ्दछ
गान्धीको मत के ? किताब तिनका पढ्दै गयो दिन्दिन
माओका रचना पढी अझ बढी गर्दै गयो चिन्तन
(२८)
कैले लिङ्कनको अचम्मित हुँदै पढ्थ्यो कडा जीवन
कैले लेनिनका पढ्यो कठिन ती संघर्ष-आन्दोलन
के उद्देश्य लिएर शान्ति बलियो पारौं भने बुद्धले ?
केका निम्ति महर्षिले तप गरे ? बुझ्दै गयो बुद्धिले
(२९)
के सन्देश दिए अरस्तुहरुले कस्तो छ त्यो चिन्तन ?
के आव्हान छ मार्क्सको र तिनको के हो महादर्शन ?
लेख्छन् यी कवि के धरा-गगनका 'साहित्य' भन्दै कथा ?
जिज्ञासा सब शान्त पार्न मनका पढ्थ्यो कुरा विश्वका
(३०)
के गर्थे पहिले मनुष्यहरुले के गर्दछन् आजमा ?
कस्तो हाल छ विश्वको ? मुलुकको ? गर्थ्यो समालोचना
केले छन् दुःखमा र फेरि सुखमा ? चिन्दै गएको थियो
मान्छे छन् किन क्वै गरीब र धनी ? बुझ्दै गएको थियो
(३१)
हुन्छन् शान्त र निष्कलङ्क नभमा उड्ने परेवाहरू
लुट्दैनन् अरुको कुनै हक, सदा उड्छन् रमाई बरु
लाखौं जीवननिम्तिमा प्रकृतिले अर्पेर सञ्जीवनी
दिन्छिन् प्राण, परन्तु दुष्टहृदयी छन् बाजजस्ता पनि
(३२)
फालौं यो असमानता मनमनै सङ्कल्प बन्थ्यो तर
बुझ्थ्यो–योविधि दुर्दशा सहजमा बन्दैन यो सुन्दर
उम्लन्थ्यो झनननन्न झन्न शठको षड्यन्त्र चिर्ने बल
सम्झन्थ्यो तर यो हुँदैन सजिलो जन्ता हुँदा निर्बल
(३३)

तर्थ्यो रक्तिम नेत्रले गगनमा ती मेघका लाममा
झर्कन्थ्यो कहिले कडा गगनका चर्को हुने घाममा
पग्लन्थ्यो जब देख्दथ्यो गरिबमा लाखौं पसीनाजल
उम्लन्थ्यो मन देख्दथ्यो मुलुकमा अन्याय धेरै जब

(३४)

दर्शन पढ्दा जीवन भोग्दा आफैं देख्दा ज्ञान बढ्यो
जनता के हुन् ? जान्यो उसले किन अज्ञानी ? पूर्ण पढ्यो

(३५)

धेरैपल्ट पगालिएर निखरा बन्दै गयो यो सुन
चम्कन्थ्यो पनि टल्लटल्ल गहना सौन्दर्यशाली हुन
आगो निभ्दछ पानिले तर मणी निभ्दैन पानी दिँदा
छेक्ला क्यै क्षण सूर्यलाई करले सक्दैन है सर्वदा

(३६)

पायो सङ्गत न्यायका पथिकको उस्तै हुँदै दिग्गज
मान्छे सङ्गतले नयाँ भइदिने गर्छन् कुरा सत्य छ
भ्याई क्याम्पसको पढाइ अब ऊ संघर्षमा लाग्दछ
छोटो जीवन यो छ बुझ्छ जसले त्यागी बनी बाँच्दछ

(३७)

हो मैनले त्याग महान गर्दछ
पग्लन्छ आफू र प्रकाश छर्दछ
यो कार्यलाई उसले बुझेको
त्यै कार्यमा अर्पित त्यो बनेको

(३८)

सुगन्ध आफ्नो नबुझेर फूल छन्
पराग छर्छन् र घमण्ड दूर छन्
बुझ्नेहरू फूल भनेर चिन्दछन्
सुगन्ध लिन्छन् र पराग बिन्दछन्

(३९)

पार्टी के छ र लक्ष्य के छ त्यसको ? सारा कुरा झन् बुझे
चिन्नू जीवन हो चिनिन्छ सजिलै चिन्ने सदिच्छा भए

पाए बल्ल सदस्यता जब कडा ठूला परीक्षा दिए
मान्छे बढ्छ अगाडि धैर्यसँगमा सँघर्षमा होमिए

(४०)

गाढा ज्ञान गरेर अध्ययनको लामो गरी मन्थन
आफ्नो राष्ट्र उठाउने सुर लिई तालीमको जीवन
कैले गर्दछ क्रान्ति भूमिगत भै कैले फुका दिन्दिन
के गर्दा सजिलो हुनेछ रण यो ? सोच्दै गए चिन्तन

(४१)

गर्छन् मन्परि यी प्रशासक हरू जन्ता दु:खी लाखन
देखे राष्ट्र छ यो ठुलो सकसमा बर्बर् छ यो शासन
भन्नेलाइ छ न्याय पुस्तकभरी हज्जार छन् भाषण
सक्ने गर्दछ मन्परी गरिबको दु:खी सधैं जीवन

(४२)

मेरो देश दुखेछ जूनसँगमा राहू लुकेको हुँदा
मेरो मान खसेछ दुष्टहरुको सामू झुकेको हुँदा
भर्दै हिँड्नु छ चेतना शहरमा वा गाउँ बैंसी घर
गंगा बग्छ अगाडि नै पछि कहाँ के हुन्छ ? फर्कन्छ र ?

(४३)

भन्छन् शासक रेडियो तर फुकी धेरै गर्‍यौं उन्नति
हेरेमा विपरीत जीवन छ यो भोग्दै ठुलो दुर्गति
आफ्नै पौरखमा उठयौं यदि भने हौंला सुखी जीवन
हाम्रा हात भिखारिका भइरहे सक्छौं र के मौलिन ?

(४४)

मान्छे सोच्दछ जिन्दगी रहरमा खेली बिताऊँ भनी
भोग्ने गर्दछ जिन्दगी सकसमा आशा अनेकौं लिई
चाहे हप्फप घाम होस् न अथवा जाडो खपी बढ्दछन्
सङ्घर्षीपन बोक्दछन् जुन छिटै ती जिन्दगी चढ्दछन्

(४६)

यौटा शासक कुर्सिमा हुकुमको डोरी लिएको लियै
छाप्रोमा असली छ शासक बरा ! आँसू पिएको पियै

गर्दैनन् तर हुक्दछन् जुन, तिनै तक्मा भिरेका-भिऱ्यै
तक्माका हकदार हर्दम यहाँ पीडा लिएका लियै

(४७)

यस्को गर्नु छ अन्त मानिसहरू बाँचून् सुखी जीवन
आफ्नै जीवनलाइ क्वै पनि नहून् हेर्ने घृणा लीकन
यस्तै लक्ष्य लिएर क्रन्तिपथको बाटो समातीकन
पार्टी गर्दछ काम क्रान्ति भनिने-सम्झाउँथ्यो सज्जन

(४८)

पार्टीभित्र पसे सदस्य बनिए अर्कै बन्यो जीवन
पाएका सब काम गर्न तिनले थाले लगाई मन
सुम्पे शक्ति र भक्ति, बुद्धि उनले सार्वस्व सुम्पे तन
जन्तातर्फ चढाउँछन् जगतका संघर्षिले जीवन

(४९)

पार्टीभित्र पसेर फूल उसले देख्यो फुलेका तर
टिप्ने काम रहेछ दुष्कर त्यहाँ काँडा थिए निष्ठुर
हेर्ने केवल हो भने त रमिता हो कल्पना यो सब
टिप्ने हो यदि, हात बन्दछ छिया काँडा हुनाले तब

(५०)

हो यो क्रान्ति सुगन्धको कुसुम नै जो टिप्छ त्यो हाँस्दछ
टिप्दा होश पुगोस् त्यहाँ छ तगडा काँडा तिखो दाग्दछ
खाल्टा छन् गहिरा निकै असजिलो होला त्यहाँ पुग्नु त
सोचेजत्ति हुँदैन क्रान्ति सजिलो विद्वान यो बुझ्दछ

(५१)

खाए जागिर जिन्दगी त उनको बन्ने थियो हर्हर
लाग्दा जीवन क्रान्तिका पथ भने सङ्कष्ट छन् पल्पल
छोडी क्रान्ति कमाउने सुर गरे पैसा निकै फल्दथ्यो
लागे क्रान्ति उठाउनेतिर भने पीडा झनै बढ्दथ्यो

(५२)

फर्केमा घरबार गर्न सुखदा होलान् पढेका कुरा
लोहा भैकन क्रान्तिका पथ हिंडे संघर्ष होला कडा

के यो जीवन भोग रङ्गरसको माया लिने मात्र हो ?
वा यो जीवन मात्र युद्ध अथवा संघर्षको पात्र हो ?

(५३)

सारा जीवन यो विलासित गरी बिर्सूँ सबै क्रन्दन ?
सारा जीवन क्रान्तिमा गरिदिए भोगूँ कहाँ जीवन ?
गर्ने हो यदि क्रान्ति दीनहरुको त्याग्नै पऱ्यो भोग यो
भोगै मात्र ठुलो भन्यौं यदि भने होला नि के देशको ?

(५४)

ये संसार ठुलो अघोर वन हो आफू चरो-जीवन
अत्याचार हुरी चलेछ नमिठो सामन्तको शासन
राख्छन् जो घरभित्र बन्धन ठुला अन्यायका पिञ्जरा
के जाने त त्यहाँ ? बसूँ कि वनमा ? छन् द्वन्द्वका आँकु

(५५)

जन्मन्छन् जगमा करोड तिनले बाँच्छन् करोडौं क्षण
बिक्छन् क्वै धनमा र भोगसँगमा क्वै गर्छ संघर्षण
हुन्नन् जीवन सम्झिने जगतमा जो भोगमा छन् जन
बन्ने गर्दछ विश्वमा अमर त्यो जो गर्छ संघर्षण
लड्नै पर्दछ यी महासमरमा भन्ने गरी निश्चय
'जो होला सब भोगुँला नि, यसरी उन्ले गरे निर्णय

(५६)

मेरो को छ र लाग्छु यै समरमा भन्दै छ उन्को मन
बन्छन् सज्जन भै बनाउन सके आफन्त हज्जारन
मायाभित्र बुबा, महान जननी, बैनीहरू मिल्दछन्
आफू हुन्छ भलो भने त उसका संसार आफन्त छन्

(५७)

ढुङ्गामा अझ छन् कडा समरका पुर्खाहरूका पद
पानामा इतिहास छन् अमर ती जातीयता-गौरव
पुर्खाले सजिलै दिए तन यहीं मान्दै नमनी धक
सोच्छौ के अब व्यर्थ तत्पर बनी चाँडो दिलाऊ हक

(५८)

देखेनौ प्रिय हे ! हिमालहरुमा शेर्पाहरूको श्रम ?
भेटेनौ कि कतै युवा-युवतिका ज्योत्स्ना उज्याला ? भन
सुन्दैनौ कि तिमी असाध्य दुखका पीडा, जलेका मन ?
बन्दै छौ किन आज कायर तिमी अन्योलमा हे ! भन ?

(५९)

बिस्तारै धमिला तरङ्गहरुले नौला लिए आकृति
शङ्का पूर्ण हटाउँदै मन भयो संघर्षमा निश्चयी
पानी टक्क बनेर फेरि अडियो ऐनासरी भै सब
काला बादल छाँटिए गगनका, नीला भए सागर
हेरे उज्ज्वल नेत्रबाट रविले धर्ती उजेलो भयो
अन्तर्द्वन्द्व र तर्कना जति थियो अन्योल, त्यो मेटियो

(६०)

* * *

छैठौं फूल

रातले पसिना काढी शीतका रूपमा गरी
भऱ्यो संसारमा सारा थोपा-थोपा छरी-छरी
(१)
धर्तीका उर्वरा पाखा, पातका झुन्डमा अनि
दूबोका चुचुरा पुग्दै फूलका पत्रमा पनि
(२)
धानका पातमा त्यस्तै जलूकी पातमा अनि
हज्जारौं खरका टुप्पा, धुरी सतलमा पनि
(३)
वनका हरिया डाँडा, पखेरीहरुमा अनि
तरेलीहरुमा सम्मा तराई फाँटमा पनि
(४)
सारा विश्व चहारेर ठिक्क-ठिक्क चुनीचुनी
छरेको शीतमा घुम्ने हावा शान्त सुखी बनी
(५)
मोतीका कणझैं थोपा बने शीत अपार ती
हेर्थे आकाशका तारा चन्द्रमा सथमा बसी
(६)

सारा आकाशले आफ्नो उज्यालो मुख गर्दथ्यो
नीलो छाती उघारेर प्रेमको रस छर्दथ्यो

(७)

टाढा आकाशको छेउ अड्दै बादल हेर्दथ्यो
धर्तीको सौम्यता देखी लोभिँदै मख्ख पर्दथ्यो

(८)

सारा प्राणीहरू मज्जा मानी निद्रा पुऱ्याउँथे
सपनाहरुमा निद्रा मान्छेलाई डुलाउँथे

(९)

देशको सपना गाँसी आफ्नो जीवनको पथ
सुत्दामा पनि हेर्दै थ्यो स्वप्न कमलले तब

(१०)

रातले शीतको थोपा सारा भाग घमीघुमी
दिएथ्यो बिन्दुका बुट्टा सन्देश दिन्छु क्यै भनी
हावाले सुस्तरी आफ्नो यात्रालाई शुरू गऱ्यो
मन्द-मन्द गरी बोल्दै सारा संसारमा डुल्यो

(११)

बिहानीपखमा सुत्दै थिए कमल त्यो क्षण
चम्केको उनको काया लाग्थ्यो नौलो पराक्रम

(१२)

ओठ पत्रसरि आफैं खुले बन्द भए तब
नीदमा पनि त्यो चिन्ता, देशको मात्र गौरव

(१३)

चन्द्रमा रातको सीप-श्रम देखेर लज्जित
चढ्यो गालाभरि लाली भयो पूर्व र लज्जित
त्यसै सुन्दर लालीमा बढ्यो सौन्दर्य प्रातको
धर्तीले लाजले होला ओढिन् चद्दर लाल त्यो

(१४)

अङ्गडाई लिए यौटा फर्की कमलले पनि
लाग्थ्यो निद्रा नपुग्दैमा बित्ने गर्दछ जिन्दगी
(१५)
धरणी एक भुल्कोमा लजाइन् सुन भैँ बनी
रसिली गाजले कान्छी लाजले भरिएसरि
(१६)
बैजनी र सुनौला ती सूर्यको पाई दर्शन
हर्षले के गरूँ भन्ने ठम्याउन्निन् धरा मन
(१७)
उता ती सूर्यले थाले सुम्सुम्याउन भन् डुली
रातका शीतका थोपा बनांई सुनका फुली
(१८)
धर्तीमाथि खन्याएर सजाई सुनका फुली
आफू सिर्बन्दि भैँ हाँसे नभमा रमिता गरी
(१९)
चराले गीतका भाका फेर्दै-फेर्दै सुनाउँछन्
भर्ना भन् बुकुर्सी मार्दै पाखा-पाखा रमाउँछन्
(२०)
सूर्यसिर्बन्दि लाएकी तीजकी पातली परी
क्या राम्री देखिइन् धर्ती लाग्दछिन् विश्वसुन्दरी
(२१)
यस्तो सुन्दर माटोमा देश दुख्दछ बेसरी
गर्दछन् धुन्धुकारीका सन्तानैले ढलीमली
(२२)
उठे कमल आँखामा मल्दै हात प्रभातमा
धेरै अबेर सुत्दाको अनिदो छ अभै त्यहाँ
(२३)
लुगा भट्ट लगाएर उठे ती क्रान्ति-आँकुरा
निस्के त्यस्पछि बाटोमा हेर्दै धर्ती हराभरा
(२४)

मनमा उर्लिने आशा मुटुमा चस्कने दुख
आफ्नो थकाइ बिर्सेछन् सम्झी देश हरभरा

(२५)

सोचे क्रान्ति चलाएमा मात्र लक्ष्य हुनन् पूरा
चीसा मूढा पनि बल्छन् आगोलाई छुँदा-छुँदा

(२६)

फूल हुन् जनता झुल्छन् मुर्झाएर यहाँ किन ?
बाध्य छन् बाँच्न झन् उल्टै कर्म यस्तै भनी किन ?

(२७)

फूल चिन्दैन को हो ऊ ? उसको प्राप्ति हो कुन ?
सुँघ्दै छन् अरुले, टिप्छन् मुर्दालाई चढाउन

(२८)

फूल यो 'जनता' भन्ने सुगन्धमय जीवको
जिन्दगी धन्य यो होला के गरेर गरीबको ?

(२९)

सोच्दै जाँदै थिए देखे काला कुकुर भुक्दथे
हाड पाउनको निम्ति मारामार भकुर्दथे

(३०)

लुछ्दथे, चुँड्दथे, टोक्थे, घचेट्थे र चिथोर्दथे
हाडको निम्तिमा आफ्नै हाडलाई निचोर्दथे

(३१)

नजिकै देखियो यौटा काम्दै खोक्ने दुःखी नर
पाक्चे हात पसारेको भन्दै मेरो त को छ र ?

(३२)

आँखामा पीरमा पानी छातीमा तीर तारको
दुःखीकै घरमा हुन्छ नग्न नृत्य बतासको

(३३)

आयो नजिकमा बोक्दै सानो बालक सन्दुक
हप्काउँदै नजिकैमा थियो निष्ठुर मालिक

(३४)

भारी टक्क बिसाएर पसीना हातले पुछी
ज्याला माग्यो बरा ! सानो दुःखी बालकले झुकी
(३५)
पसीनाजल वर्षेका तप्प-तप्प निधारमा
ज्याला थोरै दियो क्यार, पीडा छायो मुहारमा
(३६)
'धेरै दिन्छु भनेका थ्यौ खै त ?' बिद्रोह त्यो फुटचो
'झूठो भन्छस् गधा ? पाजी !' उल्टै मालिकले कुटचो
(३७)
'के हो ? के हो ?' भनी मान्छे लाममा उभिए तर
ठूलैका पक्षमा बोल्छन् दुःखीको कुन सुन्छ र ?
(३८)
उल्टै हप्की पचाएर आँसु पुछ्दै गयो बरा !
झाडी होचो भएमा नै नाघ्छन् मानिसले सदा
(३९)
हेरे कमलले माथि सूर्यले तेजिला भई
सेताम्मे विश्व पारेका रहेछन् माथि झुन्डिई
(४०)
बाटो कमलले पक्रचो फेरि आफ्नो मिलाउँदै
कौवा यौटा बुटामाथि बस्थ्यो का-का कराउँदै
(४१)
हम्केछ बाजले हावा भाग्दै पुग्दै निकै पर
धेरै घण्टा हिँडेको हो, पुग्ने ठाउँ अझै पर
(४२)
हेर्दै जीवनका नौला घटना नव तालका
पुग्यो शहर नाघेर छेउ निश्छल गाउँका ?
(४३)
ठूलो पिपलको माथि बकुल्लाका बथान थे
लडेको देखियो यौटा रक्सी खाएर मातले
(४४)

भिजेको छ्वादले पूर्ण कडा दुर्गन्ध साथमा
बाटैछेउ उछित्तो भै पल्टेको रमिता हुन
(४५)
झीँगा झन् भन्कँदै गूँ-गूँ कुन्नि के गर्दछन् कुरा
बसी टुक्रुक्क बाटोमा हेर्छन् कुकुरका भुरा
(४६)
झुत्रा वस्त्र लगाएको रैंसेधैंसे विचित्र त्यो
सिकारु चित्रकारीको मानौं प्रथम चित्र हो
(४७)
के हो ? के हो हँ ? हा ! के रे ? ए, हो त, लौ त हुन्छ है
भीड जम्मा भयो यौटा रमिता भैदियो निकै
(४८)
यौटा घोप्टे परी टाढैबाट आँखा घुमाउँथ्यो
अर्को 'के हो ?' भनी ठेल्दै हाँसो गर्दै कराउँथ्यो
तेस्रो घाँटी निकालेर कुम जोड्दै कराउँथ्यो
चौथो धक्का दिँदै हा ! हा ! गर्दै एक्लै कराउँथ्यो
(४९)

कसैले थुक्दथे टाढा कुनै जिब्रो चपाउँथे
ठिटा क्वै हातमा ढुङ्गा टिप्थे, हान्थे, रमाउँथे
कोही नाक बटारेर आफ्नो बाटो तताउँथे
कोही घृणा थुपारेर के के हो भुत्भुताउँथे
(५०)

किन यस्तो भयो मान्छे ? सोच्थेनन् तर क्वैपनि
रमिता मान्दछन् हेर्दै तर्कना छैन क्यै पनि
(५१)
हेरेथे घटना आफैं त्यस्तो कमलले पनि
तर अल्झनुमा मौका थिएन क्षणको पनि
(५२)

थिए पर्चा लुकाएका क्रान्तिका टाँस्नुथ्यो गई
शङ्का थियो कसैले यो थाहा पाउँछ की भनी
(५३)

चारैतर्फ घुमाए ती आँखा जासूस क्वै छ कि ?
गरी निक्यौंल ती लागे बाटो काम सकूँ भनी
(५४)

भीड छाडेर क्यै टाढा पुगे रूख थियो जहाँ
सूर्य पश्चिममा हाँस्थे छर्दै रश्मी कुना-कुना
(५५)

माथि आकाशमा यौटा टुक्रा बादलको उडयो
कालो गाजलको टीकाजस्तै आकाशमा थियो
(५६)

छेक्यो घाम बस्यो टाटो कालो यौटा जमीनमा
उजेली भरिली धर्ती-सुन्दरीको निधारमा
(५७)

सूर्य पश्चिम लम्कन्थे दिन छोटयाउने क्रम
सुस्त-सुस्त बिरालोभैं चाल मारेर हर्दम
(५८)

पात भारेर क्यै ठूला वृक्षलाई घुमीघुमी
हावा क्यै जोडले बग्थ्यो शक्तिशाली म हूँ भनी
(५९)

चौतारीमा अडे केही सोची कमल क्यै क्षण
सुस्ताएभैं गरी आँखा चारैतर्फ छरीकन
(६०)

रूखको फेदमा फेरि बिस्तारै उभिएपछि
अल्लारेभैं घुमे वास्ता कसैको नगरेसरि
(६१)

टाँसे त्यो रूखमा पर्चा राता अक्षरका ठूला
क्रान्तिकारी थिए नारा गर्न संघर्षका पुरा
(६२)

टाढा देखे कुनै मान्छे आउँदै थे त्यही क्षण
लागे बाटो उकालो ती मानौँ अन्जान भैकन

(६३)

सूर्यको ताप बिस्तारै घट्न थाल्यो बिदा हुन
साँझ पर्दै गएको थ्यो धर्तीको पाहुना हुन

(६४)

सूर्यले लालिमा छर्दै बाटो पश्चिमको लिए
बिदाको क्षणमा आँखा दुःखेझैँ तिनका थिए

(६५)

धर्तीले दुःख मानैझैँ 'लौ त' भन्दै बिदा दिइन्
भित्रैभित्र तिनी लाग्थ्यो विरही दुखिया थिइन्

(६६)

छरिए रङ्गिला पर्चा भित्ता, पर्खाल रङ्गिए
पढ्नेका मनमा नौला-नौला भाव तरङ्गिए

(६७)

बाटो कमलले फेरे शीतलु रातको पख
रूप नै बदले आफ्नो मानौँ हुन् भरिया अब

(६८)

झोला त्यो बन्दथ्यो उल्टो नाम्लामा बेरिएपछि
को भन्ला क्रान्तिकारी हो सर्वाङ्गै फेरिएपछि

(६९)

ऋतुले काँचुली फेर्छन् परिवर्तनका क्षण।
मान्छेले जिन्दगी फेर्छन् आशा राखी नयाँ हुन

(७०)

अँधेरो भो जसै धर्ती अँधेरो गाउँ बन्दछ
झ्याउँकीरी कराए झन् अनौठो स्वर गुँज्दछ
कतै शान्त कतै झ्याँझ्याँ घुमेला बत्ति छन् निकै
छिचोल्दै गाउँका बाटा अप्ठेरा ती हिंडे अझै

(७१)

ठनास्दै, झस्कँदै जान्थे यस्तैमा सुनियो पर
'गुहार् ! गुहार् ! मरें बाबा !' नारी चीत्कारको स्वर
(७२)

नारीचीत्कारमा चर्को पीडाको वेदना थियो
मान्छेले जिन्दगी मानौँ आफ्नै चोक्टचाउँदै थियो
(७३)

'राँणी ! बेस्से ! फुँडी ! मेरो मुख लाग्न तँ खोज्दछेस् ?
जा जहाँ जानु हो आजै राख्दै राख्दिनँ यो बुझेस् '
(७४)

सुँक्क बढ्दै गयो जत्ति उत्ति सारो लछार्दछ
घिसार्दै बिचरीलाई चारैतर्फ पछार्दछ
(७५)

घरका-परका केही रोक्छन् सम्झाउँछन् तर
कुर्लंदै, झम्टँदै लौरो-झटारो हान्छ निष्ठुर
(७६)

सेतो धोती लगाएको टुप्पी लामो कपालको
टीका ललाटमा ठाडो मान्छे हेर्दा कमालको
'कलिमा बिग्रिए स्वास्नी' भन्दथ्यो जङ्गिंदै अनि
रामको नाम लिन्थ्यो त्यो बुहारी पिट्दथ्यो पनि !
(७७)

टुक्रा बादलका काला नभमा डुल्दथे उता
छाती बादलझैं बन्दै धर्तीमा दुख्दथ्यो यता
(७८)

पाकेको रसिलो लाग्ने अम्बाको फल-पेटमा
सेता कीरा हुने गर्छन् दुष्ट छन् ती हरेकमा
(७९)

कसैले नचिनून् सोची नपोखी क्रोध बाहिर
आफ्नो बाटो हिँडे फेरि जानुपर्ने छ मास्तिर
(८०)

मैले मान्नु छ पार्टीको, मैले पुर्नु छ खाडल
मैले खोल्नु छ आकाश मैले च्यात्नु छ बादल

(८१)

सोच्दै यो, गाउँ त्यो छाडे वनको छेउमा पुगे
रात निस्पट्ट भै आयो हल्ला शान्त सबै भए

(८२)

हिँडाइ छ बिरालोको जस्तो, झोला छ काँधमा
चिप्लने डरले तिन्ले राखे चप्पल हातमा

(८३)

सास रोकी मुटू छोपी भिरालातिर चिप्लँदै
खरका, झारका टुप्पा समाती तह उक्लँदै
पसे ती वनमा, ठूला वनका रूखले तब
हावाको रूपमा दिन्छन् शान्तिको सास हर्हर

(८४)

टाढा जो टिल्पिलाएका बत्तीका जुन्किरी थिए
निभ्दै गए र आकाश जूनले हँसिला भए

(८५)

जूनको छिर्बिरि ज्योत्स्ना पातभित्र घुसी वन
कतै बाटो चिनाएका कतै झस्काउँदै मन

(८६)

थोपा-थोपा बनी खस्छन् तनमा बूँद तप्तपी
यस्तो सर्सर हावामा किन गर्मी छ हप्हपी ?

(८७)

शान्त शीतल यो वेला पसीना किन आउँछ ?
'पानीकै गर्भमा बत्ती शक्तिशाली उदाउँछ '

(८८)

देखिँदैनन् यहाँ वैरी तर यो डर हो किन ?
'कहिल्यै खतरा आए पहिल्यै सूचना दिन ?'

(८९)

शान्त शीतल हावामा ढुक्ढुकी किन चढ्दछ ?
शान्त सागरमै ठूलो बडवानल बढ्दछ '

(९०)

लड्यो डङ्लङ्ग क्यै झस्के के हो यस्तो अचानक ?
बाघभालु कुनै हो वा जीव हो जीवनाशक ?

(९१)

सकी काम सबै साथी आए हून् वनको घर ?
अथवा पक्रिए कोही रणको भर के छ र ?

(९२)

नसामा रक्त उम्लन्थ्यो मुटुमा ताप चढ्दथे
पाइला-पाइला सुँघ्दै सुस्त आँखा त्यतै दिए

(९३)

साम्य चाँडै भयो सारा वातावरण त्यो क्षण
सास थामेर नै हेरे कुरा के हो ? भनीकन

(९४)

देखे मान्छे थियो अग्लो छोटा केशहरू थिए
अर्को झन् बलियो मोटो, साससले मात्र बोल्दथे

(९५)

देखेथे जब बन्दूक खुकुरी साथमा तब
बुझे पक्रन आएका क्रान्तिका शत्रु सायद

(९६)

प्रहरी यसरी आए पिछा गर्दै भने यहाँ
खतरा अब पार्टीको क्रान्तिकारी प्रवाहमा
नदेखून् तिनले अड्डा नजानून् योजना कुनै
भन्ने सोची छिटो चल्थ्यो तिन्को मस्तिष्क तीव्र भै

(९७)

'ऐले भागेँ भने मेरै पिछा गर्लान् तिनीहरू
वनका भित्र ती बाँच्लान् खोजी गर्लान् तिनै बरु'

सोची ढुङ्गो गुडाएर शत्रुलाई छकाउँदै
भागे अर्को दिशा, आए शत्रु झन्झन् पछ्याउँदै
(९८)
अँधेरो तै रमाएर आयो धर्ती चुमी-चुमी
काला बादलले घेरे चारैतर्फ घुमी-घुमी
(९९)
यौटा बाघ सिकारीको फन्दा तोडी कुदेसरि
भागे संवेगमा दौडी बिजुली तनमा भरी
(१००)
यस्तो दौडे कि ती हावा बज्न थाल्यो सुवाँ-सुवाँ
लागे प्वाँखहरू मानौं उड्न थाले बतासमा
(१०१)
छहरा हड्बडाएझैं झर्ना ढुन्मुनिएसरि
कुदे ती वनका बाटा अँध्यारो त्यो चिरी-चिरी
(१०२)
झोलाका रङ्गिला पर्चा वनका झाँगमा झरे
कपडा तीक्ष्ण काँडाले च्यातिएर चिरा परे
(१०३)
गोडाका कापमा बग्दै चुहिँदै रक्त फैलियो
ढुङ्गामा छरिँदा वैरीलाई सङ्केत त्यै भयो
(१०४)
दौडन्थे बिजुली यौटा फाल हालेर बेसरी
छोप्ने बादल झैं लागे पछि प्रहरिका हुरी
(१०५)
यो वेला बिर्सिए सारा दुःखका घाउ पीडन
'हुन्छ सङ्कटका वेला यस्तो पीडा स्वयं कम '
(१०६)
आँखाले पहरालाई सानो पर्खाल ठान्दथ्यो
रूखका दर्बिला हाँगा झारका पात मान्दथ्यो
(१०७)

ढुङ्गा कोमल लाग्दै थे फूलगुच्छा भएसरि
'आत्माको दृढतासामु मान्छे गल्दैन क्यै गरी '

(१०८)

एक्लै भीर, ठुला कान्ला नाघ्दछन् सजिलै यहाँ
'वीर साहसमा जो छन् को चाहिन्छ र साथमा ?'

(१०९)

कडा प्रत्येक पीडामा सम्झन्थे जनता सब
'अर्काका निम्ति लड्नेले मान्दैनन् कहिल्यै दुःख '

(११०)

यसरी रात त्यो काटे लुक्दै भाग्दै शुरो हुँदै
राष्ट्रको निम्ति हो भन्दै राष्ट्रको ढुक्ढुकी छुँदै

(१११)

बिहानीपखमा छाती फ्वाँ-फ्वाँ पारी झरे तल
धम्की बढ्दै थियो, लाग्थ्यो उम्लन्छ रक्तको भल

(११२)

आँखा फुस्रा भएका थे मुटु बेसरी दुख्दथ्यो
देखिन्थे तिर्मिरे थोप्ला प्याक्प्याक्ती ओठ सुक्दथ्यो

(११३)

यै वेला मिर्मिरे ज्योत्स्ना पूर्वमा देखिएछ र
देखे ढोका उघारेको भर्खरै घर त्यो पर

(११४)

आँखाले देख्न छाडेझैँ अँधेराझैँ भए दिशा
गोडाले चल्न छाडेझैँ बन्दथे पाइला यता

(११५)

सारा शक्ति निकालेर आँखा च्यातेर हेर्दछन्
छाती फुट्छ कि झैँ हुन्थ्यो, मल्छन् आशा सँगेल्दछन्

(११६)

हातगोडा दुवै टेकी लड्दैपड्दै पुगे पर
होश-बेहोशका बीच नसोची भित्रिए घर

(११७)

'पानी ! बिन्ती चिसो पानी !' बोली यौटै छ केवल
'पानी जीवन हो हाम्रो पानी हो जीवको बल '

(११८)

उजेलो फैलिँदै आयो अँधेरो छाँटिँदै गयो
पाए चिसो सफा पानी त्यो नै सञ्जीवनी भयो

(११९)

पानीको शक्तिले सुस्त आँखा खोलेर फर्कँदा
देखे फेरि तिनै मान्छे तिनै बन्दूक दौडँदा

(१२०)

आयो शक्ति नयाँ उस्तै फेरि उम्लेर आँतमा
भागे वीर छिटो उस्तै ज्यान अर्पेर आँटमा

(१२१)

पैलो प्रातः थियो कस्तो सुनौलो पारिलो अहा !
यौटा प्रातः बन्यो यस्तो चोट ताप दिने कडा !

(१२२)

घामबादलझैं दौडे दुवै दल अघीपछि
सुस्केरा वायुले छाड्यो खेल हेर्दै थियो बसी

(१२३)

यौटी झर्खरकी उदास मनकी केटी थिइन् सुन्दर
प्रातःकाल भयो भनेर तिनले खोल्दै थिइन् द्वार र
देखिन् दौडिरहेछ मानिस कुनै आतेस मान्दै त्यतै
ढोकामा उभिएर बुझ्दछु भनी हेर्दै गइन् छक्क भै

(१२४)

देखी दृश्य अचम्म लाग्छ मनमा हेर्दै रहिन् टक्टक
आफैंतर्फ बढीरहेछ तर त्यो, छाती चल्यो धक्धक
प्रातःकाल कठोर ताप कसले पाईरहेको छ हँ ?
घाँटीसम्म पुऱ्याइ प्राण किन त्यो आईरहेको छ हँ ?

(१२५)

*   *   *

सातौँ फूल

भाग्दै ढुन्मुनिँदै छलेर प्रहरी हाँफ्दै र अत्तालिँदै
लुक्दै बल्ल पुगे तिनी पुतलिका सामू धतङ्गाउँदै
के पो सोध्नु थियो र ? आपत थियो धक्याउँदै ती पसे
'रक्षा गर्नुहवस् मलाइ' प्रिय हे ! भन्दै लडे जोडले

(१)

आँखा बन्द गरे, बढ्यो ढुकढुकी फुस्रो चढ्यो ओठमा
लाटो झैँ अनि बर्बराउन पुगे छाती बन्यो स्वाँ र स्वाँ
को आयो यसरी अचानक भनी तर्सेर केही तर
बेहोशीपनमा थिए कमल ती रक्षा गरिन् त्यो पल

(२)

पानी छम्कनुले तुरुन्त तिनले ब्यूँझी निकै सुस्तरी
'देवी ! छन् प्रहरी पछाडि अहिले देऊ लुकाई ' भने
आइन् बाहिर हेर्नलाइ प्रहरी देखेर टाढा , तर
'जाऊ भित्र' भनिन् थियो डर पनी एक्ली थिइन् आखिर

(३)

ढोका बन्द गरेर बाहिर बसिन् होला नि के लौ अब ?
शङ्का हुन्छ अनेक, चल्छ मनमा झन् द्वन्द्वको सल्बल
आएको बिचरा छ यो शरणमा पक्डाउनू के गरी
छल्ने निश्चय गर्दछिन् प्रहरि ती संवेदनामा परी

(४)

लाली पूर्व चढ्यो अहा ! क्षितिजमा धर्ती रँगीलो गरी
टाढा आइरहेछ ती प्रहरीको डफ्फा शिकारीसरि
सोचिन् नाटक नै गरे पनि भयो जे होस् पटाक्षेपको
'झूटोले यदि मिल्छ जीवन भने झूटो महासत्य हो

(५)

टुक्रा बादलका कुनै जल बनी गर्छन् यहाँ सिर्जना
बन्छन् बादल मृत्युझैं तर कुनै विध्वंसकारी यहाँ
कोही जीवन रोज्छ कष्ट जति होस् आत्माभिमानी हुन
टोकी जून कुनै खुशी छ नभमा राहू बनी हर्दम

(६)

आएको यसरी छ यो शरणमा बाँचोस् भनी सोच्दछिन्
'होला जे तर छल्छु छल्छु प्रहरी' बाटो कडा रोज्दछिन्
आए ती प्रहरी, हतार तिनले सोधे 'गयो क्वै ?' भनी
बोलिन् 'हो' तिनले स्वयं नयनले प्रत्यक्ष देखेसरि :–

(७)

यौटा मानिस भाग्दथ्यो अघि यहीं आतेसमानेसरि
स्वाँस्वाँ श्वास लिँदै थियो र दगुर्‍यो लाग्थ्यो कुदेझैं हुरी
त्यो बाटोतिर ऊ गयो अझ त्यतै हेरीरहेकी छु म
होला बीस मिनेट मात्र अहिले बढ्थ्यो छिटो धड्कन

(८)

आएथे प्रहरी कुदेर जसरी दौडे उही वेगमा
केहीबेर त्यतै घुरिन् डर थियो 'के हुन्छ ?' सोचीकन
ढोकातर्फ बढिन् र हातहरुले छामिन् स्वयं धड्कन
धक्धक्धक् तर झन् बढ्यो ढुकढुकी आतेस मान्थ्यो मन

(९)

हेरिन् स्वास थमाउँदै वरिपरी फर्केर चारैतिर
गल्लीमा, पथमा, कुना र घरका कौसी पखेरानिर
छैनन् क्वै पनि यो बुझेपछि तिनी विश्वासमा पर्दछिन्
ढोका डम्म लगाउँछिन् तर उनी दोधारमा पर्दछिन्
(१०)
हुन्छन् सज्जन रोज्दछन् तिनिहरू सच्चाइको जीवन
कोही छन् तर दुष्ट हर्दम हुँदै स्वार्थीहरूको धन
पाएनन् तर छोप्न ती प्रहरीले -फर्के सिकारी दल
कालो हुन्न कदापि जून जति नै छेक्दै हिँडोस् बादल
(११)
'बाँच्यो जीवन क्रान्तिको, तर ठुलो सङ्कष्टमा नै म छु
तिम्रो मद्दतले कृतज्ञ म बनेँ नित्यै म साभार छु
नारीको यस रूपलाई मनले पूजा गरेँ दुर्लभ
खै मैले कुन शब्दले शरणको आभार पोखूँ अब ?'
(१२)
सोधिन्,'को तिमी ? के गऱ्यौ ?भन छिटो आयौ बिगो के
राम्रो हुन्न कि झन् मलाइ यसरी तिम्रो सुरक्षा गरी !
जाऊन् ती प्रहरी भन्यो र मनले मैले बचाएँ, तर
मान्छेको रति हुन्न धर्म, तिनको लाग्दैन केही भर '
(१३)
गोलो पुष्ट पुटुस्स दीप्त मुहडा बान्की परेको तन
लामा केश टिमिक्क वक्ष कसिलो लोभ्याउँदो जोवन
थोपा टक्क अडचाउने चपल ती झिम्के परेलीहरू
हेरे केवल टक्टकी कमलले सोच्दै थिए के भनूँ ?
(१४)
'को हौ ? बोल युवा अमङ्गल कुनै वा हौ तिमी मङ्गल ?
दौडेको किन रात-रात यसरी भाग्दै घना जङ्गल ?
चोऱ्यौ क्यै ? अथवा दिदी र बहिनीलाई बिगाऱ्यौ ? भन
मान्छे मार्न भनेर दुर्नियतिमा लाग्यो कि तिम्रो मन ?
(१५)

बोलेनन् , तर हेर्दछन् युवतिमा, राम्री थिइन् हेर्नमा
लाग्थिन् फूल गुलाफको र वयमा ती सोह्र वा पन्ध्रमा
त्यो भन्दा पनि झन् सुगन्ध बहने सौन्दर्यको फूल हुन् ?
सारा सुन्दरता समेटिन पुगी यौटी फुलेकी थिइन्

(१६)

'के लाटोसरि हेर्दछौ ? भन छिटो को हौ तिमी ? के गऱ्यौ ?
केका निम्ति लघार्दछन् पुलिसले ? के कर्म त्यस्तो गऱ्यौ ?
के विश्वास र आज मानिस बनी हिँड्नेहरूको ? भन
डाँका,चोर, छली र तस्कर कुनै हौ दुष्ट वा सज्जन ?

(१७)

बोलीमा तिनको परन्तु दुखको आक्रोश केही थियो
पीडा क्यै मनभित्रको कहिँकहीँ संवेगजस्तै थियो
आँखामा रसझैँ र अग्नि पनि झैँ क्यै द्वन्द्व खेल्दै थियो
हेरे क्यै क्षण बुझ्न ती कमलले संघर्ष चल्दै थियो

(१८)

बोलूँ के अब ? सोच्दछन् कमल झन् ओढेर गम्भीरता
भन्नू भूल हुनेछ यीकन सबै संघर्षका यी कुरा
राम्री छन् तर भन्न हुन्न अहिले विश्वास कस्को छ र ?
'लाग्छे सुन्दर चट्ट क्या त बिजुली भत्काउँछे त्यै घर'

(१९)

बिस्तारै जलको पिएर मधुरो सञ्जीवनी उत्तम
ढोका, झ्याल सबै दिशा नयनले ठम्याउँदै जीवन
बोले सुस्त तिनी बनी सजग झन् 'हे सुन्दरी ! यो क्षण
के बोलूँ ? कसरी भनूँ हृदयको पीडा र संघर्षण ?

(२०)

तिम्रो सक्षम आँटले प्रिय सखी ! पाएँ नयाँ जीवन
को हूँ सक्दिनँ भन्न आज सुमुखी ! यस्मा म पाऊँ क्षमा
धेरै जीवनले सुखी हुन सकून् भन्ने छ हाम्रो प्रण
लाग्छौँ गर्न भनेर काम यसरी संघर्षका हर्दम

(२१)

यै हो देश जहाँ सपूत जननी जन्माउँछिन् उत्तम
यै हो देश जहाँ कलङ्क पनि छन् अन्यायमा हर्दम
कोही देश सपार्न पल्पल यहाँ हिँड्छन् नभोगी सुख
कोही स्वार्थ पुऱ्याउने सुर गरी लुट्छन् सबैका सुख

(२२)

लाग्यौ सुन्दर जत्ति छचौ वदनकी मन्की बढी छचौ तिमी
हुन्छन् सुन्दरता महान दिलका संसारका जीवनी
रक्षा आज गऱ्यौ सखी ! धरणिको छाती भयो उज्ज्वल
तिम्रो जीवन यो फुलोस् भन सखी ? कौ हौ तिमी निर्मल

(२३)

हामी हौँ सुन कोपिलाहरु मिले हावा र पानी दिने
हाम्रो जागिर चेतना घरघरै छर्ने र माया लिने
पूर्नेका सब तारिका अँजुलीमा जन्ताहरूको दिने
सेतो जीवनभित्र दाग नबसोस् यो लक्ष्यमा लम्किने

(२४)

जो नै हूँ तर मित्र हूँ सुन सखी ! यो देशको भक्त हुँ
यो माटोसित प्रेम वा प्रणयको माया छ आसक्त हुँ
पाऊँ लुक्न सखी ! म आज घरमा बिन्ती छ मेरो, बरु
जे राख्छचौ अब शर्तमा भन तिमी, त्यो गर्न तैयार छु

(२५)

खेले रङ्गबिरङ्गका पुतलिका मन्मा कुरा-तर्कना
यौटा मानिसले परी शरणमा माग्दै थियो जीवन
'केटी हूँ म अभागिनी, पुरुष यो, एक्लो छ मेरो घर ?
देख्लान् फेरि कुनै छिमेकिहरूले ? विश्वास कस्को छ र ?'

(२६)

हुन्छिन् चिन्तनमा निमग्न पुतली गम्भीरतामा किन ?
दिन्निन् के तिनले यहाँ शरण ? यो सोचेर एकै छिन
'यो वेला दिनको छ देख्छ प्रहरी भागूँ कसोरी ? भनी
बोले फेरि–सखी ! नसोच डर वा अन्योल केही पनि

(२७)

को होला ? तर यो भनी नगर हे ! आपत्ति केही पनि
श्रद्धा गर्छु ठुलो नमान मनमा शङ्का तिमी हे सखी
बिन्ती ! 'राख्दिनँ' शब्द आज नभने, मेरी तिमी बान्धव
मान्छे लाग्दछ काम दुःखसुखमा बाँधिन्छ नाता तब '

(२८)

सुन्दा चस्स बिभ्यो मुटू र तिनको बल्भ्यो कुनै वेदना
लाली फेरि उड्यो दुवै अधरको चस्क्यो भुईंको कुना
रेखा भै दुखको निधार भरिए, भौँ बाङ्गिए पीरका
कालो भो मुखमा दुख्यो हृदयमा थोपा खसे नीरका

(२९)

यिन्को रक्तिम लालिमा अधरको चोर्‍यो कि क्वै फूलले ?
के भो लौ किन कालिमा अझ चढ्यो मेरो भयो भूल के ?
के भो बादलहीन यो सगरमा ज्योत्स्ना बुझ्यो उज्ज्वल ?
सोधे– 'यो किन हो हँ ? आज यसरी बर्सिन्छ तातो जल ?

(३०)

छोएँ घाउ कुनै कि हे प्रिय सखी ! मैले नजानीकन ?
सोध्नै सायद हुन्नथ्यो कि यसरी ? देऊ मलाई क्षमा
तिम्रा ती गहको जलाशय सखी ! पीडा बनी बोल्दछन्
देखी रक्षक अश्रुमा, मन डढी आगो बनी पोल्दछन्

(३१)

मैले फूल अपार आज तिमिमा देखेँ फुलेको छटा
यास्तो स्निग्ध पवित्रता र दृढता पाइन्न यौटैमहाँ
केही पीर तथापि देख्छु किन छन् आँखा रसीला सखी ?
होला बुझ्न र के ? हुने यदि भए मैले बुझे हुन्छ कि ?

(३२)

बोलिन्– 'सुन्दर छचौ' भन्यौ र तिमीले छाती दुःखेको थियो
बल्झ्यो पीर पुरानु फेरि अनि यो आँखा भिजेको थियो
आँखा हुन्न त्यसै नदी युवक हे ! आँसू छ यो पीरको
सामन्तीहरुको र दुष्टहरुको षड्यन्त्रको, तीरको

(३३)

मेरो घाउ कडा छ यो युवक हे ! सुन्दा तिमी भाग्दछौ
लुक्ने आस गर्‍यौ, भनैं यदि सबै बाटो तिमी लाग्दछौ
मोले के कतिले भनूँ म कसरी ? घोचेर औजारले
पारे घाउ कहाँ ? कहाँ र कसरी ? बुझ्दैन संसारले !

(३४)

सेता घामसँगै सफा धरणिका पाखा थिए बाहिर
सेतो चर्मसँगै मुहार हँसिलो कालो भयो आखिर
आफैं चस्स दुःख्यो मुटू कमलको संवेदनामा तर
जिज्ञासा मनमा बढ्यो सुनिलिने यौटा कथा बर्बर

(३५)

कमल :

सोध्य्यौ को ? तर भन्न कारण भए केही लुकाउन्नँ म
हाम्रो जीवनमा सदा छ खतरा, के त्यो ? बताउन्नँ म
डाँका, चोर म हैन हे प्रिय सखी ! केही छकाउन्नँ म
तिम्रो पीर सुनेर राख्छु मनमा काहीँ सुनाउन्नँ म

(३६)

हूँला हर्दम मद्दती सुनयना ! यो आस गर्छ्यौ भने
मैले सुन्छु सबै अतीत भन हे ! विश्वास गर्छ्यौ भने
मैले सुन्दछु त्यो कथा नियतिको हो वा कसैको छल ?
के गर्दा धमिलिन्छ स्वच्छ नयना झर्नासरी निर्मल ?

पुतली :

'होला के त अतीत भन्न यसमा विश्वास मानी सब ?'
सोचिन् त्यो क्षणमा अचानक कुरा आए पुराना तब
नारी-कोमलता बनेर सजला बोलिन् थिए जे कुरा
सारा पीर व्यथा सुनाउन उनी लागिन् बितेका पुरा

(३८)

मेरो बालककाल सुन्दर थियो त्यो सिन्धुपाल्चोकमा
आमाको ममता र दूध गुलियो मायालुका कोखमा
भन्थे-'यो पुतली छ सुन्दर निकै होली उजेली चरी
यस्ती थैं कसरी भनूँ ? तर सबै भन्थे मलाई चरी

(३९)

मायाकै रसमा पढैंछु कखरा हुर्के बनी सुन्दर
जान्थे ती कसरी सबै दिनहरू बिर्सेछु मैले तर
एक्ली क्वै दिनमा कुनै युवकको देखेर उत्तेजना
नौलो कुत्कुति जाग्दथ्यो हृदयमा, भाग्थैं लजाईकन

(४०)

क्वैलीले वनमा वसन्त ऋतुका गर्थी सुनौला कुरा
सुन्दा ती गुलिया कुरा प्रणयका छुन्थ्यो मलाई पुरा
बढ्थ्यो हर्पल कुत्कुती हृदयमा नौरङ्ग पाएसरि
पूर्नेका दिन फैलिई गगनमा तारा उदाएसरि

(४१)

खुम्चन्थैं म अझै कुनै दिन बनी लज्जावतीको फुल
लज्जा बाहिर घुम्दथी मन भने गर्थ्यो निकै चुल्बुल
हेरी फूलहरू कुनै दिन भने आँखा निखार्थें त्यहीं
लाग्दा जून उजेलिंदै सगरमा माया सिँगार्थें त्यहीं

(४२)

बाखाका कलिला असाध्य गुनिला पाठा निकै मिल्दथे
पक्री काख लिएर तीसँग निकै चञ्चल् बनी खेल्दथैं
'क्या राम्री युवती !' भनी युवकले भन्दा -'ठिटी गाजले !'
'धत्' भन्थैं, तर फुल्दथैं हृदयमा झुक्थैं निकै लाजले

(४३)

मैले जनिनँ, प्रेम उच्च छ भनी विश्वास मेरो थियो
आफैं मोहित भैदिएँ तर उही निःश्वास मेरो भयो
आमा, बाबु र बन्धुबाट त्यसरी भागी हिंडेको कथा
छाती चर्र चिरिन्छ त्यो विगतको सम्झेर पीडा-व्यथा

(४४)

आँखा सल्बल भै टपाटप खसे मोती बनी ओठमा
सारै आहत भै अँधेरिन पुगिन् तड्पिन् उसै चोटमा
पीडा बल्भिन त्यो पुगेछ तिनको चस्केर झन् कोखमा
कामे थर्र गरेर ओठ तिनका टोकिन् तिनै ओठमा

(४५)

हो त्यो मानिस आउँथ्यो घर सधैं सम्बन्ध राम्रो थियो
गावैंको गतिलो भनेर उसमा विश्वास हाम्रो थियो
मेरो चञ्चलता र प्रेम उसको नौलो परेको थियो
छातीमा अझ कुत्कुती प्रणयको उस्ले भरेको थियो

(४६)

मैले प्रेम गरें मुटूभरि भरें आत्मा गरें अर्पण
मेरै जीवन हो भनी नयनको पानी गरें तर्पण
खोलेमा इतिहास त्यो सब यहाँ मैलिन्छ संसार यो
यौटा घाउ मिल्यो सधैं नपुरिने, होला पुरस्कार यो '

(४७)

तिन्ले फेरि भरेर आँसु गहमा आँखा दिइन् बाहिर
बाक्के फुट्न पनी निकै बल पऱ्यो आँसू खसे बर्बर
केही बेरपछी थुतेर फरिया आँखा पुछिन् निर्मल
बोलिन् फेरि अडेर एक क्षण ती सम्झेर उस्को छल

(४८)

'देख्थें खालि पवित्रता म उसमा हो प्रेमको देवल
एक्लैमा रहँदा सधैं म उसकै सोच्थें कुरा केवल
मान्छेसङ्ग कुरा छ जत्ति उसले त्यै मात्र पो सोच्दछ
जाने जत्ति उ बुझ्छ, गर्छ त्यति नै अन्यत्र के सक्दछ ?

(४९)

मेरो फूल शरीरमा भ्रमरको बढ्दै गयो चक्चकी
नौलो फूल बनी सुगन्धित हुँदै फक्रें, खुले पत्र यी
छातीमा छहरा तरङ्गित भए आँखा बने बन्द यी
आफ्नो 'भन्नु सबै समर्पण गरें, आफैं बनें बन्धकी

 (५०)

मैले जीवनलाइ अर्पण गरेँ लागेँ उसैका सँग
आफैँभित्र परागका कण सुँघी आफैँ बनेँ मग्मग
मैले जानिनँ जान्नु जीवन थियो अज्ञानमा ती दिन
मैले लाग्नु किनारमा तर थियो, बिर्सें किनारा लिन

(५१)

मान्छे बग्दछ भावनासँग भने चर्को नशा चढ्दछ
चिन्दा जीवन बन्छ फूल नचिने संङ्कष्टमा पर्दछ
मेरो इज्जत माडियो, धमिलियो, सम्पूर्ण मैलो भयो
सक्थ्यो जे हुन त्यो सबै हुन गयो विश्वास मान्दा भयो !

(५२)

आफ्नो देश छुटचो नयाँ मुलुकको नौलो कुनामा पुगेँ
मायाको उपहार पाउन भनी उस्का करामा भुलेँ
मैले सोचिनँ काँचका पनि निकै हुन्छुन् नि बुट्टा भनी
मैले सोचिनँ जिन्दगी रहरमा बन्छन् कि ठट्टा भनी !

(५३)

पोरा फुल्न पुगेर फड्फड भए, लाग्थ्यो बढ्यो छट्पटी
बोली बन्द गरिन् र ती नयनमा आगो बल्यो धप्धपी
लाग्थ्यो क्रोधित छिन् असाध्य अहिल्यै क्यै हुन्छ क्यै हुन्छ कि ?
हेरे छक्क हुँदै बसी कमलले काली तिनी क्रोधकी !

(५४)

'लोग्ने हुन् पशु ! कात्तिके कुकुर हुन् !' दाह्रा चपाई भनिन्
गोली लाग्न गएछ क्यार बघिनीलाई कि ? त्यस्तै बनिन्
वेला तात्दछ यो बुझ्के कमलले, सोची तुरुन्तै अनि
बोले–"संयम गर्नुपर्छ पुतली ! संघर्ष हो जीवनी

(५५)

के होला परिणाम ? मर्म नबुझ्की गर्छन् क्रिया जो सदा
भोग्छन् जीवनमा सदैव तिनले विश्वासको दुर्दशा
हुन्छन् जीवनमा अनेक नबुझ्की यस्ता ठुला भूल हे
के भो फेरि, त्यहाँ पुगेर कसरी आयौ तिमी फूल हे ?

(५६)

रोकिन् क्रोध र फेरि बन्छ तिनमा नारीपना कोमल
यौटा नेत्र पुछिन् परन्तु तिनको अर्को बह्यो भल्भल
लामो सास भरेर सुस्त तिनले पुछ्दै सुकाइन् जल
लाग्थ्यो बोल्न निकै भयो सकस, ती बोलिन् निकाली बल

(५७)

'घाउ पीप बन्यो, दुख्यो टनटनी, घोच्यो विषालू बनी
सारै पीर पऱ्यो अनी मन गऱ्यो मर्ने कुरामा बढी
यौटा ज्ञान खुल्यो–निभैं म जसरी होला सबैमा त्यही
मैले छुट्न सके तुरुन्त त्यसको गर्ने थिएँ औषधि

(५८)

आगो सञ्चित क्रोधको जति थियो ज्वाला बन्यो आँतमा
छुट्ने जाल गरें निकैसँग मिलें आशा दिएँ साथमा
आफ्नो भन्नु गुम्यो, बुझें हृदयको लज्जा गयो मैलिन
बाँच्दासम्म सतीत्व हुन्छ नबचे लज्जा म मानूँ किन ?

(५९)

आँसूमा पनि लुट्दछन् यदि भने के काम रोईकन ?
सोचेमा पनि मर्नको क्षण जहाँ पाइन्न क्यै साधन
हाँसेमा लुटिने, नहाँस लुटिने रोएर के काम त ?
हाँसेझैं गर जिन्दगी अब यहाँ यस्तै गरे नाम छ

(६०)

रोई हुन्न सुधार क्यै यदि भने गाला म धोऊँ किन ?
मेरो स्वत्व गयो, सुक्यो उर भने लज्जा म रोऊँ किन ?
सोचें, आँट गरें, बनें म रसिली साँच्चै हँसीलीसरि
झूटो नाटक हेर्छ विश्व त बुझें लागें म त्यस्तै गरी

(६१)

'मैले बिग्रनु जे थियो त्यति सबै बिग्रीसकें आखिर
भागी गर्छु र के बुझेपछि कुरा थुक्छन् सबै बाहिर
बाँच्नैपर्छ भने मजा सब गरी बाँच्नेछु' ढाँटी भनें
काट्ने गर्छ फलामले त सजिलै लोहा, बुझेकी थिएँ

(६२)

शङ्का क्यै दिनसम्म दुष्टहरुले गर्लान् म चैं डग्दिनँ
सोची नाटकको सुपात्रसरि भै मैले गरेँ एक्टिङ
को बुझ्थ्यो मनको कुरा र ? म छिट्टै विश्वासशाली बनेँ
मैले गर्नु थियो शिकार जसको त्यस्तै शिकारी बनेँ
(६३)

आत्माभित्र उजाड भै विगतका मुर्दा बसेका थिए
मेरो नाटकमा अनेक रुपका पर्दा खसेका थिए
भेटेँ त्यो 'विष' दुष्टलाइ सजिलै त्यै भेक यौटा दिन
सोचेँ बाँच्नु हुँदैन दुष्ट यसले खोसे भयो जीवन
(६४)

उम्ल्यो भल्भल तापमा रगत यो, चीत्कार गर्थ्यो मन
मैले देखिनँ भीडमा अरु कुनै उत्कर्षको त्यो क्षण
'बेलैमा यदि झारलाइ नचुँडे फैलन्छ बारीभरि'
सोचेँ, मार्न पुगेँ र बल्ल मनमा सन्तोष लाग्यो भरी
(६५)

मेरो यो मन उड्दथ्यो सगरमा चङ्गा उडेझैँ बनी
के होला अब ? सोच्दथेँ तर थिएँ आनन्द मान्दै पनि
सारा शक्ति झिकेर भीड छिचली भागेँ कता हो कता ?
गल्लीभित्र पसेँ, छिँडीमुनि लुकेँ, लागेँ कता हो कता ?
(६६)

धेरै चोट खपेर हो कि किन पो हो ? आँट नौलो बढ्यो
आफ्ना देश पसेर हो कि किन पो हो ? सास यौटा बढ्यो
जाने पो कसरी बिकेर यसरी त्यो सिन्धुपाल्चोकमा ?
सुन्ने गर्छ समाजले र दुखका यस्ता कुरा पो कहाँ ?
(६७)

यौटा त्रास बिकेँ भनेर मनमा, अर्को त हत्यातिर
यौटा मर्नु कि भन्दथ्यो मन उता बाँच्ने छ अर्कोतिर
सारै दिक्कतको बन्यो, समय त्यो आतङ्क उस्तै थियो
बाँच्ने हो कसरी ? नबाँच्नु किन पो ? अन्योल उस्तै थियो
(६८)

मेरो साथ थियो प्रशस्त रुपियाँ त्यो अस्मिता बेचिँदा
पैसै हो जुन होस् र जे जसरि होस् यैाटै हुने देखिँदा
पैले लाज थियो सुगन्धित छँदा आफैँ हराएँ जब
बाटो अन्य थिएन क्वै पनि यहाँ, यस्तै बिताएँ सब '

(६९)

आँखा फेरि झुके र ती गहहरू उस्तै रसीला भए
मोती फेरि गुडे र ती बहहरू उस्तै झरीला भए
छाती फेरि दुखेछ, चस्स मुटुमा रोपिन्छ काँडा पुन:
गाह्रो जीवन बाँच्नु हो सकसमा, बाँच्छन् हजारौँ जन

(७०)

हेरिन् त्यो घरबार सुस्त तिनले आँखा नचाई अनि
टाढा बाहिर बारिमा पनि घुरिन् , मुन्टो घुमाइन् पनि
लामो बोझिल तापबाट तिनले नि:श्वास फेरिन् जब
आँखा शून्य थिए तुरुन्त तिनका आकाश झैँ निर्मल

(७१)

चर्की बेस्कन फेरि शीतल हुँदै सुर्जे पुगेका पर
आशा होस् कि त पीर होस् न, नमरे बाँच्नै पर्‍यो आखिर
धेरै बेर दुवै नबोलिरहँदा तातो भएको पल
सन्ध्या भैकन सौम्य चल्दछ हवा चीसो बनी सर्सर

(७२)

'मैले गल्ति गरेँ कि क्यै ?' कमलको आत्मा डरायो यता
'मैले भन्न हुँदैनथ्यो कि ?' तिनको आत्मा डरायो उता
मान्छेको अनुहारमा जति बढी गम्भीरता आउँछ
भित्रैभित्र हुरी र बादल बनी संवेदना छाउँछ

(७३)

पाजी मानिस हुन् सबै जगतमा लोग्नेहरू दुर्जन
नारीलाई फकाइ स्वार्थ उसको पूरा गरेको क्षण
त्याग्छन् दुष्टहरू तुरुन्त यसरी बेकाम पारीकन'
सन्केझैँ बघिनी अचानक तिनी आगो बनिन् दन्दन

(७४)

एक्कासी तिनको बल्यो मुख र ती ज्वाला बनिन् धप्धप
आँखा लाल बने अँगारसरिका आँसू खसे तप्तप
तिन्ले टप्प टिपिन् अचानक छुरी दाह्रा किटिन् कट्कट
'यस्तै नै अनुहार त्यो पनि थियो !' हानिन् बनी घातक
(७५)
त्यस्ती शान्त चरी अचानक हुरी-आँधी बनेझैं गरी
झम्टेलिन् ? कसरी बुझुन् कमलले ? झस्के सिकारीसरि
रोके झट्ट बचेर आक्रमण त्यो रित्तो बन्यो बाहुलो
छोपे ह्वाम्म छिटो थिचेर पुतली खोसे छुरी धारिलो
(७६)
फाले त्यो खुकुरी-छुरी कमलले उम्लेर आयो मन
यौटा थप्पड जोडले थपिदिए केही नसोधीकन
धेरै बेर घुरेर शान्त अलि भै भैंमा बसाए अनि
बोले-'रक्षक हे ! गर्‍यौ किन यसो ? के दोष मेरो ?' भनी
(७७)
धोका घायल पार्छ वीर बघिनी ! माथ्यौं मलाई तर
यौटा मानिस मर्छ दुष्टहरूको के दुष्टता मर्छ र ?
यौटा दुष्ट मरेर अन्त्य सबको हुन्थ्यो भने हे सखी !
मान्छे आज हुँदैनथ्यो सुन स्वयं द्यौता स्वयं नै वली
(७८)
मार्ने हो यदि दुष्टता सब भने जन्ताहरूमा पस
तिन्को चिन्तन फिर्नुपर्छ तब यी सामन्त खस्छन् तल
ती हाम्रा शिरदेखि पाउतक छन् उत्कर्षमा बाधक
काट्नै पर्छ सबै जरा सब तिनी हुन् देशका घातक
(७९)
तिम्रो धड्कनमा म बुझ्दछु सखी ! खेल्दै छ जे-जे कुरा
आगो हो प्रतिशोधको प्रणयमा धोका हुनाले पुरा
तिम्रो भित्र महान प्रेम छ सखी ! उस्तै उज्याला गुण
त्यस्तै साहस देख्छु उत्ति तिमिमा छन् क्रान्तिकारी गुण
(८०)

हो पानी धमिलिन्छ बुझ्न नसके बन्दै महाघातक
पानी जीवनदायिनी अमृत हो बन्दैन त्यो बाधक
पानी बन्दछ रोग फोहर गरे, साफी गरे जीवन
तिम्रो जीवन बन्न सक्छ पुतली संघर्षको सद्‌गुण

(८१)

धेरै बेर कुरा गरेर दिनको वेला गएथ्यो जब
लामो सास सुसाउँदै कमल ती गम्भीर बन्छन् तब
बोले –'हे पुतली ऋणी म त बनें तिम्रो कृपाको ठुलो
मैले जान छ काम गर्न अब यो वेला गयो साँझको

(८२)

सोध्थ्यौ चिन्न मलाइ 'को भनि तिमी ऐले नभन्ने भएँ
मैले भन्नु निकै छ फेरि पुतली ! फर्केर आएँ भने
तिम्रो आँत चिरिन्छ चर्चर बनी मेरो म बोलूँ भने
हाम्रो मार्ग बिरिन्छ भावुक बनी सर्वश्व खोलूँ भने

(८३)

'यो हूँ' सक्दिनँ भन्न सम्झ यति नै नेपालको पूजक
वर्षा हुन्छ छिटै महाघनघटा त्यस्को म हूँ सूचक
होलिन् रक्तिम छप्छपी रगतको धर्ती छिटै नै जब
त्यो वेला तिमिले चिन्यौ यदि भने गर्नू तिमी गौरव

(८४)

नासिन्थें क्षणमा हजार क्षणको तिम्ले गऱ्यौ रक्षण
मेरो साथ दिएर क्रान्तिपथको यौटा बचायौ कण
होला क्वै दिन फेरि भेट तब त्यो संयोग हेओइन
यौटा भन्छु कुरा सके बुझ तिमी, सन्देश यो होइन

(८५)

मैलो ठान्न हुँदैन यो वदन हे ! मैलो त हो चिन्तन
हाँसो मात्र हुँदैन जीवन सधैं संघर्ष हो जीवन
आफ्नो साहस साँच बन्छ कि कतै उत्कृष्ट संघर्षण
मान्छे हिम्मत गर्छ नै यदि भने अप्राप्य के पो भन ?

(८६)

सयको शून्य छोडेमा सय त्यो दश बन्दछ
दशमा शून्य जोडेमा फेरि त्यो सय बन्दछ

(८७)

जिन्दगी शक्तिको खेल शक्तिको मेल हो सब
खेल्न सक्ने भए उठ्छ नजाने मात्र डुब्दछ

(८८)

निराशासित बाँचेमा 'दुःखी जीवन' फल्दछ
चुनौती तर ठानेमा त्यहीँ संसार बल्दछ

(८९)

हिँड्न जान्यो भने धूलो गोडाको आड बन्दछ
नजाने शिरमा चढ्दै मैलो संसार गर्दछ

(९०)

मैनबत्ती निभाएर उजेलो खोज्छ मानव
भने जीवनमा कस्तो उज्यालो पाउला अब

(९१)

गयो छक्क बनाएर चिनाई नचिनाउँदै
खल्लो-खल्लो तुल्याएर रातिमा त्यो बिदा हुँदै

(९२)

के भन्यो ? के भन्यो ? जस्तो, क्यै भन्यो क्यै भन्यो पनि
गैसक्यो -गैसक्यो जस्तो यैं थियो यैं थियो सरि
क्यै दियो क्यै दियो जस्तो क्यै लग्यो क्यै लग्यो पनि
सपना-सपना जस्तो बिपना -बिपना पनि

(९३)

* * *

आठौँ फूल

आँखाबाटै जाँदैन त्यो
मुटुबाटै जाँदैन
धेरै दिन भयो
पुतली उदास-उदास !
तिनलाई कसैले झकझक्याएको छ
तिनलाई कसैको याद आएको छ
तिनको आफ्नै सिरानीनेर
उसले किताब छाडेर........?
उसले विश्वास छाडेर ......?
तिनले हेरिन् परपर
एउटा आकृति -आकृति ...
ऊ त्यही मान्छे पो हो कि ?
तिनको मन छटपट -छटपट
ऊ त्यसैको मान्छे पो हो कि ?

उफ् ! त्यो त्यसरी आएकै किन ?
उसले एउटा सन्ताप दिएर...?
उसले एउटा सन्त्रास दिएर...?
पुतलीलाई चित्त वुझेन !

* * *

सम्झनाबाटै जाँदैन त्यो
मनबाटै जाँदैन
यस्तो किन भयो ?
त्यो ठूलो दोषी थियो कि ?
भागी-भागी आएको .....
हैन निर्दोष नै थियो कि ?
साथी-साथी भएको ....
स्मृतिमा फेरि झलमल झलमल
मनमा फेरि अलमल-अलमल
यो मन किन त त्यसरी पछ्याएर...?
आत्मा किन त यसरी अत्याएर...?
त्यो कुनै आफन्त थियो कि ?
उसले केही बताएर....?
त्यो कुनै आक्रान्त थियो कि ?
तर क्यै क्यै छकाएर ....?
—पुतली आफैं छक्क परिन् ।

* * *

आँखाबाटै जाँदैन त्यो
आत्माबाटै जाँदैन
के भएको हो ?
सम्झेर होला कि उसले
याद मात्रै भएको ?
बिर्सेर होला कि उसले
आस मात्रै भएको ?

तल तर टक्क-टकटक
ठनासिन् -ढोका ढकढक ढकढक
एउटा मान्छेको डाँक थियो
हुलाकी मान्छेको आँट थियो
हैन यो पठाएकै कसले ?
हातमा चिठी आँतमा सिठी
चिठी कसले पठायो ? उसैले ?
उसैले ...उनको छाती धकधक
उसैले ...उनको मुटु ढुकढुक
पुतली देखेर वाल्ल परिन् !
* * *

'पुतली ! आँखाकी पुतली !'
हा ! नाम उसैको
हाय ! सम्मान उसैको
पल्टाइन् - आह्वान उसैको
पढिन् , पढिन् र पढिन् ,
विश्वास हुँदैन
वल्टाएर पढिन्
पत्यार हुँदैन
पल्टाएर पढिन्
दोहोऱ्याएर.. तेहोऱ्याएर..
हा ! चिठी पक्का उसैको
विश्वास पक्का उसैको !
किन उडाएर लाँदैन हावाले ?
चिठीको डाँक उसैको
किन सम्भाएर जाँदैन बाटाले ?
स्मृतिको सास उसैको
कमल ! कमल ! कमल !
–पुतली लाजले राती भइन् ।
* * *

उमङ्ग सेलाएरै जाँदैन
भाव वैलाएरै जाँदैन
चिठी फरफरायो फरफर-फरफर......सखी पुतली !
प्रिय सखी पुतली !
कालीचूर छ आकाश
चिस्यान धर्तीभरि
कालीचूर छन् दिशा
हिंसा मान्छेभरि
घाउ अलिअलि गर्दै देशको
थालेको छ – इरहेछ
पाक्न-दुख्न र टन्कन
चि ss ई ss सो पानी एउटाले
ता ss तो हावा अर्कोले
काँडैकाँडाले गोबेर घाउ
उम्लन, बम्कन, आक्रोशित
उफ् ss हुलुल्ल निस्कँदै
पग्लँदै सलल्ल बग्दै
सन्त्रस्त मेरा छाप्राहरू
बीभत्स -बीभत्स भेरा पाप्राहरू
उफ् ! पुतली ! मेरो देशको घाउ ?
घाउ अब रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दुख्न थालेको छ
–तिनले धमिलो-धमिलो बुझिन् ।

* * *

आँखा नदेखी मान्दैन
कान नसुनी मान्दैन
प्रिय सखी पुतली !
शस्त्र छैनन् मेरो देशमा -शान्ति...?
त्रस्त छैनन् मेरो भेगमा -शान्ति...?

तर भ्रष्ट....देश असाध्यै -असाध्यै
तर तप्त ..देश अचाक्ली -अचाक्ली
रात...आज उत्तिकै लाज !
दिन... आज उत्तिकै दीन !
डाहा...छातीमा पोल्दै-पोल्दै
क्रान्ति....साथीमा बोल्दै-बोल्दै–
दूधहरूहो !
रगत भइदेऊ-रगत भइदेऊ
हातहरूहो !
फलाम बनिदेऊ ...फलाम बनिदेऊ
आऊ....आफ्नै आँखाले हेर
मेरो देशको घाउ.....
घाउ अब रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दुःख्न थालेको छ
–पुतलीले केही-केही बुझिन् ।

* * *

'विचार नचली मान्दैन
छाती नबली मान्दैन
प्रिय सखी पुतली !
यी औंसीका रातहरू !
कालोले जून छेकिए
आकाशले तारा दिन सकेन
अँधेरिएर सारा आकाश
धर्तीले उजेलिन सकेन
छेकिएर सारा धर्ती
माथि-माथि मात्र यौटा बत्ती झलमल-झलमल
तल-तल मात्र यौटा बत्ती फुसफुस-फुसफुस
तुवाँलो फाट्दै पूर्वमा अलिअलि
भाग्नतिर अँधेरो सुस्त-सुस्त

डुल्नतिर उजेलो सुस्त-सस्त
मेरो देशको घाउ
घाउ तर रगत बनेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दु:ख्न थालेको छ
–पुतलीले अझ केही बुझिन्।
* * *

'स्वाभिमान सहनै जान्दैन
अत्याचार सहनै मान्दैन
प्रिय सखी पुतली !
पञ्चायतको आज यो
बलिया -बलिया यसका थामहरू
खुसुर-खुसुर धमिरा...?
फुसुर-फुसुर धूलो...?
भाँच्चिन-भाँच्चिन हरिस हलोको !
टुक्रन-टुक्रन बीँड कोदालीको !
खिइन-खिइन धार हँसियाको !
किच्चिन-किच्चिन डोका बाँसको !
आस्था र आत्मा
थिचिएर-मिचिएर-माडिएर
मसी र कलम
तर उत्साह लिएर-सन्देश दिएर
डाँक....नयाँ बिहानीको हाँक,
र मेरो देशको घाउ
घाउ तर रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दु:ख्न थालेको छ

–पुतलीले अलि स्पष्ट बुझिन्।
* * *

न्याय नखोजी बन्दैन
जीवन नभोगी बन्दैन
प्रिय सखी पुतली !
फैलँदै-फैलँदै अब घाउ
विभिन्न ढङ्गमा-विभिन्न अङ्गमा
लुतो बनेर–ज्वरो बनेर
बिफर बनेर–उफ् ! एड्स बनेर
च्यात्दै-च्यात्दै किताबहरू
भाँच्दै-भाँच्दै कलमहरू
मार्दै-मार्दै जीवनहरू
विनाआतङ्क मान्छे गल्दै
विनायुद्ध मान्छे ढल्दै
यतै गोली ! उतै गोली
उफ् !गोली !गोली ! गोली –
बोलीको, अभावको, सन्तापको
गोली दिनहुँ मौलाएर
गोली यसरी बहुलाएर
मेरो देशको घाउ....
घाउ तर रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दु:ख्न थोलेको छ
–पुतली आतङ्कित भइन् ।

* * *

'आवाज, नबोली खुल्दैन
विश्वास, नरोपी फुल्दैन
प्रिय सखी पुतली !
हिम्म्तहरू तर हजारौं देशमा यो
सयौं-सयौं विदेशमा
हिम्मत कुनै दरबार पसेर
खस्कँदै...... खस्कँदै...

हिम्मत कुनै भूमिगत बसेर
निस्कँदै-निस्कँदै
कुनै सुरिएर-जुरमुरिएर
हिम्मत बाँडिई दुर्गन्धमा-सुगन्धमा
टुक्रा-टुक्रा, कण-कण
लुतो ! डन्डीफोर ! पिलो !
टुक्रा बिकेर कुनै
रगत ! पीप ! दुर्गन्ध ! उफ् !
तर हिम्मतहरू कनै
झापामा बलेर, पिस्करमा अल्झेर
सुस्तामा तम्केर, सुखानीमा टन्केर
भीमानमा उम्लेर छिन्ताङ हर्रेबर्रे हुँदै
उफ् ! देशको घाउ !
घाउ अब रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दुःख्न थालेको छ
—पुतली प्रताडित भइन् ।

* * *

'घाउ दुख्दै छ अझै
दुःख बढ्दै छ अझै
प्रिय सखी पुतली !
रामबहादुर हिँड्यो –
हिँड्यो कोदाली उठाएर
बिँडीको सर्को तान्दै
ऊ हलो उठाएर हिँड्यो
कम्मरमा पटुकी कस्दै
ऊ जुरमुराएर हिँड्यो
टालेको कमीज, फाटेको टोपी
तैपनि ऊ मुस्कुराएर हिँड्यो ।
रामबहादुर खेतमा पुग्यो –

उत्साह गाएर पुग्यो
तीन वर्षे छोरालाई सम्झेर
खेत सुमसुम्याउन पुग्यो
डेढ वर्षे छोरीलाई सम्झेर
पसीना पुछ्यो उसले
श्रमका मसिना-मसिना पुछ्यो
छऱ्यो-खेतमा बीउ छऱ्यो
धर्तीको छाती उर्वर गऱ्यो
छोरीको कलिलो मुख सम्झेर छऱ्यो
छोराको भोलिको सुख सम्झेर गऱ्यो
फल्यो उसको पसीना फल्यो
धान भएर फल्यो
उसको आह्वान भएर फल्यो
धान फल्यो-उसको आस्था फल्यो
धान पाक्यो-उसको आत्मा फुल्यो
धान झऱ्यो-उसको विश्वास फल्यो
उसलाई हावा,
तर परपर...ताप बनेर
धान तर परपर...राप बनेर
उफ् ! प्रिय सखी पुतली !
उसले भरुवा मात्र पायो झरुवा पाएन
उसले पात मात्र मायो बिरुवा पएन
बुझ्यौ ?
रामबहादुरकी छोरीले खान पाइन
रामबहादुरको छोराले खान पाएन
आँखा सुन्निएर आए आँसु आएन
रामबहादुर रोयो उसले खान पाएन !
—पुतली परेली भिजाएर रोइन् ।

* * *

'कथा यस्तै छ अझै
व्यथा बढ्दै छ अझै
प्रिय सखी पुतली !
बिर्खे मस्केर हिँड्यो,
हिँड्यो सुरिलो सुसेलेर
गैंती हातमा
पहरालाई जिस्क्याउँदै
गल साथमा
चट्टानलाई इख्याउँदै
बाटो चौडिएको छ
दृश्य उसका आँखाभरि–
ऊ प्याकुलीसित दौडेको छ
मोटरमा बसेर सुलुलु....?
उसको चिटिक्क घर
हाँस्छ मुसुक्क कमेरोमा
गाजल लाएर गेरूको
आहा ! बिर्खे जोसियो
जोसियो पहरा ठोक्दै
जोसियो चट्टान फोर्दै
ठेला हातमा चोट पाउमा
झाडसँगै भीरसँगै बमसँगै
थिचिएर गोडा, किचिएर हात
धूलोसँगै, बारुदसँगै, रोडासँगै
लत्रयो पहरा वीरसामु
झुक्यो चट्टान शूरसामु
बाटो लम्पसारमा उभिएर बिर्खे हाँस्यो
हाँस्यो प्याकुलीसँगै बाटामा
आँखामा कारमा सुलुलु...?
हाँस्यो सपनाकी बेहुलीसँगै बाटामा
आँखामा मोटरमा सुलुलु ...?

कार तर आयो परबाट
चमचम चम्कँदै आयो -बिर्खे मुस्कुरायो
सुलुलु लम्कँदै आयो -बिर्खे मुस्कुरायो
बिर्खे झस्क्यो र करायो
हात दिएर करायो
आवाज दिएर करायो
कार धकेल्दै उसलाई सुलुलु....सुलुलु...?
कारले ठेल्दै उसलाई सुलुलु...सुलुलु..?
उसले त फगत् चोट पाएको छ
नाकभरि धूलो पाएको छ
आँखाभरि फुलो पाएको छ
प्रिय सखी पुतली !
आज बिर्खेको आँत रोएको छ
आज बिर्खेको जात रोएको छ
बुझ्यौ ?
बिर्खेले बाटो रोज्न पाएन
उसले कार चढ्न पाएन !
—पुतली गह पुछेर रोइन् ।

* * *

'पीर उत्तिकै छन् बढ्दै
नीर उत्तिकै छन् खस्दै
प्रिय सखी पुतली ?
कमानसिंह रमायो -मुस्कुरायो
मुस्कुरायो आफ्नी गोरीलाई हेरेर
—स्कूल बन्दै छ रे ! शिक्षा खुल्दै छ रे
उसले रमाएर बोक्यो
माटो बोक्यो, ढुङ्गा बोक्यो, ईंटा बोक्यो
पानी बोक्यो, काठ बोक्यो, फलाम बोक्यो
काँधमा छाला भाग्यो - ऊ मुस्कुरायो

पिठयूँमा चोट लाग्यो ऊ मुस्कुरायो
—ज्योति खुल्दै छ रे ! उज्यालो डुल्दै छ रे
ऊ साहसमा झुन्डियो
रस्सीमा झुन्डियो—स्कूल चम्क्यो
हात सङ्केर आया—ऊ मुस्कुरायो
गोडा मर्केर आया—ऊ मुस्कुरायो
—तातो चल्दै छ रे ! आगो बल्दै छ रे !
ऊ खुशीले हाँस्यो
आँखाको नानीमा छाम्या—छोरो हाँस्यो
फैलेको छातीमा छाम्या—छोरी हाँसी
धड्केको मुटुमा छाम्यो—गोरी हाँसी
उसले हाँसेरै समायो
दायाँ हात दिएर छोरी समायो
बायाँ हात दिएर छोरो समायो
अब त पढ्न पाइन्छ ...
ऊ स्कूलको गेटमा पुग्यो
यहाँ त सयौंको शुल्क चाहिन्छ ?
ऊ स्कूलको गेटमा रोकियो
प्रिय सखी पुतली !
असह्य भएर दुख्यो
मुटु नै टन्केर दुख्यो
छाती नै बल्भेर दुख्यो
बुझ्यौ ?
कमानकी छोरीले पढ्न पाइन !
कमानको छोराले पढ्न पाएन !
—पुतली आँसु झारेर रोइन् ।

* * *

'तर वास्ता नगरेर कुनै
आस्था नगरेर कुनै

प्रिय सखी पुतली !
समय तर यसरी घुमिरहेछ–घुमिरहन्छ ,
घुमिरहन्छ सेतो भएर, कालो भएर
घुमिरहन्छ पालो भएर, आलो भएर
र म मेरै देशमा छु
मेरै लेकमा छु र मेरै भेकमा छु
थाहा छ ओइलाइरहेथे र ओइलाइरहेछन् ओठहरू
चहऱ्याइरहेथे र चहऱ्याइरहेछन् घाउहरू
केही फुक्का भएर हावा
केही रूखो भएर आशा
समय तर म देख्दै छु
घुमिरहेछ–घुमिरहन्छ
'रहन नसकेर कतै
सहन नसकेर कतै
प्रिय सखी पुतली !
मान्छे चिच्याइरहेछ–चीत्कारिरहेछ
आर्त बन्दछ अन्याय परेर न्याय गलेर
आर्त बन्दछ पीडा बढेर आस्था जलेर
र म छेवैमा छु
बुझ्दै छु र यथार्थ सुन्दै छु
'मलाई मृत्यु देऊ ! मृत्यु देऊ !
अहँ म सहन सक्दिनँ
मलाई अन्धकार देऊ ! अन्धकार देऊ !
अहँ म देख्न सक्दिनँ'
एउटा चीत्कार ! एउटा आर्तनाद !
केही कालो भएर आकाश
केही आलो भएर प्रकाश
समय, तर म देख्दै छु,
घुमिरहेछ–घुमिरहन्छ'

* * *

'मुख बाएर कतै
क्रोध ल्याएर कतै
प्रिय सखी पुतली !
कालै आएको छ अन्धकार
नजिकै नजिकै ओइरेर फैलेर
सुरिँदै सुरिँदै मैले
र म साथैमा छु
हेर्दै छु र उसलाई चिन्दै छु
बालक तर्सेर ज्यादै आमाको काखमा
मातृत्व तर विवश विवश
सुँकसुँकाइरहेछ बिन्ती गर्दै
नआऊ कृपया वर नआऊ ?
तर ढुस्स दुर्गन्ध भरेर पोल्टामा
मृत्यु हाँस्दै छ–फुस्फुसाउँदै
छर्दै निर्मम अन्धकार
गर्दै असह्य अत्याचार
समय, तर म देख्दै छु ,
घुमिरहेछ–घुमिरहन्छ'

* * *

'चित्त दु:खाएर कतै
पीर पचाएर कतै
प्रिय सखी पुतली !
हाम्रो देश अशान्त छ
लाल किरणहरू निस्कँदै छन्
चिरेर बादलका झुन्ड, बनेर डफ्फा
भिरेर मृत्युको कात्रो, प्रचण्ड बनेर लप्का
टिप्दै छन् झारले लप्का
टिप्दै छन् पातले लप्का

झाँक्दै कुना र कन्दरामा
सूर्य सन्देश छर्दै छन्–जाग !
आगो फुक
बल-दन्क र बेसरी
बतास हम्कँदै
चल-कुद र बेसरी
नडराऊ ! नहडबडाऊ !
डाँक सुन
बिहानी गोल्सजन पूर्वबाट
मिरमिरे-मिरमिरे बाटो
ज्योत्स्ना आउँदै छ
छर्दै उजेलो प्रकाश
गर्दै किरणको प्रसार
समय, तर म देख्दै छु,
घुमिरहेछ–घुमिरहन्छ'

* * *

'आस्था उठाएर निकै
क्रान्ति चलाएर छिटै
प्रिय सखी पुतली !
देशभक्त लाग्दै छन्
गल्लीमा-पहराभित्र–कन्दराभित्र
चुपचाप–चुपचाप–चुपचाप !
आवाज भड्किरहेछ
खासखुस–गुमसुम–गुमसुम
विश्वास फर्किरहेछ
आश्वस्त–आश्वस्त–विश्वस्त
र म तिनैसँग छु
गर्दै छु र अनुरोध गर्दै छु
चल हावा बेसरी

यी कुरा सुनाएर–यो सन्देश सुनाएर
चर्क घाम बेसरी
यो जगत् तताएर–रगत तताएर
नलरबराऊ–नहडबठाऊ !
उठ उठ दिदी !
आगो बाल्दै र खाँडो पखाल्दै
उठ उठ बैनी !
काँडा फाल्दै र चोली टाल्दै
विश्वासलाई उठाएर
मान्छेलाई जगाएर
समय, तर म देख्दै छु,
घुमिरहेछ–घुमिरहन्छ'

* * *

हेर्दै पढ्दै–पढ्दै हेर्दै
देश एउटा सुन्दर देश ?
पढिन–गह रसाएर पढिन्
पर अलि माथि क्षितिजमा
एउटा चरो स्वच्छन्द उड्दै
गह पुछेर हेरिन्
'कमल ! कमल !! कमल !!!
खिया हराएर फलामको
चम्क्यो खुकुरी
र म बन्दै छु–भन्दै छु :–
प्रभातका लालकिरण जिन्दावाद'
–पुतली जोडले कराइन् ।

* * *

नवौं फूल

यो हो मेरो अमरपुर हे ! काठमाडौं भनेको
डुङ्गाजस्तो हरित कणको रूप पाई बनेको
सारा मान्छे मधुर यसको रूपमा फर्किएको
टुक्रा यौटा सुन प्रकृतिको स्वर्गले अर्पिएको

(१)

आऊ हेर्दै यस प्रकृतिमा तिर्सना मेट्नलाई
बिर्सौला छन् यदि दुःख भने सिर्जना हेर्न पाई
आएका छन् सब नव टुँडा स्वर्गका यी पलाई
अर्पेका हुन् सकल युगले भेट नेपाललाई

(२)

धर्ती सारा घुम र पहिले बुझ्न आऊ कहानी
फर्कीफर्की घुकफिर गरी हेर यो राजधानी
होला तिम्रो हृदय हरियो देख्न पाएर दृश्य
देखे हौला भन त तिमिले दृश्य यस्तो विचित्र !

(३)

साना डाला टपटप टिपी टक्क पारी कलामा
राखेजस्ता वरपर यहाँ हेर चारै दिशामा
देखेथ्यौ के भन त तिमिले उच्च सौन्दर्य यस्तो ?
चौघेरामा घुम पथिक हे लाग्छ आनन्द कस्तो !

(४)

टाढाटाढा हिमशिखरका उच्च थुम्का उठेका
हेर्दै यस्को अमर महिमा छक्क पर्दै बसेका
चीसो हावा सिरिसिरि गरी बग्छ क्या सुम्सुम्याई
साँच्चै हो यो कि अमरपुरी ? स्वर्गको वा बसाइँ ?

(५)

बेहानीमा तपतप हुँदै शीत खस्छन् तरेली
लाग्छन् हुन् ती प्रणय-मदिरा सिर्जनाका परेली
लट्ठिन्छिन् क्या प्रकृति मदमा यो सुराले लठ्याई
लोलाएका नयन सजला प्रातमा चुम्न पाई

(६)

प्याला पो हो कि त प्रकृतिको साँझमा स्वर्णको यो ?
वा सन्ध्यामा प्रणयरसमा लट्ठिने धून यो हो ?
वा सन्ध्याले रङबिरङका फूलबुट्टा भरेको ?
वा हो हाम्रो टपरि महिला सुन्दरीले खुटेको ?

(७)

यो सन्ध्यामा वरपर अरे ! हेर बत्ती बलेका
कस्ता प्यारा चमचम हुँदै ज्योति भै फैलिएका
के होला यो ? भन न कसरी हुन्छ सौन्दर्य यस्तो
विश्वात्माको सुमधुर कला एक बन्दै छ जस्तो

(८)

राता सेता कि त बिजुलि हुन् तारिका यो धराका
वा यी नौला अमरपुरका सिर्जना हुन् कलाका ?
सारा डाँफेसँग कि विधिले रङ्ग मागेर ल्याई
छर्केका हुन् यस नगरमा रात यस्तो सजाई ?

(९)

बुट्टा कोर्दै सकल विधिले वा कचौरा बनायो ?
माया गर्ने कि त रसिकले यो कचौरा खन्यायो ?
वा शिल्पीले पलपल कुँदी यी तरेली बनाए ?
वा प्यारो सुन्दर शहर दी विश्वकर्मा रमाए ?

(१०)

हो यै हाम्रो मुलुकबिचमा बुद्ध केही उदाए
जन्मे धेरै सपुत जसले शत्रु लाखौं हराए
सीता जन्मिन् भृकुटि यसकै सभ्यतामा उदाइन्
यै माटोमा मगमग हुँदै भूमि हाम्री रसाइन्

(११)

माटोमाटो अझ पनि यहाँ बुद्धको गन्ध हेर
ढुङ्गाढुङ्गा अझ पनि यहाँ वीरका चिन्ह हेर
हावाहावा कणकण छुँदै देशका भक्त डुल्छन्
पानीपानी छङछङ हुँदै कर्मसन्देश फुल्छन्

(१२)

यस्तो मेरो अमर तपसी सिर्जनाको धरामा
लाग्दै आयो दिनहुँ धमिरा व्यक्तिको स्वार्थतामा
हाँस्ने हाम्रा अधरहरूमा पर्न थाले कलेटी
वैरी हाम्रै घरदलिनमा कस्दछन् हा ! पलेटी

(१३)

यी हुन् वल्ला झलमल हुने व्हिस्कि बेच्ने दुकान
ती हुन् पल्ला प्रहरिहरूका पीटि खेल्ने बथान
यो भो जूवा, जहर, मदिरापानको राजधानी
यो भो ठूला अफिमहरूका मानको राजधानी

(१४)

कस्तो छायो हुरि मुलुकको सभ्यतालाइ खाने
यो के आयो हिमशिखरको सिक्ततासम्म लाने
आफ्नै छोरा नरपशु हुँदा दुख्छ छाती जलाई
आफ्नै छोरी पनि बदलिँदा दुख्छ ज्यादै मलाई

(१५)

हाँस्दै खेल्दै पसल विषको हेर निश्चिन्त कस्तो
चाख्ने थोरै गरिब बिचरा ! पक्रिँदो चोरजस्तो
यो भो पैसा-चमक,सुनका भक्तको राजधानी
यो भो गुण्डा, धन र बलका शक्तिको राजधानी

(१६)

नेपालीले किन र कसको रङ्ग पाएर आज
यस्तो कालो मलिन तमझैं बन्न थाल्यो समाज ?
हेर्दा लाग्ने द्रुत गति लिई हुन्छ हाम्रो विकास
साँचो भन्दा तर धमिलिँदै बढ्छ हाम्रो समाज

(१७)

लुट्दै लाखौं गरिब-निमुखा, बन्दछन् क्वै महान
केही पैसाविन तर यहीं मर्छ मान्छे तमाम
यो भो ज्यूँदा तन निलिदिने बाघको राजधानी
यो भो आँखा पनि बिझिदिने रातको राजधानी

(१८)

झल्कीमल्की शहरभरि छन् लाग्दछन् हुन् बहार
हेर्दा लाग्छन् रिमझिम सुखी जिन्दगी छन् अपार
देख्दा मान्छे रसमय छ यो सुख्ख पालेर बस्छ
बुझ्दा फर्सी तर उदरमा कीर्ण पालेर बस्छ

(१९)

फाल्छन् खाना प्रतिदिन कुनै उच्च ठानेर शान
कोही भर्छन् उदर त्यसले पाल्दछन् मात्र ज्यान
यो हो थुङ्गा पनि डुबिदिने नीरको राजधानी
यो हो मान्छे विचलित हुने पीरको राजधानी

(२०)

क्वै द्यौताका पछिपछि यहाँ अन्धताभित्र बाँच्छन्
'द्यौता' हाम्रो शहरभरि छन् मूर्तिमा, चित्रमा छन्
पूजा गर्नेहरु पनि निकै धर्मका, जातका छन्
द्यौता बेच्नेहरु तर यहीं रातको ताकमा छन्

(२१)

गङ्गा बग्छिन् 'हरहर' भनी गर्छ मान्छे प्रणाम
मान्छेकै फोहरसँग सधैं वाग्मतीको छ नाम
यो भो गन्दा ढल-नद-नदी-धारको राजधानी
यो भो मैला कलुषित कुलाङ्गारको राजधानी

(२२)

बस्छन् रे यो प्रिय नगरमा नीतिस्रष्टा महान
छन् रे धेरै अझ यहीँ नीतिमारा हराम
कोही भोकै वरपर कुदी काट्दछन् रे पसीना
कोही बस्छन् तर श्रमविना खाइ-मीठा-मसीना

(२३)

ढाल्दै हाम्रै वनहरु कुनै बन्दछन् रे महान
गाल्दै आँखागहहरु कुनै हेर्दछन् रे जहान
यो भो प्यारा श्रमिकहरुको पीरको राजधानी
यो भो पूँजीपति र धनका वीरको राजधानी

(२४)

हजारौं मान्छेको जमघट छ काठ्माण्डु शहर
अनेकौं गाथाले भरिमय छ काठ्माण्डु नगर
र लाखौं पीडामा दुःखमय छ काठ्माण्डु शहर
अनेकौं छन् त्यस्तै सकससित काठमाण्डु शहर

(२५)

हज्जारौं छन् रे यस नगरमा विद्वतालें महान
भन्छन् बुझ्ने तर पदकका पिण्ड हुन् यी तमाम
यो भो विद्या पनि बिकिदिने दामको राजधानी
यो भो आडम्बर पहिरने नामको राजधानी

(२६)

कुनै रोगी छैनन् कि ? यसरि यहाँ औषधिहरू
कुनै भोका छैनन् कि ? यसरि यहाँ भोजनहरू
कुनै नाङ्गा छैनन् कि ? यसरि यहाँ हेर कपडा
कुनै दुःखी छैनन् कि ? यसरि यहाँ ढेर छ कुरा

(२७)

हेर्दा राम्रा तनहरु सबै लाग्छ स्वर्गीय धाम
भन्छन् तिन्ले तर पतनका गर्दछन् नीच काम
छेक्ने गर्दा किरण रविका वृक्ष ठूला सबैले
बढ्लान् साना तृण र बिरुवा घाम पाएर कै'ले

(२८)

गर्थ्यौं हामी विगत सबमा गर्व हाम्रो कलाको
हाम्रो आस्था तर धमिलियो उच्च त्यो चेतनाको
मूर्ती वा मन्दिरहरु भनी हर्ष गर्थ्यौं अपार
हाम्रा ती देवलहरु बने तस्करीका सिकार

(२९)

यहाँ देख्नेलाई हरपल छ राम्रो झिलिमिली
उजेला तारा चम्चम झलझलाकार बिजुली
सफा चौडा बाटा सललल नयाँ चोक र छिँडी
कलामा नौला छन् घर-महल-दर्बार असली

(३०)

जुर्रा छन् पुच्छर पनि भिरी केश राख्दै युवा छन्
नाङ्गा पारी तन युवतिका बैंसका पालुवा छन्
छाती खोली अब युवतिका 'सभ्यता !' फल्न थाले
आँखा गाडीकन युवकका च्याल झन् चल्न थाले

(३१)

चिरी बाटो बग्ने सलल गतिमा कारहरु छन्
उडी कावा खाँदै गगन भरिने यानहरु छन्
जुटेका छन् मान्छेहरु थर-विदेशी सब गरी
बन्यो हेर्दा हाम्रो शहर अब यो विश्वनगरी

(३२)

नेता गर्छन् बढिचढि कुरा मञ्च थर्कन्छ कस्तो !
आजै पार्छन् मुलुक भरिलो, लागिपर्छन् कि ! जस्तो
गर्छन् ठूला शठहरु कुरा स्वार्थ आफ्नो पुऱ्याई
ठग्छन् सोझा सरल जनतालाइ थाहै नपाई

(३३)

हाम्रा नेता जब यति बढी स्वार्थमा लीन हुन्छन्
हाम्रा आशा दिनहुँ यसरी वैलिँदै दीन बन्छन्
यस्तो वेला तर मुलुकमा चेतना छैन राम्रो
होला के हे सजग जनता ! जिन्दगी उच्च हाम्रो ?

(३४)

यो यौटा घर हो हजार थरिका मान्छे यहाँ बस्दछन्
यो विद्यालय हो अनेक थरिका जिज्ञासुले पढ्दछन्
काला, शिक्षित, स्वस्थ, तुच्छ सबको यो बन्छ शिक्षालय
यो हो सागर ज्ञानको पनि र यो हो विश्वविद्यालय

(३५)

बुझ्दा साँचो थरर मुटुले काम्नुपर्ने छ आज
आफ्नो छाती अब स्वयमले छाम्नुपर्ने छ आज
जन्मून, भन्थिन् दिनहुँ जननी शान्ति छर्ने मलेवा
उल्टो चारैतिर तर यहाँ बाज छन् फैलिएका

(३६)

आँखालाई सजग पहिले पार सच्चा बनेर
के भो प्यारो मुलुक अहिले सोच धेरै गमेर
तल्लालाई तर किन भनूँ देशका बुद्धिमान
बिक्दै छन् हा ! धन र डरमा, छन् अनेकौं प्रमाण

(३७)

के पो भन्ने यस मुलुकमा मानिने बुद्धिजीवी
ठूला प्रध्यापक पनि बिके आज सत्ता समेटी
'जन्ता !' भन्दै विगत यिनले नाम आफ्नो कमाए
भत्ता चाट्दै अब तर सबै लाज आफ्नो पचाए

(३८)

यी हुन् पैलो दिन मत दिने पाँच प्यारा भनेर
यी हुन् ऐले तर बदलिने 'चार तारा' भनेर
यिन्को के पो भर ? पछि हुनन् फेरि 'हँस्या-हतौडा'?
लाग्छन् यौटै यस मुलुकका बुद्धिजीवी र कौडा !

(३९)

जस्ले बेच्छन् तन तर तिनी बाध्यतामा हुनन् क्यै
जस्ले बेच्छन् मन तर तिनी दुष्ट हुन्छन् अघोरै
काया बेच्ने बरु मुलुकको हुन्न त्यस्तो खटीरा
बिक्छन् जो बौद्धिक मुलुकका एड्स हुन् ती धमीरा

(४०)

यस्ता बिक्नेहरू जब यहाँ लाज पारेर बस्छन्
केही बुझ्ने पनि जब यहाँ नीच मारेर बस्छन्
यस्तै वेला तर मुलुकमा क्रान्तिकारी उभार
आयो बढ्दै वरपर हुँदै बढ्न थाले विचार

(४१)

हावा चल्छन् सरसर कतै पात हल्ले कि जस्तो
बत्ती बल्छन् वरपर यतै रात चम्क्यो कि जस्तो
क्यै हो जस्तो तर नबुझिने फेरि क्यै हो कि जस्तो
बिस्तारै यो तर मुलुकमा फैलँदै हो कि जस्तो

(४२)

आस्था छर्दै युवक यसरी देशमा घुम्न थाले
बुझ्थे जस्ले क्रमश तिनले चेतना चुम्न थाले
बाले ज्योत्स्ना वरपर छरी मैनबत्ती उचाली
पोत्दै लिप्दै घरघर निकै क्रान्तिको रङ्ग हाली

(४३)

झिल्काजस्तै घरघर जसै पुग्न थाले घुमेर
साना झिल्काहरु मुलुकमा बढ्न थाले अनेक
झस्के कुर्सीहरु तर छिटो अग्निका राप देखी
सामन्ती जो पनि डर लिने बन्दछन् क्रान्ति देखी

(४४)

यौटा भन्थे 'मुलुक खटिरा' कुर्सिमा छन् भनेर
अर्का भन्थे 'विष मुलुकका क्रान्ति हुन्छन्' भनेर
मान्छे हेर्थे जमघट हुँदै लोभमा ताप्न आगो
ताप्छन् मान्छे अनल छ जता, हुन्छ चीसो बिरानो

(४५)

सत्ता दिन्थ्यो खबर जनमा रेडियोमा बनेर
'बिद्रोही हुन् सब मुलुकका क्रान्तिकारी' भनेर
पुग्दै जान्थे घरघर उता क्रान्तिकारी घुमेर
'चुस्ने हाम्रो रगत यहि हो शत्रुसत्ता' भनेर

(४६)

बोल्छन् साँचो जुन तर तिनै पत्रिका पक्रिँदै छन्
भत्ता बोल्नेहरु तर खुला छन् तिनै डुक्रँदै छन्
भत्ता फुक्थ्यो दिनहुँ–'जनता शान्तिमा बाँच्छ आज'
बढ्थ्यो अर्कातिर तर निकै क्रान्तिकारी समाज

(४७)

गर्छन् मान्छे छलसित कुरा ठिक्क पारेर आज
हुन्थ्यो जो जो नजिक उसको हो कि जस्तो समाज
धूजा पार्थे अलि पर भए सर्वसत्ता चिमोटी
पूजा गर्थे वरतिर भए कुर्सिका यी पुजारी

(४८)

मान्छे नै हुन् अनपढ पनी बुझ्दछन् सत्य केही
मान्छे नै हुन् असमझ पनी बुझ्दछन् तथ्य केही
बिस्तारै ती मगजहरुमा चेतना लड्न थाले
भित्रैभित्रै सकसक हुँदै चेतना बढ्न थाले

(४९)

राम्रो गर्छौं तर किन यहाँ हुन्न राम्रो ? भयो के ?
गर्छौं हामी दु:ख छ तर झन् शान हाम्रो भयो के ?
फल्दैनन् खै किन त पसिना ? भेदजस्तो छ के यो ?
बुझ्छन् मान्छे क्रमसित कुरा राज केही रहेको

(५०)

बोल्छन् मान्छे शठ ! शठ ! भनी दुष्टसत्तापछाडि
डस्ला भन्ने डर छ किनकी सर्प कालो अगाडि
रात्री होस् वा दिन तर सधैं त्रास यौटा अँगाली
बस्छन् सोझा सरल जनता आत्मग्लानी सँगाली

(५१)

हो हज्जारौँ नर भर गरी पर्दछन् दुष्टतामा
हो हज्जारौँ नर डर लिने गर्दछन् बाध्यतामा
सत्ता फेर्ने तर पुरुष क्यै जन्मिदिन्छन् धरामा
राख्छिन् त्यस्ता नर प्रकृतिले गर्भका कन्दरामा

(५२)

यै माटोमा सब जग छुने 'शान्तिधारी' भएथे
वैरी सारा थरहरि हुने वीरता जन्मिएथे
यै माटोमा कपुत तर क्यै के गरी जन्मिएछन् !
आफ्नैलाई पनि दुःख दिने दुष्ट यी भैदिएछन् !

(५३)

टाठाबाठाहरु तर कुरा गर्दछन् दुष्टताका
सोझा मान्छे लुरुलुरु सबै काम गर्छन् यहाँका
के साँचो हो जबतक कुरा प्रस्ट जान्दैन मान्छे
झूटोलाई पनि सत भनी छाड्न मान्दैन मान्छे

(५४)

मौका छोपी सरलजनमा दुष्टता पूज्य बन्छन्
अन्धेरोमै अधिक जनता देशमा शोष्य बन्छन्
भन्दै साँचा जब सब कुरा क्रान्तिकारी कराए
बुझ्दै जाग्छन् सरल जनता 'शान्तिधारी' डराए

(५५)

जानेका छन् तर पनि कुनै बुझ्पचाएर बस्छन्
बुझ्छन् केही तर डर हुँदा चुप्प लागेर बस्छन्
हज्जारौँमा दृढ छ जुन त्यो मात्र उच्चाइ छुन्छ
अप्ठेरोमा पनि गति लिने क्रान्तकारी भनिन्छ

(५६)

अप्ठेरोमै मुलुक पनि यो क्रान्तिमा लम्किएको
टुक्रा पार्दै तम कठिनले व्योममा चम्किएको
खेल्छन् सत्ता-पथिक कहिले नम्रताका पहेली
काँडाजस्ता तर छल गरी देखिएका चमेली

(५७)

देख्दा यस्तो कपट यिनको सम्झना एक आयो
खै के ले हो तर गजबको बाघको हो कथा यो
मेरो प्यारो मुलुक अहिले बाघको खेप्छ राज
गर्ने नै हो यदि त तुलना मिल्छ, त्यस्तै छ आज

(५८)

बच्चा राखी नजिक मृगिणी बस्दथिन् लेकमा रे
आयो यौटा नजिक तब क्वै बाघ आवेशमा रे
बच्चा बाँचोस् बरु मरुँ म नै सोच्दथिन् रे लुकाऊँ
वेला थोरै तर हुन गयो पाइनन् झट्ट ठाउँ

(५९)

सातो तिन्को थररर थरी उड्दथ्यो रे सताई
बच्चा सानो थरहरि हुँदै छाड्दथ्यो रे रुवाई
आयो रे त्यो नजिक हुरिझैं पक्रियो रे र बच्चा
'धेरै बाँचेस्' भनिकन दियो रे नि आशीस झट्ट

(६०)

के देखें यो गजब छ कुरा, सत्य हो वा अंसत्य ?
हेरिन् आश्चर्यित मृगिणिले दृश्य मानेर छक्क
के हो यस्तो गजब घटना ? के भयो आज बाघ ?
देखें आफैं, गरुँ त कसरी सत्य-विश्वास आज ?

(६१)

छाडी मासू किन त यसरी बाघ घुम्दै छ आज
हत्याराले किन त यसरी त्याग गर्दै छ आज
जानिन् रे त्यो किनकि वनको बाघ लड्थ्यो चुनाव
त्यो वेलामा वनचरहरू गर्दथे रे चुनाव !

(६२)

यस्तैजस्तो यस मुलुकमा देख्न पाइन्छ आज
मान्छेभित्रै हरिण पनि छन्, छन् यहीं दुष्ट बाघ
भन्थे यस्ता जब सब कुरा बुझ्दथ्यो क्यै समाज
बुझ्दै जाँदा क्रमसित चल्यो क्रान्तिकारी पराग

(६३)

हेर्दाहेर्दै कति अघि पुग्यो 'इन्डिया' उम्लिएर
कस्तो चाँडो झिलिमिलि बन्यो आज त्यो चीन हेर
हामी बस्छौं तर हृदयमा आजसम्मन् दुखेर
टालेका यी प्रतिदिन लुगा फेर्नुपर्ने भएर
(६४)
त्यस्ता गोरा अरिहरु मिची दक्षिणी मित्र हाँस्यो
सामन्तीका दमन निचरी उत्तरी मित्र हाँस्यो
मान्छे लागे गगनपथमा देश यो हेरिँदैन
वर्षौं भोग्यौं दुखद क्षण यी देश क्यै फेरिँदैन
(६५)
टाढा बस्ने तनहरु कुनै चन्द्रमा घुम्न थाले
भाडा बस्ने जनहरु कुनै तारिका चुम्न थाले
हामी सारा अझ पनि यिनै कन्दरा मात्र देख्छौं
गर्दैनौं क्यै प्रगति अरुको उच्चता मात्र लेख्छौं !
(६६)
भित्ता हाम्रा पनि सुन हिजो रङ्गदायी थिए यी
इट्टा हाम्रा अझ पनि निकै शक्तिमा बस्दछन् यी
कत्ला यिन्का अझ पनि तिमी हेर्न सक्छौ ल आऊ
आत्मा मेरो अमर छ अझै अल्झिँदै होस् न घाउ
(६७)
रातो माटो टिप अब सखे ! सम्झ सिन्दूर हो यो
पुर्खाको त्यो रगतजलले धोइँदै सिञ्चिएको
भर्नू यस्ले दिनहुँ सिउँदो अस्मिताबोध पाई
आफूलाई अमर सधवा क्रान्तिकारी बनाई
(६८)
साँचो बोल्छन् जुन तर तिनै 'देशद्रोही' कहिन्छन्
मान्छे मार्छन् जुन तर तिनै 'देशप्रेमी' भनिन्छन्
यस्तो वेला मुलुक कसरी गर्न सक्ला र गर्व ?
मर्छन् यस्को विघटन गरी क्रान्तिकारी सगर्व !
(६९)

सामन्तीका गतिविधि भने जे थिए चेतनाले
भन्दै जाँदा सजग जनताले कुरा बुझ्न थाले
यो वेलामा रणधरहरू देशमा फैलिएर
बन्दै झिल्का चटट छरिए क्रान्तिकारी भएर

(७०)

यौटा झिल्का चटटट गरी पूर्वसम्मन् उडेको
अर्को झिल्का पटटट गरी मध्यबाटो पुगेको
तेस्रो झिल्का चररर हुँदै मध्यपश्चिम् दगुर्ने
चौथो भिल्का झललल हुँदै अन्त्यपश्चिम दगुर्ने

(७१)

यौटै झिल्का त्यसपछि अरू चार वा पाँच बन्छन्
तिन्मा त्यस्तै किरण थपिँदै फेरि हज्जार बन्छन्
केही निभ्छन् तर पनि कुनै अग्निज्वाला बनिन्छन्
यस्तै बल्ने पथिकहरू नै क्रान्तिकारी भनिन्छन्

(७२)

कैले भूमिगत अनि कतै कार्यकर्ता सँगेल्दै
नौलानौला स्वरुपहरुमा रूप आफ्ना बदल्दै
आज्ञा पाई कमल 'दल'को गाउँगाऊँ पसेका
अप्ठेरोमा झटपट कतै कन्दरामा पसेका

(७३)

पुग्थे कैले नगर कहिले गाउँ केही पुगेर
'हाम्रो ठाउँ झलमल बनोस्' चेतना यो फुकेर
साना-साना समितिहरुमा कार्यकर्ता चुनेर
हिँड्थे सारा मुलुक तिनले एकतामा उनेर

(७४)

देख्छन् आफ्ना मुलुकभरि छन् दुष्टताका रजाइँ
फैलेका छन् तलतल जरा जाल ठूला फिँजाई
जाली आडम्बरहरु ठुला जालका खेल गर्छन्
जन्ता सोझा तर अबुझ छन् सत्य ठानेर बस्छन्

(७५)

हेर्दा लाग्ने शहरहरुमा छैन आतङ्क क्यार
गाउँ ठाउँ सबतिर यहाँ शान्तिमात्रै छ क्यार
गुम्सन्छन् यी सकल जनता भित्रभित्रै अपार
देखिन्छन् सागर चुप ठुला, पेटमा हुन्छ ज्वार

(७६)

नेपालीका घरघर ठुला सिर्जनाद्वार नारी
पीडा भोग्छन् दिनहुँ तिनमै झन् अशिक्षा छ भारी
जो चाहन्छन् अलिकति बढौं बन्दछन् जो प्रवाह
तिन्को खेदो तर शठ बनी गर्छ हाम्रो समाज

(७७)

आधा मान्छे सबल महिला चेतनाहीन आज
तिन्का निम्ती नियम दुखका दिन्छ हाम्रो समाज
जैलेसम्मन् सबल महिला जुट्न सक्दैन राम्रो
हो त्यो वेलातक मुलुकमा क्रान्ति फल्दैन हाम्रो

(७८)

नारीलाई यदि सब कुरा नारिले नै बताऊन्
दासी मात्रै नहुन तिनमा नारिले नै सिकाऊन्
लेखुन् जानीक़न नव कुरा पत्रिका पढ्न जानून्
काली बन्दै असुर सब यी चण्डिका भै धपाऊन्

(७९)

नारीलाई सुपठित गरी क्रान्तिकारी बनाऔं
नारीलाई पनि सहृदयी कार्यकर्ता बनाऔं
आधा मान्छे उनिहरु हुँदा काम तिन्को बताऔं
शिक्षा त्यानो र सजग दिई क्रान्तिमा लाग्न आऔं

(८०)

सोच्दा-सोच्दै झलल पुतली सम्झनामा उदाइन्
सम्झे तिन्ले कसरि उनको जिन्दगानी बचाइन्
सम्झे तिन्को जलन दुखका वेदनाका कुरा ती
आगो बन्ने तर क्षणिकमा क्रान्तिका मूर्छना ती

(८१)

सम्झे बोल्दा कसरि पुतली धप्प आगो बनेकी
सोचे शिक्षा यदि दिन सके क्रान्तिकारी हुने थी
पार्टीलाई तब कमलले चिठ्ठि यौटा पठाए
'हुन्छन् नारी समरविजयी क्रान्तिकारी बनाए'

(८२)

हुन्छन् नारी दमनपछिका घाइते बाघजस्ता
गर्मी वेला पतकरसँगै दन्कने अग्निजस्ता
नारी सक्छन् सहज महिलाबीचमा पस्न, जान
तिन्ले गर्छन् अभिनय ठुला जिन्दगीका तमाम

(८३)

गर्नेछन् सङ्गठन तिनले क्रान्तिका सास बढ्लान्
लोग्नेभन्दा अधिक तिनले पार्न विश्वास सक्लान्
होलिन् राजी सहज पुतली क्रान्तिमा नै लगाऊँ
उन्ले मागे चिठिसित छिटो जान आज्ञा म पाऊँ

(८४)

यै वेलामा गुपचुप थियो क्रान्तिको योजना जो
त्यस्का निम्ती पनि गर भनी पार्टिले नै खटायो
आज्ञा पाए जब अनि हिंडे कार्यकर्ता बनेर
आफ्ना केही दिनहरु त्यता लाग्न सक्छन् भनेर

(८५)

मान्लिन् के ती कठिन यतिको क्रान्तिमा लाग्नलाई ?
बुझ्दामा हो 'शरद', नमिठो लाग्छ के फूललाई ?
के पो अर्को सुख छ उनले उच्च मौका नमान्ने !
कस्लाई पो जिउनु र तिनी बुझ्दछिन् क्रान्ति भन्ने !

(८६)

मान्नेछिन् ती सफल रणमा लड्न आँटी बनेर
अर्को बाँच्ने रहर गतिलो जिन्दगीमा छ के र !
बुझ्दैनन् जो समर रणको ज्ञान तिन्मा हुँदैन
तिन्ले रक्षा गरिरहनको उच्च कौमार्य छैन

(८७)

अन्यायीको रगत जसले भूमिमा हो छरेकी
हत्या गर्नेतक विगतमा काम जस्ले गरेकी
त्यो आगोले समर जनका निम्ति गर्ने भएमा
हाम्रो बाटो दृढतर झनै हुन्छ त्यस्तो भएमा

(८८)

त्यस्तो छाती अटल पहरा क्रान्तिको बन्छ हाड
मौका पाएपछि समरमा बन्छ उच्चा पहाड
तातो लोहा पिटिदिन सके शस्त्र तीखा हुनेछन्
साँचो शिक्षा यदि दिन सके क्रान्ति गर्ने हुनेछिन्

(८९)

जस्ले पायो क्षणक्षण कडा कष्ट सन्त्रस्त पर्न
जस्को कोही शरण जगमा छैन आश्वस्त पार्न
मेरो चिठ्ठी अलिअलि गरी रक्तसञ्चार गर्ला
मेरो माया क्रमश तिनमा क्रान्तिको ज्वार भर्ला

(९०)

लेखे उन्ले त्यसपछि चिठी उम्लियोस् रक्त भन्दै
छाँटे भाषा सहज मुटुमा गाडियोस् प्रस्ट बन्दै
'होला चाँडै मिलन पुतली ! सम्झिराख्नू तिमीले
किन्तू हावासित पनि बची पर्खिराख्नू तिमीले

(९१)

हाम्रा चारैतिर त पुतली ! बाज घुम्ने गरेका
खोज्दै छन् ती अवसर कुनै मार्नलाई परेवा
हाम्रा साथी दुखित जनतानिम्ति गर्छन् लडाइँ
गाल्टछन् मार्छन् तर प्रहरिले शान्तिको खोल लाई

(९२)

मर्ने-मार्ने सत-असतको गर्छ कस्ले विचार !
रक्षा गर्नेहरु अधम छन् पाउला को गुहार
यस्तो वेला समर पुतली ! गर्दछन् क्रान्तिकारी
त्यस्को यौटा कण हुन तिमी थाल आफ्नो तयारी

(९३)

यस्तै लामो अनलपथको पत्र तिन्ले पठाए
आफ्नो रक्षा गरिरहनका तर्क केही बताए
लुक्दै बाँच्दै त्यसपछि हिँडे क्रान्तिको गीत गाई
तिन्ले भूमीगत हुनु थियो छल्न सर्कारलाई

(९४)

लुक्नै पर्थ्यो कठिन छिनमा क्रान्तिकारीहरूले
बाँच्नै पर्थ्यो समरगतिमा न्यायप्रेमीहरूले
बोली फेर्दै रङबिरङका रूप गर्दै अनेक
डाँडापाखा घरघर पसे क्रान्तिको छर्न बीज

(९५)

हज्जारौँमा जबजब कुनै साहसी भेट हुन्थ्यो
जाँची-खारीकन पछि उही क्रान्तिमा छानिइन्थ्यो
मर्ने-मार्नेतक दृढ हुने उठ्दथे भै कमान
आफ्ना सारा रहर सुखका स्वार्थ त्याग्छन् महान

(९६)

हो थोरैले मुलुकभरिको क्रान्ति सम्हाल्नुपर्छ
हो थोरैले मुलुकभरिमा चेतना छर्नुपर्छ
थोरै नै होस् दृढतर भए एक हज्जार हुन्छ
सानो झिल्का पनि अनलको अग्निज्वाला बनिन्छ

(९७)

पार्टी फैलोस् जनजन भनी रक्तञ्चार गर्छन्
नेता बाँचुन् छिनछिन भनी गर्न रक्षा उभिन्छन्
छाती फोऊ प्रिय मुलुक हे ! हेर यी क्रान्तिकारी
तिम्रै निम्ती तरल यिनको रक्त बन्दै छ पानी

(९८)

प्यादा हुन्छन् अमर रणमा कार्यकर्ता भनेका
ज्यादा हुन्छन् तर पनि तिनै मर्नलाई बनेका
पार्टी बाँचे रहर नपुगी जान तैयार हुन्छन्
बाँचे आफ्नो मुलुक विष ती खान तैयार हुन्छन्

(९९)

डस्लान् चाहे विष हुलिदिँदै सर्पले – इन्कलाब !
बग्दा रातो रगत तनको बोल्दछन् – इन्कलाब !
रोपुन् वैरी अनल तनमा भीरले – इन्कलाब !
ठूलो योद्धा जति दुख मिलोस् – गर्दछन्-इन्कलाब !

(१००)

लिई साथ विश्वास भर्दै अनेक
छरे चेतना-दीप बाल्दै घुमेर
तिनी गाउँमा क्रान्तिका बीज छर्दै
हिँडे एक रात्री अँधेरो छिचोल्दै ।

(१०१)

* * *

दशौँ फूल

सारा विश्व जलनमा आफ्नै
शिक्षाको नौलो फल यो !
वैज्ञानिकको कौशल हो वा
भस्मासुरको दंशन हो
(१)
हावा-पानी ढुङ्गा-माटो
सारा सिर्जन नष्ट गरी
गोला-राता-लप्का उठ्छन्
सुन्दर जीवन तिक्त गरी
(२)
सागरका तट शस्त्र अनेकौं
सूर्य बलेझैं फुट्न पुगे
कहिले उत्तर कहिले दक्षिण
पूर्व र पश्चिम भिड्न पुगे
(३)

ङिच्च गराई दाँत पहेँला
ङ्यार्र गऱ्यो कुक्कुर यौटा
कुइना भाँच्दै हा ! हा ! गर्दै
स्याल करायो पर यौटा
(४)
सारा जङ्गल मेरो भन्दै
ब्वाँसो घुम्दछ शान गरी
राजा हूँ जङ्गलको भन्दै
सिंह उता उफ्रन्छ बढी
(५)
चितुवा माड्दै घाँस कलीला
वन-जङ्गलमा घुम्छ यहाँ
हाँगा भाँच्दै वानर ढेडू
बौलाहा झैँ घुम्छ यहाँ
(६)
काखीमा बन्दूक भिरेको
हिँड्छ सिकारी रातदिन
मान्छे मार्ने गर्छ कसाई
सक्छ अनेकौं प्राण लिन
(७)
आगो विष्फोटनको देखी
सूर्य स्वयम् आतङ्कित छन्
आफ्नै छाती चिर्दछ राहू
धरती आफैं लज्जित छन्
(८)
मिर्ग, खरायो, गाई, भैँसी
तर्सेका छन् रातदिन
डाँफे, मैनासङ्ग परेवा
आतङ्कित छन् उत्ति किन ?
(९)

धरती बोलिन् डाहा ताप्दै
'सूर्य सुन्यौ के ?' हेर यहाँ
यो जङ्गल हो ! यो जङ्गल हो !
मेरो बस्ती खै छ कहाँ ?
(१०)
वेला विध्वंसकको भो यो
यो हो वेला सङ्कटको
धरती रोइन् सागर बन्दै
यो कस्तो सँघर्षण हो ?
(११)
टाढा बस्छौ जागिर तिम्रो
घुम्नु छ केवल रातदिन
वरको परको घरको सबको
चिन्ता केवल बोक्दछु म
(१२)
राम्रो ठानी मान्छेलाई
छाती आफ्नो खोलिदिएँ
सारा खानी सारा पानी
उसकै जिम्मा छोडिदिएँ
(१३)
छाती रित्तो पारेसम्मन्
मैले बोलिनँ रत्ति कतै
घाँटी यो अँठ्याएसम्मन्,
मैले खोलिनँ राज कुनै
(१४)
घाऊ पार्दै आत्मा मेरो
टुक्रा-टुक्रा हुन्छ भने
एक्लै-एक्लै मैले मात्रै
पीडा कसरी हो सहने ?'
(१५)

गल्दै केही ढल्दै केही
मधुरो बन्दै दुःखित भै
टाढा टाढा धेरै टाढा
सूर्य पुगे चिन्तन गर्दै
(१६)

मानौं बादलको छ सहारा
घुम्टो ओढेका उसकै
लोलाएका आँखा गर्दै
सारै-सारै लज्जित भैँ
(१७)

बोले-'माया ! शान्त रहू है !
शान्त रहू क्यै धैर्य गर
माया धेरै गर्न पुगिछ्यौ
मन्के बालक दुष्ट तर
(१८)

बानी फेर्दै पानी फेर्दै
केही चड्कन हान अब
खोली छाती बिजुली साथी
केही कम्पन छाड अब'
(१९)

पश्चिम लागे उनले मागे
'आज बिदा हूँ फेरि तर
माया होला, छाया होला
शान्त रहू क्यै धैर्य गर'
(२०)

पीडा बढ्थ्यो, छाती दुख्थ्यो
लाग्यो टन्कन ख्याल अझै
दुखले हेरिन्, मुखले हेरिन्
गाला बन्थे लाल कठै !
(२१)

धरतीको यो पीडा देखी
सङ्गी सन्ध्या अनि आइन्
रङ्गीचङ्गी पश्चिम पार्दै
धरतीलाई रङ्गाइन्
(२२)
धरतीलाई माया गर्दै
सन्ध्या रानी मुस्काइन्
कुतकुत लाई धरतीलाई
हाँसो यौटा फुस्काइन्
(२३)
धरती छाम्दा तातो लाग्यो
फेरि इशारा एक गरिन्
चीसो हावा बग्दै आयो
खेल्दै आयो रोटेपिङ
(२४)
सुमसुम पारिन् फेरि मुसारिन्
एक इशारा फेरि गरिन्
कलरव गर्दै पन्छी आए
नाचे गाए ताकधिन्धिन्
(२५)
ताप हरायो सुन्दर छायो
शान्ति धरामा एक पुनः
छोटो मीठो भेट गरेपछि
सन्ध्या लागिन् देश पुनः
(२६)
पर्वत घेरी रात अँधेरी
आयो कालो जब देखिन्
स्तब्ध धरा निस्तब्ध बनी क्यै
चिन्तन गर्नेतिर लागिन्
(२७)

खै के गम्छिन् खै के गुन्छिन् ?
धरती चूप बनेकी छन्
कालै आयो कालै छायो
डाँडापाखा पर्वत वन
(२८)

पाखा चुम्छन् छहरा केही
धरती चुम्दछ मात्र हवा
मान्छे सुत्दछ होश हराई
नभमा घुम्दछ सिक्त हवा
(२९)

क्लान्त भएका श्रमले गर्दा
मानिस घुर्थे चार दिशा
यै वेलामा लुक्दै आए
पुतलीका घर क्रान्तियुवा
(३०)

पुतलीको घर हेरे वरपर
संसारै चकमन्न थियो
कालै धरती कालै पर्वत
कालै नभ लमतन्न थियो
(३१)

पुतलीको घर जतिजति आयो
बढ्थ्यो धड्कन उत्ति बढी
ढुकढुक धकधक ढुकढुक धकधक
प्रतियोगी दौडे कि सरि
(३२)

ढोकासम्मन् पुग्दा तिनको
मुटुमा के भो ! ढक्क फुल्यो
तार कुदेझैं चीसो हावा
भित्रै चीसो भै दगुर्‍यो
(३३)

चिठ्ठी मित्र बन्यो होला वा
शत्रु कमाएँ तर यौटा ?
रात छ कालो एक्ली मान्छे
के पो सोच्लिन् ? भर होला ?
(३४)

'मैले पत्र पठाएँ आफैं
त्यो विश्वास थिएन र के ?
यौटा रात बिताएँ पैले
त्यै विश्वास भएन र के ?'
(३५)

'रात अकेली एक नवेली
बाघ पसेझैं तर्सेमा ?
चिच्याएमा चीत्कारेमा
गाउँ पुकारी चर्केमा ?'
(३६)

'मैले श्वास सुनाएँ आफ्ना
आत्मा साथ थिएन र के ?
मैले पास पठाएँ आशा
त्यो हज्जार भएन र के ?'
(३७)

'त्यो वेलामा चोर थियौ वा
हत्यारा वा डाकू क्वै ?
बाँच्नु थियो त्यो वेला तिमिले
तब पो सज्जनमा गनियौ ?
(३८)

सास त्यही विश्वास बन्यो के ?
बुझ्न सकेका छौ र कुनै ?
राज बन्यो त्यो राज कि अर्कै
बाज बनी पर्खिन्छ कतै ?'
(३९)

'तिनका आँखा हेरेथें नै
छाती तिनको छामिसकें
तिनको आत्मा देखिसकेथें
मैले साथी मानिसकें'
(४०)

त्रास बनी-विश्वास बनी
अत्यास बनेका तर्कहरू
पसिना आए मसिना आए
विश्रृङ्खल सन्दर्भहरू
(४१)

मनमा युद्ध लडे आफैंले
आफैंसङ्ग कडा मनले
छाती रोकी ढोका ठोक्दै
टकटक पारेका नङले
(४२)

टकटक टकटक टकटक टकटक
ढोका बोल्यो शान गरी
'को हो ? को हो ?' झीनो स्वरले
बोलिन् त्रस्त बनी पुतली
(४३)

टकटक टकटक टकटक टकटक
केवल शान छ कोही बोल्दैन
मुटुमा छामिन् तनमा कामिन्
डरले बोली खुल्दैन
(४४)

दीपक बाली पसिना काढी
त्रस्त नयनले जब हेरिन्
यौटा कागज फुत्त छिऱ्यो अनि
डर मान्दै कागज हेरिन्
(४५)

त्रस्त भई सन्त्रस्त तिनीले
हात कमाई पत्र पढिन्
केही बुझ्दै पसिना पुछ्दै
आँखा ढोकातर्फ गरिन्
(४६)

'त्यही युवक हूँ चिन्यौ मलाई ?
पुतली ! भन विश्वास भयो ?
हैन भने म त जान्छु' सुनेर
तिनको मनको डर भाग्यो
(४७)

ढोका खोलिन् झट्ट पसे ती
भित्र नसोधी आज पनि
'ढोका लाऊ झट्ट' भनी ती
लुके कुनामा आज पनि
(४८)

लाई ढोका त्यो घुर्मैलो
बत्तीलाई हेरिरहिन्
कपडालाई गुजुमुजु पारी
एक नेत्रले हेरिरहिन्
(४९)

सोधेनन् क्यै किन्तु दुवैले
सास सम्हाली फेरिरहे
निक्कैबेर दुवैले केवल
एकार्कामा हेरिरहे
(५०)

बोल्दैनन् क्यै खुल्दैनन् क्वै
आँखा मात्रै फारिरहे
पालो-पालो रेखा पारी
औंला मात्रै सारिरहे
(५१)

तामाजस्तो तप्त कमलको
रक्तमयी विश्वस्त मुहार
बलिया बाहू, चौडा छाती,
तीखा आँखा अपरम्पार
(५२)
ओठ भरीलो, नाक सुरीलो
गोला गाला चम्केको
झोला यौटा काखीसङ्गै
टक्क अडीकन झुन्डेको
(५३)
पुतलीलाई अन्योल भयो
अप्ठेरो तर खोलीनन्
छाती झन्झन् धकधक गर्थ्यो
हेरिरहिन् तर बोलीनन्
(५४)
गोडाका औँलाले तिनले
माटोलाई केरिरहिन्
कहिले वल्तिर कहिले पल्तिर
आँखालाई फेरिरहिन्
(५५)
सोधे-'पुतली' डर लाग्यो के ?
बोल्दीनौ किन बोल सखी !
भ्रममा छौ के ? वा शर्मायौ ?
शङ्का लाग्यो फेरि पनि ?
(५६)
शिर हल्लाइन् होइन भन्दै
दीप समाती अघि लागिन्
मात्र इशारा गर्दै तिनले
तर्सेको सङ्केत गरिन्
(५७)

फुसफुस बोले–'नडराऊ अब
आफ्नै हूँ विश्वास गर
मान्छेलाई मान्छेको नै
हुन्छ सदा विश्वास भर
(५८)

आफूलाई चुस्त बनाऊ
आँखा आफ्ना चङ्ग गर
भित्ता सुन्छन् हावा सुँघ्छन्
जासूसी छन् याद गर
(५९)

मैले देखें निर्मल पानी
बग्छचौ कलकल अलमलमा
सिँच्न सके यो पानी पुतली !
फल्थे लाखौं खेत यहाँ
(६०)

हावा हो जासूस सखी यो
राज खुलाउन सक्छ कतै
भित्ताका पनि कान रहन्छन्
क्रान्ति चियाउन सक्छ कतै
(६१)

व्यर्थ बनेको खेर गएको
उर्वर पारौं स्वच्छ जल
कुलो पुऱ्याए खेत भिजाए
फल्ला हाम्रो क्रान्तिफल
(६२)

आँखामा रस छैन कतै किन ?
दृष्टि बनाऊ तीक्ष्ण सखी !
आँट छ ठूलो पुतली ! तिम्रो
छाती वज्र बनाउ सखी !'
(६३)

हाँसीनन् तर आँखा तिनका
फेरि रसीला आज भए
चस्क्यो केही बल्भ्यो केही
घाउ भरीला फेरि भए

(६४)

त्यो वेलामा माथि दलिनमा
माकूरा क्यै गर्दैथ्यो
जालो बुन्दै बुट्टा भर्दै
चकचक धेरै गर्दै थ्यो

(६५)

'पुतली ! हेर दलिनमा यौटा
जीव अनेकौं हातहरू !
छाड्दै रेसा बुन्दछ जालो
फाँस्दछ यसले जीवहरू

(६६)

देख्यौ ? देख्यौ ? अर्को यौटा
फुर्र उडेको जीव त्यता
हावासङ्गै पन्छीजस्तै
गूँगूँ गर्दै उड्छ यता

(६७)

हेर महाको जीव पहेंलो
मानौं ऋषि क्वै स्थापित त्यो
शान्त साधुले ध्यान गरेझैं
देख्यौ कसरी बस्दछ त्यो ?'

(६८)

हेर्दा हेर्दै झींगा आयो
खुशियालीमा मख्ख परी
माखो त्यो चैं भूँ-भूँ गर्थ्यो
लाग्थ्यो त्यो निश्चिन्त पनि

(६९)

देख्दा देख्दै त्यै जालोमा
झींगा आफैं अल्झिदियो
शान्त बनेको माकूराले
माखालाई पक्रिलियो
(७१)

'देख्यौ पुतली ? नीलो झिङ्गा
देख्यौ जीव पहेँलो त्यो ?
देख्यौ चाल र जाल तिमीले ?
त्यो हो हाम्रो शत्रु ठूलो'
(७२)

छाती छाम्दै आँखा फारिन्
पुतली हेर्दै दङ्ग परिन्
माखा हामी ? झिङ्गा हामी ?
बुझ्दै मनमा सन्न परिन्
(७३)

आँखा खोल्दै औंला चाल्दै
मुठ्ठी आफैं बन्द भए
आँखीभौंमा जोड परेझैं
गाँठा आफैं टन्न भए
(७४)

चोँच परेको तीखो घोचो
एक समाई उठ्न पुगिन्
जीव फुटालिन् जाल उखेलिन्
भित्ता-भित्ता चुट्न पुगिन्
(७५)

पुतलीलाई हेरे, बोले –
'शान्त रहू हे तप्त सखी !
भित्र बलोस् त्यो आगो यस्तै
क्रान्ति उठाउन हुन्छ सखी !
(७६)

यो जङ्गल हो, आडम्बर हो,
त्यस्तै हो आतङ्क पनि
यो बाठो हो, यो टाठो हो,
यसले राख्दछ शक्ति पनि
(७७)

आज दिन हौं दियो हजारौं
लाखौं पहिले बालिसकौं
फेरि मियो भै मानिसलाई
जान्नेबुझ्ने पारिसकौं
(७८)

ज्ञान ठुलो यो हुन्छ र हाम्रा
मीत कुरा बुझ्ने बन्छन्
सीप नयाँ फैलन्छ र हाम्रा
जीत अनेकौं भैदिन्छन्
(७९)

आज सिकारी चङ्ग बनेका
छन् धेरै आतङ्कित छन्
भित्रै हाम्रो दीप बलेको
थाहा पाई शङ्कित छन्
(८०)

तिनको घोचो पक्रे उनले
सुस्त मुसारी मुस्काए
पुतली हेर्छिन् दङ्ग परी किन
यसरी मीठो मुस्काए ?
(८१)

शान्त भइन् क्यै पुतली आफैं
क्लान्त थिइन् अक्रान्त बनी
केही जानिन्, केही मानिन्
हेर्दै उज्ज्वल दीपमनि
(८२)

ओठभरी मुस्कान फुलेको
हेरिन् तिनले आज पनि
हेरे तिनले, हेरिन् यिनले
हट्दै भाग्यो लाज पनि
(८३)

बोले फेरि कमलले आफ्नो
खोल्दै केही राज पनि
'बाँचेको वा मुर्दा मेरो
खोज्दै छन् प्रहरी आज' भनी
(८४)

'आँत हुनेले आँट गरेमा
आँखा खोले पुग्छ सखी !
आँत छ तिम्रो, आँट छ तिम्रो
साहस साँचे पुग्छ सखी !
(८५)

रिक्त बगैंचाभित्र छ यौटा
फूल सुगन्धी माटोमा
राग अनेकौं सुँघ्न सकिन्छन्
फूल छ तिम्रो बाटोमा'
(८६)

रात बिताए उकुसमुकुसमा
द्वन्द्व दुवैमा झल्कन्थ्यो
'हुन्छ बिहानी रात बितेमा'
आस दुवैमा झल्कन्थ्यो
(८७)

अर्को दिन तालीम लिनाको
कार्य नयाँ प्रारम्भ भयो
बोले–'पुतली ! क्रान्ति भनेको
जनताको सङ्घर्षण हो
(८८)

हात बढाए अनि मुस्काए–
'हात बढाऊ युद्ध हुन'
हात बढाइन् हात मिलाइन्
मनमा आतुर क्रान्ति छुन
(८९)

पक्रे पहिले अनि अँठ्याए
हात खिँचे झट्कारिदिए
पुतली चित् भै लड्न पुगिन्
छ हातपछाडि, हेरिरहे
(९०)

पुतली छक्क परिन् यो के हो ?
दङ्ग परीकन हेरिरहिन्।
'हात' भनेपछि हात दिएथेँ
कस्तो मानिस ! दिक्क भइन्
(९१)

'युद्ध जहाँ होस् वा जहिले होस्
हात स्वयंको पास रहोस्
आँत कसैले जान्न नपाओस्
राज स्वयंको पास रहोस्'
(९२)

भन्दै उनले पुतलीलाई
सम्झाए पहिलो अर्ती
राज खुलेपछि ती पुतलीले
शिर हल्लाइन् बल्ल बुझी
(९३)

सूर्य गएपछि रात भएपछि
सिक्ने वेला फेरि हुने
आँखा, खुल्ने,आत्मा खुल्ने
बुझ्ने वेला फेरि हुने
(९४)

छिनमा छिनमा हुन्छ परीक्षा
शिक्षाको सङ्घर्षणको
हरदिन लिन्छन् कमल परीक्षा
पुतलीको सन्दर्शनको
(९५)

हावा पाई हल्लीहल्ली
झुल्ने लहरा फूल हुँदै
दिनमा ढोका बन्द गरेर
पुतली गर्छिन् काम निकै
(९६)

कार्य सिकाई सङ्घर्षणको
शिक्षा दिन्छन् कमल निकै
बुझ्दै जान्छिन् , सिक्दै जान्छिन्
पुतलीले ती काम सबै
(९७)

यौटा दिनमा पुतलीलाई
चिठ्ठीबाहक काम दिए
रूप बताए घर औंल्याए
फेरि परीक्षा आज लिए
(९८)

साँझ परेपछि मानिस भेटिन्
भेटेपछि सङ्केत गरिन्
लामो दाह्रीकेश फुलेको
निश्चय मानीकन हेरिन्
(९९)

रूप थियो त्यै भेट्नेको नै
चिठ्ठी त्यसको पास दिइन्
'आऊ' भन्दै पस्यो भित्र त्यो
सजग हुँदै ती भित्र पसिन्
(१००)

'धीरा रहिछ्यौ वीरा रहिछ्यौ
लाग्यो है विश्वास पनि
के छ कमलको हाल बताऊ
पहिले खाजा खाउ सखी'
(१०१)

सोचीनन् ती, फुर्किन् केवल
सक्छु परीक्षा आज भनी
खाइन् फाँकी खाजाको तब
हेरिन् चारैतर्फ पनि
(१०२)

त्यो मान्छेको मुखमा हेरिन्
उसको आँखा लाल थियो
आगोजस्तै लप्का छाड्ने
क्रोधी त्यसको हाल थियो
(१०३)

आँखा राता-राता पारी
त्यसले यसरी घुर्दै थ्यो
काँचै खान्छ कि यसले अहिले
त्यसरी आँखा तर्दै थ्यो
(१०४)

अर्को क्षणमा नाटकजस्तै
खोल्यो ओठ र मुस्कायो
जूँघा फाल्यो दाह्री फाल्यो
केश झिक्यो अनि जिस्क्यायो
(१०५)

दङ्ग परीकन हेरिन् केवल
कमल थिए मुस्कान छरी
"नचिनेसम्मन् होश पुऱ्याऊ
हुन्न त्यसै विश्वास सखी
(१०६)

शीत शरदको पाई बेली
बेहानीमा फेरि रुझिन्
फेरि लजाइन् , माथ झुकाइन्
तिनले केही फेरि बुझिन्
(१०७)

छिनमा चिन्तन, छिनमा मञ्चन,
फेरि परीक्षा हुन्छ कुनै
चेतनमा छन् , निर्जनमा छन्
भाव युवाको छुन्छ कुनै
(१०८)

साहस बढ्थ्यो, हिर्दय चढ्थ्यो,
आँधी आओस् हुरि आओस्
लड्ने बन्छिन् , सहने बन्छिन्
चाहे सारा सुख जाओस्
(१०९)

कमलसँगै ती यस्तै यस्तै
उज्ज्वल शिक्षा सिक्दामा
मन चञ्चल ती पुतलीको भै
बन्छ तरङ्गी लज्जामा
(११०)

बस्दाबस्दै आफ्नो बान्धव–
जस्तै मान्ने गर्छ मन
हेर्छिन् मायासाथ युवामा
खाना दिन्छिन् प्रेमसँग
(१११)

हेर्छिन् , छल्छिन् , लुक्छिन् , हेर्छिन,
नसा-नसामा प्रेम थियो
रूप सजाई मनमा राख्छिन्
फूलहरूको फ्रेम थियो
(११२)

स्निग्ध नयनले हेर्दै खान्छन्
कमल रसीला नेत्र गरी
हेरिरहेछन् , हेरिरहेछन्
पुतलीलाई प्रेम गरी
(११३)

स्निग्ध नयनले पुतली हेर्छिन्
सम्झी आफ्ना पीर-व्यथा
जीवन जस्तै मेरो हो यो
भन्छिन् मनले शुद्ध कथा
(११४)

हेरिरहन्थिन् सुत्दामा ती
छेवैमा गै टक्क बसी
सम्झन्थिन् क्यै कल्पन्थिन् क्यै
बग्थ्यो माया छातिभरि
(११५)

सोचे मनमा आज कमलले
जाने वेला फेरि भयो
पुतलीलाई बोले तिनले
पुतलीलाई डाह भयो
(११६)

'पुतली हेर फुलेको तिम्रो
कस्तो सुन्दर स्वच्छ छवि
राती-राती फूल बनेकी
कस्ती उज्ज्वल आज तिमी !'
(११७)

सुन्छिन् आफैंलाई हेर्छिन्
नयन रसाएछन् उनका
आफैंलाई छामिन् तिनले
सारा अङ्ग गले तिनका
(११८)

लाग्थ्यो मनमा आज कमलले
खोजिरहेछन् भाव कुनै
लाग्थ्यो आँखा आज कमलका
चाहिरहेछन् वास कुनै
(११९)

पुतलीको मुखमण्डल लाली
घुम्दै फूल बनी आयो
केशहरूको बादल ओढी
चन्द्र नयाँ चम्कन लाग्यो
(१२०)

वा धरतीको फरिया लाई
सूर्य सुनौला आज भए ?
आपसमा ती हेरिरहेथे
आज उमङ्गी लाज भए
(१२१)

हेरिरहिन् झन् हेरिरहिन् झन्
आँखा छोपी हेरिरहिन्
आजै जान्छन् भन्ने सोची
सिक्त परेली हेरिरहिन्
(१२२)

झरना डुल्थे छातीभित्रै
छहरा चल्थे सलबल भै
मनमा भन्थिन् समय अडोस् यो
समय बढ्यो निश्चिन्त हुँदै
(१२३)

'पुतली ! यौटा भन्छु कुरा म–
मान्छयौ जाने वेला यो ?
यौटा उच्च पराग सुँघाउन
आज सकौली मायाको ?
(१२४)

ती शर्माइन् , नेत्र झुकाइन्,
निर्मल आँखा तर्न पुगिन्
'आऊ' बोले फेरि कमलले
लहराजस्तै सर्न पुगिन्
(१२५)

हात कमलका सलबल गर्थे
पुतलीमा सम्मान बनी
सलबल गर्दै हात झरे झन्
गालामा अनि कानमनि
(१२६)

हात डुलेका सलबल गर्दै
फेरि गलाका शाल हुँदै
थरथर कामिन् पुतली खुम्चिन्
धडकन बढ्थ्यो वेग छुँदै
(१२७)

हात झरेका चुलबुल गर्दै
छातीसम्म तरङ्ग भरी
पुतली-यौवन थर्र गरीकन
कम्पन गर्थ्यो दङ्ग परी
(१२८)

जाडो भगयो आज शिशिरको
न्याना सविता आइदिँदा
वनका पात र थुम्का उच्चा
सम्मा फाँट डुलाइदिँदा
(१२९)

किरणसरी भै झिमझिम गर्दै
गुफाहरूमा झाँक्न पुगे
'धत् ! धत् ' भन्दै तिनी लजाइन्
ओठहरू तर हाँस्न पुगे
(१३०)

यता चलाए, उता चलाए,
हात डुलाए अङ्गभरि
उत्तप्त बनी, उन्मत्त बनी
यौवनका नौरङ्ग छरी
(१३१)

राग चलेपछि, राप बलेपछि
ताप मिलेपछि ताप छुन
कसरी सक्थ्यो मैन नपग्ली
ताप मिलेपछि शान्त हुन
(१३२)

ग्वाम्म अँगालिन् तब पुतलीले
झड्का दी तर छाडिदिए
रिसको आगो धपधप बाले
चड्कन यौटा हानिदिए
(१३३)

'पुतली ! यस्तो गर्न सुहाउँछ ?
क्रान्तिपथिकले यत्ति छिटो ?
चिन्तनलाई दरिलो पार्ने
क्षमता तिम्रो के यै हो ?
(१३४)

यत्ति कसैले प्रेम गरेमा
के यस्तो उद्विग्न हुने ?
उच्चा क्रान्ति छुनेले यस्तो
भावुकतामा बग्न हुने ?
(१३५)

हो यो आफ्नो राष्ट्र बचाउन
वेश्या बन्दा पनि हुन्छ
सच्चा क्रान्ति चलाउनलाई
इज्जत फाल्दा पनि हुन्छ
(१३६)

तर यस्तो उद्विग्न वनीकन
लाज उचाल्ने काम नहोस्
क्रान्तिमार्गका बटुवाबाट
इज्जत फाल्ने काम नहोस्
(१३७)

शिक्षा यस्तो सम्झाईकन
उनले जब मुस्कान छरे
हात उठाई रिसले कामिन्
तिनका आँखा बल्न पुगे
(१३८)

ओठ दुवैमा कम्पन आयो
नेत्र बलेका दीप बने
दाँतहरू ती कटकट गर्थे
मुखमा सेता फीँज बने
(१३९)

'के बोल्यौ रे क्रान्ति ! तिमीले
इज्जत फाल्नु हुन्न भनी ?
के बोल्यौ रे इज्जतका यी
टुक्रा बेच्ने सकिन्न भनी ?
(१४०)

यी दिन मैले कसरी काटेँ
के आँखाले देखेनौ ?
पीडा मेरा कसरी साटेँ
साँच्चै केही भेटेनौ ?
(१४१)

अन्धा नै हौ क्रान्ति ! तिमी पनि
भूठा हौ विश्वास तिमी !
ढुङ्गा नै हौ कमल ! तिमी पनि
बहिरा हौ निष्ठूर पनि !
(१४२)

लोग्ने मान्छे पापी हुन्छन्
उस्तै हुन्छन् दुष्ट पनि !
खेल्छन् मेट्छन् रहर अनेकौं
त्याग्छन् स्वार्थी नाचपछि
(१४३)

के यो माया पापी ठान्यौ ?
के ठान्यौ दुष्कर्म भनी ?
वा ठान्यौ यो वेश्या हो नै
बेस्सेजस्तै गर्छ भनी ?'
(१४४)

सागर छल्क्यो नीर बहाई
पीर सुसाई खस्न पुगिन्
फूल गुलाफी फुल्दाफुल्दै
वैलेजस्तै बस्न पुगिन्
(१४५)

'हो, मैले नै काया बेचें
बाध्य थिएँ लाचार थिएँ
मेरो इज्जत टुक्रा बन्थ्यो
विवश थिएँ लाचार थिएँ
(१४६)

मैले आस्था तर ती दिनमा
रत्ती बेचेकी त भए
हत्या गर्थें आफ्नो आफैं
आत्मा बेचेकी त भए
(१४७)

शिक्षा भर्दा शङ्का गर्दै
तिमीले आत्मा भाँचिदियौ
मायालाई गाली गर्दै
शङ्का मात्रै साँचिदियौ
(१४८)

उफ् ! मैले यो आत्मा बेचें
भूटोलाई सत्य भनी
हा ! आफैंले आस्था बेचें
ढुङ्गालाई देव भनी'
(१४९)

मूल फुटेभैं पीडा बग्थ्यो
सुलसुल गालाबाट कठै !
मोती बन्दै गुड्थे आँसू
छिनछिन च्यूडोबाट कठै !
(१५०)

बल्ल बुझेथे आज कमलले
प्रेम भनेको के छ भनी
जे सोच्थे ती जे बुझ्थे ती
जाने भिन्न छ प्रेम भनी
(१५१)

"बोले - पुतली ! हृदय दुःखाउन
मैले नाटक गर्छु कहाँ ?
यसरी तिम्रो मुटू दुःखेको
सक्दिनँ मैले हेर्न यहाँ
(१५२)

क्रान्ति लिनेको भावुकता हो
बाधा यो विश्वास गर
सम्भ सदा नै संकट पार्ने
लिन्छ परीक्षा क्रान्तिपथ
(१५३)

मैले तिम्रो घाउ दुखाउन
सोचे मात्रै क्रान्ति मरोस्
मैले तिम्रो आँत रुवाउन
खोजे मेरै प्राण उडोस्
(१५४)

पुतली ! क्रान्ति गरी हिँड्नेले
पाउँछ भोग्न र प्रेम कहाँ ?
प्रिये ! स्वदेश दुखेको बेला
प्रेम तथा आनन्द कहाँ ?"
(१५५)

घाउ पुरानो उप्किसकेथ्यो
तिनको छाती दग्ध थियो
आत्माभित्रै दुख्न पुगेथ्यो
टुक्रिसकेथ्यो त्रस्त थियो
(१५६)

बोली अड्क्यो घाँटीमा नै
पीडा उम्ली डस्न पुग्यो
बोल्न नसक्दा खुल्न नसक्दा
कुरा गलामै अड्न पुग्यो
(१५७)

'बिर्सेकी थैं पीडा मैले
हुंन् ती कष्ट अतीत भनी
यौटा बत्ती पाएँ तिम्रो
मानें माया उच्च पनि
(१५८)

रोकेकी हूँ बाहिर मैले
माया आफैं चर्न पुग्यो
छेकेकी हूँ मायालाई
उल्टै बढ्दै बेर्न पुग्यो
(१५९)

मैले होइनँ आफैं-आफैं
मेरो आस्था सर्न पुग्यो
सक्दासम्मन् रोकेकी हूँ
आस्था आफैं चर्न पुग्यो
(१६०)

हाड र छाला छोपैँ, रोकैँ
भाव दगुर्दै बगन पुग्यो
मुटुमा कीला ठोक्दाठोक्दै
ढुकढुक तिम्रो पास पुग्यो
(१६१)

वेश्या नै हूँ मेरो छाया
रत्ति तिमीमा दिन्नँ भनी
अफूलाई टाढै राखेँ
हृदय गयों दौडेर त्यहीं
(१६२)

अँठचाएकै हूँ मैले हे !
गल्दै शक्ति क्षीण भयो
आजै जान्छु तिमीले भन्दा
विश्व अँध्यारो भित्र भयो
(१६३)

सोचिनँ मैले फेरि परीक्षा
लिन्छौ मेरो आज पनि
रात र दिनमा हरक्षण यसरी
मात्र परीक्षा हुन्छ भनी
(१६४)

नेत्र भिजाई हेऱ्यौ प्रिय हे !
प्रेमीले भैँ, मख्ख परैँ
उज्ज्वल माया ठानैँ मैले
खुशियालीमा छक्क परैँ
(१६५)

सविताजस्तै कविताजस्तै
देख्दा सोचेँ–प्रेम गऱ्यौ
शीतल छाया ठानेकी हुँ
किन्तु तिमीले ताप भऱ्यौ
(१६६)

मैले सोधिनँ को हौ साथी !
साथै मागिनँ आँत पनि
तिम्रो घर कुन, तिम्रो थर कुन
मैले सोधिनँ जात पनि
(१६७)

मान्छे केवल जनताका हौ
मेरा पनि हौ यत्ति बुझैँ
पानी हौ गङ्गाका शीतल
प्यासी आत्मा आज़ बनैँ
(१६८)

बिर्सें-साँच्चै ! वेश्यालाई
प्रेम कसैले गर्छ कहाँ ?
बास्ना छैन भने भमराले
फूल भनी पो सुँघ्छ कहाँ ?
(१६९)

आस्था बेच्ने आज तुल्यायौ
आत्मा बेच्ने पारिदियौ
जीवनभरको बन्ने घाउ
पीडा एकैसाथ दियौ
(१७०)

शील टुटेको हो भन्ने ता
जानेकै थ्यौ आज पनि
के सोच्दै थ्यौ ? के रोज्दै थ्यौ
अन्धकारमा फेरि तिमी ?'
(१७१)

घाउ नयाँ यो झेल्न नसक्दा
रोगीजस्तै गल्न पुगिन्
झीनो स्वरमा बोल्दा-बोल्दै
पुतली सहसा ढल्न पुगिन्
(१७२)

बिचरी ! जिब्रो बडबड गर्दै
ओठहरूमा दल्न पुगिन्
केवल छाती धकधक गर्थ्यो
होश हराई लड्न पुगिन्
(१७३)

तिनले यसरी प्रेम गरेकी ?
यस्तो होला जानेनन्
आँत दिएकी छन् नारीले
भन्ने उनले ठानेनन्
(१७४)

पुतलीलाई होश दिलाई
हेरे पुतली सत्य थिइन्
वास्तवमा नै आत्मा तिनको
उच्च थियो ती स्वच्छ थिइन्
(१७५)

बोलेनन् क्यै, सोधेनन् क्यै
सुस्त मुसारे, हेरिरहे
'किन हे पुतली ! पीर ठुलो यो
बोल' भनीकन केरिरहे
(१७६)

सुँकसुँक गर्दै पुतली रोइन्
बोली अड्दछ भित्र अझै
आँसू झार्दै गाला धोइन्
मुटुमा गाँठो पर्छ अझै
(१७७)

'पुतली ! हाम्रो धर्म छ केवल
हाम्रो राष्ट्र उठाउनको
साथी ! मेरो कर्म त केवल
जनता माथि पुऱ्याउनको
(१७८)

मैले तिम्रो सास पढेथें
अर्थ त्यहीं क्यै छुट्न गयो
आत्मा तिम्रो बुझ्न नसक्दा
छाती आफ्नै दु:ख्न गयो
(१७९)

जसले देश उठाउनलाई
वेश्या बन्दै त्याग गरे
जसले क्रान्ति फुलाउनलाई
इज्जत बेचे, लाख गरे
(१८०)

ती अत्मा हुन् हाम्रा, ती हुन्
अस्था हाम्रा विश्वभर
हाम्रा आफ्ना भन्ने ती हुन्
के पो हाम्रो अन्य छ र ?
(१८१)

पुतली ! देख्छचौ लाखौं कमिला
कसरी लस्कर लागेका ?
हेर विषालु कीरालाई
मार्दै कसरी टोकेका ?
(१८२)

देख्यौ कमिला भित्तामा ती
चढ्छन् , लड्छन् बारम्बार !
पार नगर्दासम्मन् बाटो
श्रम गर्दै छन् अपरम्पार !
(१८३)

जसले गर्छन् हिम्मत तिनले
साहस उच्चा साथ गरून्
ती पहरा हुन् ती पर्वत हुन्
ती ढल्दैनन् जत्ति गलुन्
(१८४)

जनतालाई एक गराउन
तिनले जस्तै शौर्य गरौँ
हाम्रो राष्ट्र चुसी मातेका
कीरा मार्ने काम गरौँ
(१८५)
देश भनेरै जनता भन्दै
मैले यौवन बिर्सेथेँ
आज जगायौ प्रेम तिमीले
सच्चा प्रेमी आज बनेँ'
(१८६)
हात समाती सुस्त उठाए
आँखा-आँखा जुध्न पुगे
कोमल काया निर्मल माया
प्रेम दुवैका मिल्न पुगे
(१८७)
आज दुवैको स्पर्श जुधेपछि
पास दगुर्दै राग चल्यो
तरल कुराले तरल कुरामा
छोयो, यसरी रात ढल्यो
(१८८)
नसाहरूमा तार बजेझैँ
के हो के हो झन्न भयो
जिरिङजिरिङ ती तनमा बन्दा
अङ्ग दुवैको सन्न भयो
(१८९)
हावा छुन्छ पराग कुसुमको
यौवनको त्यो अंश थियो
यो जीवनको त्यो जीवनमा
जीवनदायी वंश थियो
(१९०)

पुतलीलाई प्रेम पियाई
राखे आफ्नो छातीमा
बोले–'पुतली ! चोट पुग्यो है !
अर्थ नबुझ्दा साथीमा ?'
(१९१)

तिनले पीडा बिर्सिन् सारा
लता बनीकन झुल्न पुगिन्
फूल रमायो भमरा पाई
सपना बन्दै डुल्न पुगिन्
(१९२)

छनन्छन् छनन्छन् चुरा छन्छनाए
कलाकार पाई नसा झन्झनाए
छछंछं छछंछं सबै नाच आए
मुटूभित्रका तारले गुन्गुनाए
(१९३)

धरा जून हेर्दै असाध्यै लजाइन्
त्यहीँ कोइलीले मिठो गीत गाइन्
कलाकार बोले कलालाइ पाई–
'तिमी सुन्दरी विश्वमा छौ मलाई
(१९४)

तिमी पूर्वकी लालिमा हौ उजेली
तिमी पूर्णिमाकी उजेली जुनेली
तिमी लेककी खोलिका नागबेली
म तिम्रो गला-बाँसुरीको सुसेली
(१९५)

तिमीसङ्ग बस्दा र चल्दा मलाई
नयाँ गीत आंयो नयाँ भाव पाई
म औँला घुमाएर यी तार छुन्छु
र तिम्रो सफा प्रेममा लीन हुन्छु
(१९६)

म गट्टा लिई शब्दका आज खेल्छु
तिमी अर्थ होऊ म यो वाक्य बोल्छु
'नयाँ कल्पनाले नयाँ तार छुन्छ
तिमीभित्र स्रष्टा नयाँ आज हुन्छ

(१९७)

म ताली बजाऊँ, रमाऊँ म आज
तिमी गीत होऊ नमानेर लाज
तिमी नाच राम्रो मिलाएर चोली
बनी उच्च माया बनी स्वच्छ बोली

(१९८)

तिमी फूल हौ फूलकी हौ सुगन्ध
तिमी विश्वमा उच्छ हुन्छयौ निबन्ध
तिमी खुल्दछयौ खुल्छ संसार बन्द
तिमी हिँड्दछयौ हिँड्दछन् गीत छन्द

(१९९)

पस्यो फूलमा मन्द हावा सुसाई
कुरा कानमा गर्दथ्यो फुस्फुसाई
अहा ! हा ! उहूँ ! हूँ गरी गुनुनाई
छताछुल्ल पग्लेर आनन्द पाई

(२००)

थियो जिन्दगीको उज्यालो प्रकाश
कि हो पूर्वको लालिमाको सुवास
घुस्यो फूलमा आज नौलो पराग
नयाँ क्रान्तिको हो कि यो गुप्तबास ?

(२०१)

बल्यो नूर यौटा यता नायिकामा
खस्यो नूर यौटा उता जिन्दगीमा !
'नसोधेर पार्टी भयो आज यो के ?
बनेँ तप्त कस्तो गरेँ भूल यो के ?'

(२०२)

लता लाज मानेर झुक्दै उता छन्
र सन्त्रस्त झैं वीर यौटा यता छन्
'भयो आज के यो छ के दण्ड यस्को ?
प्रिये ! भूल हो यो कि हो प्रेम सस्तो ?

(२०३)

बगौं रागजस्तै नमानेर लाज
चुक्यो क्रान्तिकारी नसोधी समाज
तिमी गाउँ हेरे सबै ठाउँ हेरे
बनाएर झुप्पा यहाँ क्रान्ति फेरे

(२०४)

मेरा नामहरू अनेकथरि छन्, छन् रूप त्यस्तै निकै
मैजस्तै रूप झन् अनेक पुतली छन् क्रान्तिकारी निकै
हूँला आज यता कुनै दिन उता गाह्रो छ यो ठाउँमा
कैले जङ्गलमा कतै त घरमा यस्तै छ यो काममा

(२०५)

जस्लाई डरले चिथोर्छ सहजै टिक्दैन त्यो क्रान्तिमा
बन्ने कष्ट हुँदा निराश बहुतै सक्दैन बाटो लिन
आफ्नो स्वार्थ छुने मुटू बदलिने धोका कतै बन्दछ
आफ्नो ज्यान ठुलो भन्यौं यदि भने क्रान्ति दुखी बन्दछ

(२०६)

आँसूलाइ पिएर जीवनभरी पर्नेछ लड्ने हुन
काँडासङ्ग जुधेर गोलिसँगमा पर्नेछ भिड्ने हुन
बुझ्नू छन् क्षण आजदेखि रणका तर्वारका धारमा
चाँडो गर्नु छ क्रान्तिको विजय यो आफैं परी मारमा

(२०७)

मलाई नबिर्सेर बिर्से मलाई
गरे गोप्य यो क्रान्तिकारी कमाई
म यो भावनाको र तिम्रो बहाव
छिटो पार्टिलाई दिनेछु सुझाव

(२०८)

नबोली-नबोली भनी लाख बोली
नखोली-नखोली उधारेर चोली
गए शून्य पारेर आत्मा अँधेरो
हुँदा दूर आफन्त रुन्छिन् चमेली ।

(२०९)

*   *   *

एघारौँ फूल

निस्तब्ध ! निस्तब्ध ! स्तब्ध !!
पुतली खुम्चेर रहिन्
उनी बसेको ठाउँ यो
उनैले कुल्चेको ठाउँ यो
गुमसुम गुमसुम गुमसुम
तिनले छोइन् – अझै तातो छ
मुसारिन् – अझै न्यानो छ
धूलो टिपेर छातीमा दलिन्–
यौटा पराग नाकभरि बसायो
यौटा विश्वास मुटुभरि रसायो
अझै पनि भित्तामा डाम छ
त्यहीँ उभिएका थिए ती
त्यहीँ अडेसिएका थिए ती
उनले ध्यानपूर्वक हेरिन्–

झलक्क झलक्क उही मूर्ति
झलक्क झलक्क उही अनुहार !
उनले यहीँ उद्देश्य बोलेका थिए
उनले यहीँ विश्वास खोलेका थिए
तिनी बिस्तारै गुनगुनाइन्–प्रणय !
आह ! प्रणयको उच्च हिमाल
आफैंभित्र पग्ल्यो आज !
तिनलाई प्यारो-प्यारो लाग्यो–
हावा– सुमसुम सुमसुम सुमसुम
उनलाई न्यानो-न्यानो लाग्यो
रात–गुमसुम गुमसुम गुमसुम
र निद्रा लागेन
आँखा पटक्कै झप्केन.
र सँगै सम्झनामा
आयो–
पहेंलो माकुरा याद आयो
नीलो झिँगा याद आयो
उफ् ! माकुरा झीँगा !
माकुरा ! झीँगा !
एक्कासि तिनको मुखबाट निस्क्यो–
मैले माकुरा मार्नु छ
मैले जालो च्यात्नु छ
र तिनलाई निद्रै लागेन ।

* * *

जीवनलाई देख्ने क्रममा
तिनले देखिन्–
बम्बईका कोठी यहाँ पनि रहेछन्
पक्कै हो– जीवन तिनी मात्र होइन रहेछ
नीला-नीला डामहरू लिएर
तिनले देखिन्–

निर्मला आँसु पुछ्दै थिइन्
र जीवन यत्ति रहेनछ
गाउँका अँधेरा जङ्गलमा पनि
तिनले देखिन्–
कलिला बालिकाका जाँघबाट रगत
तपतप ! तपतप ! तपतप !
उफ् ! जिउनुको यो पीडा
उफ् ! बाँच्नुको यो बिडम्बना !
–तिनले आँखा छोपिन् घुम्टोले।
* * *
न्याय पाउनुको अभ्यार्थनामा
रामे
आफ्ना हातहरू बेच्दै थियो
खुशीले बाँच्नुको तात्पर्यमा
हर्के
आफ्नै मृत्यु लेख्दै थियो
नजानेर नै
काइँला बाले विषालु हुक्का तान्दै थिए
नजानेर नै
साने घर्ती आफ्ना बारी रित्याउँदै थियो
तिनले देखिन्–
दिनरात-दिनरात अन्न फलाएर
इन्द्रबहादुर छोराछोरीलाई भोकै सुताउँछ
ठेलाका ठेला किताब बोकेर
वीरबहादुर अरूलाई आफ्नो चिठी लेख्न लगाउँछ
तिनको मन दुखेर आयो
साँच्चैसाँच्चै चित्त दुखेर आयो
तिनले कमललाई सम्झिन्
होश फर्केर आयो
जोश उर्लेर आयो–

मैयाँ ! चम्पा ! झिनियाँ ! गुर्सिनी !
सानीमा ! ठुल्यामा ! कमला ! सँगिनी !
तिनी ठूलो स्वरमा कराइन्–
'भोलि सँगै पँधेरी जाने !
भोलि सँगै घाँस जाने !'

* * *

जीवन बुझ्ने क्रममा
तिनले देखिन्–
हाडका पहाड यहीँ रहेछन्
सन्ते दमाई सडक बनेर
शहरभरि पसारिएको रहेछ
र तर बरा !
उसले अझै हिँड्न पाएको छैन,
सानु पोटे पानी बनेर
टङ्की-टङ्की भरिएको रहेछ
र तर कठै !
उसले पिउन पाएको छैन,
महतो र सियाराम धान बनेर
तराईभरि पहेँलिएका रहेछन्
र तर हरे !
तिनका भकारी रित्तै छन् ,
तिनले विचार गरिन्–
बुझ्नुकै यो अत्यास ?
तिनीहरू सबै
श्रद्धाको हरियो फाँटमा छन्
विश्वासको भरिलो आँटमा छन्
र तर जिन्दगी ?
उफ् ! छातीमा मरुभूमि बोकेर
चोइटा-चोइटा आशा !
चोइटा-चोइटा जीवन !

र तिनीहरूले टाउको हल्लाए
'हामी गुरे !
र तिनीहरूले शिर हल्लाए
'हामी भ्यागुत्ता '
र तिनीहरूले शिर हल्लाए
पर...पर्खाल पछाडिबाट
तर दुईटा आँखा ट्वालट्वाल
उजेलिँदै - अँधेरिँदै
तीखा आँखा ट्वालट्वाल
र तिनीहरू काममा लागे
र पर्खालपछाडिबाट गाउँको भूत हाँस्यो-
खित्खित् खित्खित् खित्खित् ।

* * *

आगो बाल्ने क्रममा
मिलेर साथीहरूसित
पुतली चूल्हो फुक्दै छिन्
दाउरा चिसा छन् कुनै
वेला वेलामा सोच्छिन्–
आगो बाल्नु कठिन रहेछ ,
तर निराश बन्दिनन्
वेला-वेलामा कमलको पत्र आउँछ–
'निराश नहुनू
हताश नहुनू
अगुल्टोलाई ठोसिरहू
आगो बल्नेछ र बलेरै छाड्नेछ',
कहिले-कहिले
तिनी गल्छिन् क्यार
अँगेनुको डीलमा बसी सुस्ताउन थाल्छिन्
एउटा खबर पाएकी छन्–

केही साथीहरू बाटो भुलेर
मुग्लानतिर पसे अरे
तर उनी विश्वास गर्छिन्-फर्कनेछन्
साथीहरू अवश्य फर्कनेछन्
यत्ति न हो
उनीहरू केही थाकेर आउलान्
केही गलेर आउलान्
सोच्छिन् – केही छैन
अलिकति मही, मकै र भटमास दिनेछु
अलिकति चिसो पानी र सातु दिनेछु
तिनी फेरि लोरी पक्रन्छिन्
सोच्छिन् – आगो फुक्नु कठिन रहेछ ,
तिनी फेरि फुक्छिन्
दाउरा अलिकति पुत्पुत् पुत्पुत्
दाउरा पुत्ताउँछन् कुनै
दाउरा धुवाउँछन् कुनै
झिल्काझिल्की चिटिकमिटिक
सोच्छिन्– आगो बाल्नु कठिन रहेछ,
उत्साह तर घट्दैनन्
के भो त ? सोच्छिन्–
हो, काँचा दाउरा त्यसै कहाँ बल्छन् र ?
चिसा चुल्हा त्यसै कहाँ सल्कन्छन् र ?
यस्तो ठाउँमा आगो फुक्दा
आँखा दुखे भन्नु पनि त भएन
र कमललाई सम्झिन्–
सम्झिन् धूलो नै प्राण
धूलो नै जीवन , धूलो नै ईश्वर ?
तिनले फेरि फुक्न थालिन्
पर....भित्तापछाडिबाट
तर दुइटा आँखा ट्वाल्ट्वाल्

उजेलिँदै-अँधेरिँदै
तीखा आँखा ट्वाल्ट्वाल्
र आगोको एउटा लप्का उठ्यो
र तिनले टाउको हल्लाइन्
र पर्खालपछाडिबाट गाउँको भूत हाँस्यो-
खित्खित् खित्खित् खित्खित् ।

*   *   *

सधैँ बिहान, सधैँ साँझ
सधैँ दिउँसो, सधैँ रात
जीवन अँधेरो र उजेलोको सन्तान
तिनले अनुभव बढाइन्-
तारभरि करेन्ट
पानीभरि करेन्ट
करेन्ट-बिजुली = उजेलो = सुख ?
तर बिजुली बल्बमा मात्र देखिन्छ ?
तिनले निकै बुझिन्
डोको-नाम्लो-हँसिया-जुइनो
र तयार भइन्
थाहा छ-
बाखा खोरमा उँघिरहन्नन्
जान्दछिन्-
गोठमा वस्तु उग्राइरहन्नन्
तर त्यसो गर्ने तिनलाई हक छ
अन्न फल्दछ
तिनीहरूको मल पनि फल्दछ
साग बढ्दछ
तिनीहरूको जल पनि बढ्दछ
र तिनले फरिया कसिन्
र तिनी उकालो लागिन्

र तिनले सुनिन्– हाँसो !
'हा ! हा ! हा !'
"पोथीको डाँक हेर"
'होइन जात नि जात ?'
'जीउ भारी छ रे नि '
हा ! हा ! हा !
'वेश्यालय खोलेकी छ '
'मासु खाएर गीताको प्रवचन'
'हा ! हा ! हा !'
तिनले पेट छामिन्
उफ् ! अहँ हुँदैन हुँदैन '
भन्नु हुँदैन ! हुँदैन !
तिनले छिटो-छिटो पाइला चालिन्
पर.... करेसापछाडिबाट
तर दुइटा आँखा ट्वाल्ट्वाल्
उजेलिँदै-अँधेरिँदै
तीखा आँखा ट्वाल्ट्वाल्
र तिनी उकालो दगुरिन्
र करेसापछाडिबाट गाउँको भूत हाँस्यो–
खित्खित् खित्खित् खित्खित् ।

*　　*　　*

पुतली जाँदै थिइन् र जाँदै थिइन्
कसैले लखेट्दै थियो झैं
कसैले घचेट्दै थियो झैं
पसीना ! पसीना !
जलन ! जलन !
वरिपरि भूतै भूत ! भूतै भूत !
उफ् ! तिनले सोचिन् -भूत !
भूत डरलाग्दो हुन्छ

"को खै बाबु ! को खै
को खै नानी को खै ?"
बाबु मान्दैन, नानी मान्दैन
आमा फुसफुसाउँछिन्–
बाबै ! भूत ! नानी ! भूत !
उफ् ! पछाडि फर्केका हातगोडा
आङभरि रौँहरू जिङ्ग्रिङ्ग !
खपटे अनुहार दाह्रा-दाह्रा
काखमा च्याप्दै
बाबु ! भूत ! नानी ! भूत !
बच्चा मुख बाउँछ
नानी मुख बाउँछे
आमा रमाउँछिन्–
"को खै बाबु को खै
को खै नानी ! को खै "
आमा !
तर सोझी आमा !
सून्यमा भूत देखाउँछिन्
भूत !
तर वरपर जताततै छन्
बुझिन् तिनले-
भूतले तर्साउँछन्
भूतले अत्याउँछन्
र तिनी छिटो-छिटो दगुरिन्
परपर- परपर- परपर
र तिनले देखिन्–
टोपी-रातो- गोलो-गोलो
पाइन्ट खाकी- बाक्लो- बाक्लो
छडी आँख्ले - कालो -कालो
र गोरेटो लम्पसार सुतेको छ

निर्विरोध निर्विरोध
र तिनीहरू हतारमा आइरहेछन्
प्रहरी ! प्रहरी ! प्रहरी !
र तिनी राम्ररी झस्किन्
र तिनको छाती बोल्यो–ढुकढुक
धकधक धकधक धकधक
र तिनी उल्टो गोडा दगुरिन्
पर ... चौतारीपछाडिबाट
तर दुइटा आँखा ट्वाल्ट्वाल्
उजेलिँदै–अँधेरिँदै
तीखा आँखा ट्वाल्ट्वाल्
र तिनी फाल हाल्दै कुदिन्
पछिपछि दौडेर तिनीहरू
र तिनी फड्कँदै कुदिन्
र चौतारीपछाडिबाट गाउँको भूत हाँस्यो –
खित्खित् खित्खित् खित्खित् ।

*   *   *

बाह्रौं फूल

गर्दै क्रान्ति र प्रेमसाथ यसरी बढ्दै गएथे उनी
पार्टीलाइ भनेर फेरि तिनको सम्पर्कलाई पनि
आज्ञा जीवनसङ्गिनी गरिलिने पाए, रमाए, तर
यो वेला जनक्रान्तिको पनि थियो संघर्ष झन् जब्बर

(१)

बिक्रम्-सम्वत द्वीहजार महिना वैशाखको छ्यालिस-
को हो गर्भ, परन्तु क्रान्तिपथमा संघर्ष गर्थिन् नित
छायो ग्रिष्म तुरुन्त ताप सबमा- पारेर आतङ्कित
गर्थे बैठक क्रान्तिकारीहरुले सर्कार झन् शङ्कित

(२)

गगन तप्तप धप्प बल्यो उता
र धरणी अझ तप्त बनिन् यता
र रविले जलका कण शोस्दछ
धरणि फुङ्ग बनेर उडिन् तब

(३)

झुपडिमा तर राप चल्यो यता
पटट फाँट फुटेर तराइका
वदनमा पसिनाजल तप्तप
गरिबको दिल गर्दछ छट्पट

(४)

प्रकृतिमोहक, सुन्दर बन्दछन्
मुलुकको धन हो वन भन्दछन्
शठहरू तर स्वार्थ गरी अब
दिनहुँ नाश गरी वन घुम्दछन्

(५)

धन र स्वार्थ लिने शठले वन
गडडचाम्म ढलाउँछ दिन्दिन
अबुझ पाउन घाँस र दाउरा
दिनहुँ ढाल्दछ वृक्षहरू ठूला

(६)

'काँचा वृक्ष दिँदैन लग्न सहजै पक्रिन्छ आईकन
पालेले पनि पोल खोल्दछ निकै मान्छे चिनाईकन'
यो सोची वनमा सुटुक्क शठले आगो लगाईदिने
स्वाहा जङ्गल बन्छ तस्कर बनी सम्पत्ति खाईदिने

(७)

गर्मीको महिना अझै छ यसमा यो मानवी दुर्मन
सक्लिन् हा कसरी र यी प्रकृतिले यो अग्निको चुम्बन ?
रुन्छिन् धर्धर आँसु बन्छ पसिना, पाक्छन् घमौरा ठूला
कोही हुन्न सहाय यी दिन झनै सुर्जे बनेका कडा

(८)

धूलो उड्दछ फस्स–फस्स नभमा बाक्लो तुवाँलो भरी
हावा बग्दछ हप्प-हप्प वनमा क्रोधाग्नि फैलेसरि
खोला भल्भल उम्लने र धरणी सम्पूर्ण नै तातिने
आफ्नो राज्य भनेर हो कि सविता झन्-झन् बने मातिने

(९)

धोक्रो बोक्दछ तप्प झर्छ पसिना धाक्रे कठै ! दिन्दिन
पानी छैन पिउन् कता कुन कुरा ? संकष्ट कस्तो ? भन
पानी छैन भनौँ बगेर पसिना काया सबै भिज्दछ
खाउन् के पसिना भिजाउन गला ? यो कष्ट को बुझ्दछ ?

(१०)

यस्तो वेला तर मनुजता बाँडिएको चिरामा
बन्दै क्वै पश्चिम समुहमा क्वै त पूर्वीयतामा
डाहा गर्छन् मिलन यिनमा छैन, त्यस्को अभाव
एकार्काको रिस छ यिनमा हेर कस्तो स्वभाव !

(११)

कुनै त लोकतन्त्रमा समाजवादमा कुनै
स्वतन्त्र चाहना कुनै र साम्यवादमा कुनै
सधैँ जपेर शान्ति ! शान्ति ! छन् सबै अशान्तिमा
घटाउँ अस्त्र भन्दछन् बनाउँदै नयाँ बम

(१२)

यता तिखार्छ बाघले खिया छुटाउँदै नङ
उता मुसार्छ बाजले धरा फुटाउँदै नङ
निरीह क्वै बुझेर यो सशङ्क बस्दछन् यता
धरा डराउँदै रुँदै गुहार्दछिन् मनुष्यता

(१३)

मनुष्यता समुद्रका किनारमा दहाड्दछ
मनुष्यता पशुत्वका निधारमा विचार्दछ
मनुष्यता लखेटिएर देखिएन मानिस
उजेलिँदै-अँधेरिँदै, दुःखी बनेछ मानिस

(१४)

भएर दुष्ट 'शान्ति यो' कराउँदै छ पश्चिम
अशान्ति राष्ट्र-राष्ट्रमा पठाउँदै छ पश्चिम
सिपाहि चेसका बनाउँदै निरीह राष्ट्र यी
पुरा गरेर स्वार्थ झन् जुधाउँदै छ पश्चिम

(१५)

'अमेरिका' बनेर विश्व खानमा मनुष्यता
र रूसको भएर नाम मार्नमा मनुष्यता
चुमेर पाउ दुष्टका भएछ दास मानिस
पछाडि लाममा उभी गलेछ आज मानिस

(१६)

गए स्वतन्त्रता दिएर ती महान मानव
भए स्वतन्त्रता लुटेर दुष्ट आज मानव
भुटेर मासु विश्वको निलेर रूस यो यता
चुसेर रक्त लाल झन् उठेछ त्यो अमेरिका

(१७)

बनेर बादशाह यी दुवै लडाउँछन् जग
अनेक स्वार्थमा रमाउँछन् भएर दानव
लुकेर बस्न बांध्य बन्छ आज हा ! मनुष्यता
खुशी सकेर बाँच्न बाध्य बन्छ हा ! मनुष्यता

(१८)

स्वतन्त्रता छ यो भनी दिए महानले हिजो
लिएर दुष्टले रजाइँ गर्दछन् यहाँ अब
समाजवाद उच्च यो ढलाउनेहरू बढे
र मानवीय चेतना गलाउनेहरू बढे

(१९)

ठगेर विश्व ती उठे सधैं छ स्वार्थकामना
भएर दास झैं अरू पछाडि राष्ट्र लाममा
समाजवाद मैलियो र मैलियो स्वतन्त्रता
दुवै छली दुवै बली रुवाउँछन् मनुष्यता

(२०)

अनेक राष्ट्र मख्ख भै समानता समाउँथे
र क्वै खुशी निकै हुँदै स्वतन्त्रता रुचाउँथे
चिरा-चिरा बनेर विश्व तीन लाममा अब
धरा स्वयं दुखी बनिन् बुझेर दुष्टता सब

(२१)

उता अमेरिका 'तिया' भनेर दाउ हान्दथ्यो
परन्तु 'आठ' पर्छ दाउ रूसचाहिँ ठान्दथ्यो
अनेक तारिकासँगै बसेर एक हाँस्दथ्यो
खुँडासँगै लुगा छ लाल यो यता नियाल्दथ्यो

(२२)

'तिया' भयो चलाख आठलाइ क्यै छकाउँदै
गऱ्यो प्रहार बन्चरो तिख्याउँदै उठाउँदै
'म अड्छु अड्छु' आठले प्रयास ता निकै गऱ्यो
सकेन काटियो लडचो छिया-छिया बनी ढल्यो

(२३)

मुटू फुटेर लड्छ झैं बन्यो समाजवाद पो
हजार बिच्छुले डसे, दुख्यो समाजवाद यो
जितें भनेर दुष्टका घमण्ड ती रमाउँथे
महान मूर्ति ठिङ्ग भै दुःखेर सुँक्सुँकाउँथे

(२४)

मैले देखें यस बखतमा नीर आँखा भरिन्थ्यो
हिक्का छाडीकन हृदय क्वै डाक हालेर रुन्थ्यो
हो धर्तीकै धडकन त्यसै सक्दथ्यो के नदुख्न
डाँको ठूलो अनि छटपटी सक्दथ्यो के र लुक्न

(२५)

मैले सोधें किन त धरणी ! आज यस्तो विरक्त ?
के भो ? रुन्छचौ किन त यसरी बन्दछचौ आज तप्त ?
पापी छोराहरू स्वयमका जन्मिए ! लाज लाग्यो ?
वा छातीको धडकन कुनै टुक्रियो ? बोल के भो ?

(२६)

रोयौ हिक्का किन प्रिय सखी ! आँसुमा वेदना छ ?
के भो हेर्दा दुःखित तिमी छचौं भित्र के भावना छ ?
आफ्नो पीडा अलिकति तिमी बाँड लौ थापिबस्छु
ठूला सम्वेदनहरू दुखे आँसु बन्छन् म बुझ्छु

(२७)

बोलिन्- 'मेरो कठिन छ व्यथा के गरी आज फोऊँ ?
छाती पोली दमित छ कथा के गरी शान्त होऊँ ?
मेरा आँखा अब रगत्मा लत्पतिन्छन् ल हेर !
चौटा खस्छन् नयनजलमा सक्दछौ गर्न के र ?
(२८)
चौतारी यो कणकण भयो कीर्ण लाग्यो जरामा
तीखो भाला यसरि धसियो रक्त आयो गलामा
वैरी हाँस्यो हलल त्यसका दास हाँसे पलामा
बन्थें आमा म स्वयम कठै ! आज खोज्दै छु आमा !
(२९)
आँसू खस्थे टपटप यहीं पेटमा अग्नि बल्दा
धारा बग्छन् नयनहरुका दुष्टका तीर चल्दा
जन्माएथें तब सुन दियो दीप्त बल्थ्यो प्रकाश
थामेनन् त्यो तर कपुतले आज लागें प्रवास
(३०)
जन्माएथें सपुत जगको वज्रको मैनलाई
हुर्काएथें दिनहुं श्रमका पाखुरीमा नचाई
फैलाएथें मगमग हुने फूलको वासना त्यो
यो दुर्गन्धी फल तर दियो शत्रुले वेदनाको
(३१)
छौ हे कोही धडकन कतै थाम लौ झट्ट आऊ
बग्ने मेरो यस रगतको बीज यौटा बचाऊ
कालो रात्रीपछि त रविका रश्मिको लाली हुन्छ
यौटा बत्तीसित खरबमा दीपको पालि हुन्छ'
(३२)
मैले देखें तब समयले तीव्र भूकम्प हान्यो
ढल्दै पल्टयो तडडड जसै रूस, संसार काम्यो
साना जो थे मुलुकनजिकै माडिए भाँचिए क्वै
पैरो लड्दा तल घर हुने नष्ट हुन्छन् त्यसै नै
(३३)

ढल्दा ठूलो तरु गडडडचाम् तीव्र हावा सुसायो
टाढा टाढा पृथिविभरिमा पीरबाधा करायो
त्यस्को हावा वरपर हुँदै सुस्तरी देशमा यो
आयो, चल्थ्यो गुपचुप यहाँ क्रान्ति, त्यस्ले सघायो

(३४)

साना झिल्काहरू अब यहाँ बल्न थाले अनेक
लप्का बन्दै झटपट छिटोराए फैलिए।ती बलेर
पार्टी आफ्ना दलबल लिँदै क्रान्तिको मार्गनेर
बिस्तारै ती सजग बनिए क्रान्ति गर्ने बनेर

(३५)

गर्मीसङ्गै गरम अब यी क्रान्तिकारी बनेका
तातो बाँड्दै अनि समरको राप बाँडी हिँडेका
निस्के भूमीगत समरमा आज फाली सिरानी
फैले राता नव किरण यी हेर्नलाई बिहानी

(३६)

यो वेला हो- अमरपुरको स्वच्छ आत्मा बनाए
यै हो वेला -सरल जनता स्वाभिमानी बनाए
टाढा-टाढातक मुलुकमा चेतना फैलिनाले
यो वेला हो- सहज जनमा क्रान्तिका बीज हाले

(३७)

यो वेलामा वरपर घुमे ढुक्ढुकी सुन्न हुन्छ
नेपालीका मुटुहरु चुमी वेदना बुझ्न हुन्छ
तातेको पो छ कि गरम यो तप्त लोहा यहाँको
यै हो वेला-झटपट पिटे तीक्ष्ण औजार बन्छ

(३८)

मौका छोपे भल पनि कुनै खेतमा हाल्न हुन्छ
साँच्चै जाग्यो जनमत भने क्रान्तिमा लाग्न हुन्छ
यै हो वेला-सकल जनले क्रान्ति यो बुझ्न थाले
यै वेला हो-तुजुक जनको व्यक्तिले युद्ध थाले

(३९)

गर्मी चर्क्यो, तपन जगमा ग्रीष्मले बोकिल्याए
फैलेको बादल दल छुँदै सूर्यले ज्योति बाले
पोथ्रा ती बादल गगनमा देखिएका कलामा
टुक्रा बन्दै वरपर भए बादलू ती तमाम
(४०)

वर्षा आयो दररर गरी टुक्रियो गर्जियो क्यै
सेना छन् बादल र असिना तीर वर्षा भनेकै
धर्ती ताकी अब त असिना हान्छ मानौँ सिकारी
छाती थापी तर धरणिले प्रेम दिन्छिन् निखारी
(४१)

अत्याचारीकन जति गरौँ प्रेम ती सन्किइन्छन्
माया गर्दा पनि शठहरू घाउ भै टन्किइन्छन्
वर्षाको राक्षस अब बन्यो धुन्धुकारी बनेल
ठूलो वर्षा तर अझ भयो बढ्दछन् दुष्ट भेल
(४२)

बन्यो वर्षा यो राक्षससरि गऱ्यो उद्धुम ठूलो
अधर्मीको कालो मल भल बन्यो निर्मल कुलो
लडे गडचाम् गर्दै तरुहरु अनेकौँ वनभरि
हजारौँ आशङ्का गरिबहरुका छन् मनभरि
(४३)

बने बारी, पाखा कुरुप खहरेका वश परी
बन्यो वर्षा ह्राम्रा मुलुकभरिका शोषकसरि
कलीला भै बढ्थे लहलह गरी स्वच्छ बिरुवा
चुसाहाका नङ्गासरि तर गडचो निष्ठुर हवा
(४४)

गला च्याती च्याती टरटर गरी मेढक बढी
कराएका पापी यस मुलुकका शोषकसरि
बन्यो हात्तीसूँढे जलकण झरेका तररर
दुखेका आँखामा दुखितहरुका आँसु बरर
(४५)

बढी क्रोधी हुन्छे चटट बिजुली कान चिरिने
निमूखामा धक्कू अमिरहरुको झैं गरिदिने
भए कालाकाला वरपर घुमी बादलदल
विदेशी ठालूका सबतिर छ भन्सार महल

(४६)

लुकामारी गर्छन् विवश रवि लाचार यसरी
ठूलो नेता लुक्दै यस मुलुकमा हिँड्छ जसरी
पुराना साँगूका तहहरु गले ढल्मल हुँदै
यहाँ गल्छन् बूढाहरु जसरि क्यै औषधि नभै

(४७)

हजारौं पोथ्रामा फुलहरू फुलेनन् झरि परी
चुसीएका हाम्रा दुखित बतिला-बालकसरि
असाध्यै गर्जन्छन् बगर खहरे गर्जन गरी
समाती नेतामा दमन जसरी गर्छ प्रहरी

(४८)

हेर्ने गर्छन् गगन जनता चन्द्रमा खै कहाँ छन् ?
सोच्थे पीडा निमन गरने घाउ बल्झ्यो यहाँ झन्
सोच्ने गर्थे, तर श्रमिकले तारिका पाउनेछन्
पाए पीडा मुटु पनि दुख्यो पीर पाए ठुला झन्

(४९)

भन्छन् हाम्ले' सुन त धरणी ! यी पसीना चुहायौं
ल्यायौं हाल्यौं मजलज गऱ्यौं अन्नबाली फलायौं
काँडा फाल्यौं बहुत कँटिला उर्वरा आज पाऱ्यौं
वैरी हाम्रो तर किन भयौ ? हामिले के बिगाऱ्यौं ?

(५०)

हाम्रै साना घरहरू बगे मेटिए यी पसीना
बस्छन् यी शासक महलमा खान पाई मसीना !
भन्दै आफ्ना बहहरू सबै पीर पोलेर पोख्छन्
पार्टीलाई छटपट भयो क्रान्ति गर्ने भयो मन्

(५१)

तारा राम्रा गगनभरिका साथमा आज होलान्
मान्छे हाम्रा मुलुकभरिका उच्च संघर्ष छोलान्
धर्ती हाम्री मृदुल ममता स्नेह आफ्नो खन्याई
फल्ने होऊ सपुत अब हे ! भन्दछिन् झक्झक्याई

(५२)

बर्षावेला श्रमिक जनता पिल्सिएका हुँदामा
छाए छाती अब त रण यो हुन्छ हाम्रो दुनामा
हेरे मान्छे प्रकृति सब छन् क्रान्तिलाई सहाय
बोले–धर्ती ! प्रकृतिसित अन्याय कस्तो अथाह ?

(५३)

वर्षा ! यो रौद्रव समर वा क्रान्तिको हो उभार ?
वा हो तिम्रो प्रलयबलको बिघ्नशाली मुहार ?
हे इन्द्रेनी किन त रसिला नेत्रले आज हेर्छयौ ?
रङ्गीचङ्गी किन मलिन भो पीर के आज छर्छयौ ?

(५४)

बन्दैनौ खै समर विजयी क्रान्ति ल्याएर गङ्गा
सक्दैनौ खै किन त कँटिला दुष्टका फोर्न ढुङ्गा ?
उल्टै छाप्राहरू गरिबका आज तिम्ले बगायौ
पायौ उन्कै धन कि तिमिले दुष्टको घूस खायौ ?

(५५)

हावा चल्दा पतकर ! तिमी चल्नुपर्थ्यो पछाडि
ज्योत्स्ना छर्दा रविकिरणले बढ्नुपर्थ्यो अगाडि
निद्रामा छौ किन पथिक हे ! लाज फाल्यौ कि क्या हो ?
कालो धन्को रसमय भुजा हात पार्‍यौ कि क्या हो ?

(५६)

जुन्कीरी हे ! किन त अहिले तारिका झैं उदायौ ?
आयौ लड्ने हुन कि तिमिले क्रान्तिसन्देश पायौ ?
छौ हज्जारौं लहर कमिला एकतामा कि आयौं ?
वा धर्तीमा भ्रमणदलको आज भीसा बनायौ ?

(५७)

टाढा-टाढा जुन-जुन थिए कार्यकर्ता बनेका
पाखा भित्ताहरु छिरलिँदै देश घुम्दै हिँडेका
पार्टी मिल्दै गुपचुप गरे मन्त्रणा क्रान्ति छर्न
आगो बाल्ने प्रण अब गरे केही पर्खी सुमर्न

(५८)

एक्लै लड्दा तर समर यो बन्न सक्दैन पूर्ण
पार्टी सारा जनहित लिने पर्छ यौटे समेट्न
सोची सारा दलहरु मिली मन्त्रणा गर्न लागे
साना-साना मतहरु भुली एकता गर्न लागे

(५९)

आफ्ना-आफ्ना बलहरु दिने गर्दछन् पार्टि वाचा
आफ्ना-आफ्ना तह नव छुने तीव्र बन्थ्यो इरादा
भित्रैभित्रै दृढ हुन भनी पार्टीले मीत लाए
आफ्ना मान्छेसँग समरको घोषणा क्यै पठाए

(६०)

'यो वर्षाको द्रुततर कडा छाल तौलेर आऊ
काँडा बिभ्छन् सघन वनमा नेत्र खोलेर आऊ
मृत्यू होला सपुतसँगमा एक कात्रो समाऊ
प्रेमी नै हौ यदि मुलुकको ज्यान अर्पेर आऊ

(६१)

वर्षा भाग्यो वरपर ठूला बिघ्न पारेर केही
धर्ती केही रसबस गरी, पीर पारेर केही
वेला आयो शरद, यसको उच्च सौन्दर्य पाई
रम्भम् गर्छिन् अब त कविता चन्द्रमा पास आई

(६२)

चञ्चल चञ्चल शीतल शीतल कोमल निर्मल झन् सुमधुर
स्वर्णकिरणले भाल सजाई हाँस्छन् प्यारा हिमशिखर
कवि क्वैलीले गीत सुनाई नाचिरहेको पाउँदछु
स्निग्ध नयनले चन्द्र उजेला हाँसिरहेको पाउँदछु

वेला यस्तो उच्च शरदको पाई प्रेम रमाउँदछु
हात उचाली बोलाउँदछु कविता ! कविता ! गाउँदछु

(६३)

जब शर्माई गुनगुन गाई प्रात: नवेली घुम्न पुगिन्
तेरोमेरो द्वेष हटाई शान्त हवाले चुम्न पुगिन्
नाचौं गाऔं आज रमाऔं भन्दै गती सुनाउँदछु
मानवताको सुन्छु कहानी जसमा जीवन पाउँदछु
धर्ती आमा ! भन्दै घुम्दै टाढा-टाढा धाउँदछु
शिरमा थापी रश्मीलाई कविता ! कविता ! गाउँदछु

(६४)

आँखाका बादलमा जसको आज हराउन चाहन्छु
भावहरूको त्यै सागरमा लाज पचाउन चाहन्छु
तप्त भएमा पनि यो कविता देख्दा पानी पाउँदछु
गाऔं गीत धराकै साथी ! मैले गीत सिकाउँदछु
प्यारो काख बसी रजनीको सलबल हात फिराउँदछु
लीन बनी यस सुन्दरतामा साँचो भन्छु हराउँदछु

(६५)

धर्तीको यो सुन्दर मोहक ऋतुसङ्गै तर तिक्त कथा
बढ्छ यहाँको ठेला फुल्ने जनताहरुको पीर व्यथा
पार्टीलाई गर्नु छ केवल क्रान्ति नयाँ यो देशभरि
जनतालाई पार्नु छ केवल दु:ख फाली सम्पन्न पनि
पार्टी बोले यै वेलामा जनता ! शङ्ख फुकी भन्छौं
गर्छौं हामी मर्छौं हामी धर्ती साक्षी बनाउँदछौं

(६६)

जनता हो ! उठ आज छ हाम्रो हक माग्ने संघर्षबल
उठ्नु छ केवल गर्नु छ केवल मर्नु परे पनि लड्नु छ केवल
सास छ तिम्रो आस छ तिम्रो देश छ तिम्रो भर तिम्रो
जीवन तिम्रो तर यो पीडा कस्तो चर्को अझ हाम्रो

पार्टी बोले पर्चामा अनि डाँडा पाखा शङ्ख ध्वनि
गर्छौं हामी मर्छौं हामी भन्दै घन्के देशभरि

(६७)

वीरहरूले आँट निकाले घर्षण गर्नेतिर लागे
केही डरले भागे, केही मृत्यु पनि तौलिन लागे
कमल गएको पुतलीका घर तर तिनलाई भेटेनन्
कहाँ गइन् ती र के भइन् ती ? उनले केही देखेनन्
पार्टी बोले जहाँ जहाँ छौं जो जे छौं सब सक्रिय हौं
गर्छौं हामी मर्छौं हामी जनता हामी एक बनौं

(६८)

कहिले कुद्दै गाउँशहरमा कहिले गल्ली झुल्कन्थे
सम्झन्थे जब पुतलीलाई पीर अनेकौं फैलन्थे
गर्भ रहेथ्यो आज भयो के ? यो बेला ती के गर्छिन् ?
पक्रेका छन् क्रान्ति युवा क्यै, के ती उनकै हात परिन् ?
पार्टी बोले वेला हो यो स्वार्थ सबै छाडेर बढौं
गर्छौं हामी मर्छौं हामी साहस हामी उच्च गरौं

(६९)

जनता बाल्दै क्रान्ति उचाल्दै दिनमा होस् वा रात उनी
भेटेकै भो सात महीना सम्झन्छन् मनमा पुतली
छटपट बढ्थ्यो कसमस बढ्थ्यो बिर्सेनन् तर क्रान्ति पनि
मरिन् कतै वा मारे क्वैले ? तर्सन्थे सम्झी पुतली
पार्टी बोले दमन बढ्यो, अझ चर्कोस् रण सब एक बनौं
गर्छौं हामी मर्छौं हामी कात्रो राखी साथ चलौं

(७०)

यसरी क्रान्ति चलेका बेला पुतलीबारे चिठि आयो
'पर्चा बाँड्दाबाँड्दै पक्रे, करमा अनि हत्कडि लाग्यो ?
सुनी कमलको मुटू दुख्यो तब छटपट बढ्दै बन्छ घन
आज कमलको क्रोध बढेको रक्त पिऊँ अब कस्को हँ ?

पार्टी बोले आफ्नो आत्मा देश भनकीन त्याग गरौं
गर्छौं हामी मर्छौं हामी जस्तै दुःख होस् लागिपरौं
(७१)

ती गर्भिणी छन् छह मास चल्दछ
वेला कडा यो धनुकाँड छर्दछ
गल्ती भई गोप्य कुरा छुटे भने
यो क्रान्तिलाई दुःख फेरि पर्दछ
(७२)

पुतलीलाइ छुटाउनुपर्दछ
सफल क्रान्ति गराउनुपर्दछ
तर गरौं कसरी कुन ढङ्ग पो ?
समर चल्दछ उद्धुम ताल यो ?
(७३)

ती हुन् बनेकी रण गर्न भर्खर
बताउलिन् गोप्य कुरा भयो डर
पुगे डराईकन पार्टी कोरस
गरे कुरा ती उनका विदारक
(७४)

कुरा थियो सत्य थिइन् र कोमल
कडा थिए दण्ड कठोर निष्ठुर
कुरा झरेमा रण नूर खस्दछ
कुरा अडेमा पनि नीर खस्दछ
(७५)

काँचो भए ईंट फुटेर झर्दछ
फुटचो भने धूल बिजोक पार्दछ
पढाउँदै पाठ ठूलो गरे पनि
'हुन्छन् समुत्तीर्ण सबै कहाँ ?' भनी
बोले गरौं 'के अब मित्र हो ?' भनी
(७६)

गर्ने कुरा के अहिले सबैले ?
बाटो छ के पो ? कसरी र कै'ले ?
सोच्यो कुनैले र उपाय बोल्यो–
'खुल्दै'छ भर्ना प्रहरीहरूको'

(७७)

फेरी गएमा पनि रूप यिन्ले
यिन्लाई चिन्दैन त्यहाँ कसैले
भर्ना भई पुग्न सकुन् त चौकी
भाग्लिन् सजीलै रणक्रान्ति उम्की

(७८)

पुग्दा त्यहाँ शत्रु-रहस्य पाई
उल्टै बुझिन्थ्यो सरकारलाई
यस्तो बनी एक उपाय आयो
भर्ना हुँदा दोब्बर फाइदाको
मानेर नेता तर फेरि बोले–
'यो राष्ट्रभन्दा अरु क्यै नसोचे'

(७९)

ऐले यो देशका केही बीसपच्चीस ठाउँमा
ज्वाला दन्किरहेका छन् क्रान्तिलाई सघाउन

(८०)

काख रित्ता भए हुन्छन् आमा हाम्रा तयार छन्
पुछियोस् सिउँदो नै यी नारी हाम्रा तयार छन्

(८१)

यौटा जीवन हो हाम्रो मर्न हामी तयार छौं
सारा जीवन यो ढल्कोस् युवा हामी तयार छौं

(८२)

आफ्नो भावुकतालाई सात डाँडा कटाउँदै
युद्ध लड्ने भएका छौं आफैंलाई दुःखाउँदै

(८३)

नसक्दा खप्न त्यो पीडा, प्रहरीका प्रताडना
तिनका आँतका थोपा खस्न सक्छन् अनेकन
(८४)
नभुल्नू वीर हे ! आफ्नो उच्च कर्तव्य क्रान्तिको
सुख यो व्यक्तिको भन्दा देशको सुख हो ठुलो
(८५)
यत्ति याद रहोस् हाम्रो लक्ष्य उच्चा छ यो जुन
यौटाको प्रेमभन्दा हो लाख उच्चा सनातन
(८६)
हामी हौँ देशका रक्त हामी हौँ देशका नसा
हामी बिग्रे सबै बिग्र्यो हामी हौँ देशका दिशा
(८७)
यै माटो नै चुमौँ हामी यै माटो नै टिपौँ अब
माटोभित्र सबै हामी माटो हाम्रो छ गौरव
(८८)
ढुङ्गामा अन्धका ईश रूप धारेर बस्दछन्
धर्तीका कणमा हाम्रा उज्याला भगवान छन्
(८९)
दानामा ईश यी बोल्छन् फलमा झुल्दछन् कतै
पानीमा डुल्दछन् त्यस्तै बागमा फुल्दछन् कतै
(९०)
धर्ती नै ईश हाम्री हुन् सर्वव्यापी तथा पनि
राष्ट्रको रूपमा पायौँ पूजा यिन्कै गरौँ मिली
(९१)
पुतली कण धर्तीकै, हुन् नसा यसकै तिनी
तर ती राष्ट्र नै हैनन् नबग्नू भावना बनी
(९२)
प्रहरी बन लौ जाऊ, प्रहरी पनि चिन्नु छ
भित्र पस्न सकेमा नै चिनिन्छन् दुष्टता सब
(९३)

गलेको छ व्यवस्था यो धमिरा बन, काट गै
छुटाऊ पुतलीलाई, बचाऊ कण उच्च भै
(९४)
तर याद रहोस् सानो भूलले फूल झर्दछ
मायाको अन्धता फैले क्रान्तिको शूल बढ्दछ
(९५)
माटो सिन्दुर हो हाम्रो यो सुहाग बचाउँदै
स्वतन्त्र राष्ट्र पारेर बल्ल सोचिन्छ प्रेम क्यै
(९६)
क्रान्तिको चेतनालाई उनले शिरमा भरे
छातीको वेदनालाई मनमा तिनले गरे
(९७)
'पीडामा क्रोधमा मान्छे होशमा हुन्छ क्यै कम
बेहोशीपन फैलेमा लुटिन्छन् जगका धन
(९८)
यसै मर्नु उसै मर्नु मर्नै पर्दछ निश्चय
बरु गोली पचाएर देशको भक्त मर्दछ'
(९९)
यसरी 'पुतली-आफू' दुवै हौ देशका कण
आफ्नोभन्दा ठूलो माने, 'क्रान्ति यो देशको धन'
(१००)
रातो माटोसँगै वेला त्यो बन्यो रक्तवाहिनी
जाडोसँगै बढे भेला देशका क्रान्तिवाहिनी
(१०१)
काटिए, ठुन्किए केही, मुन्टिए गुल्टिए कुनै
क्रान्तिवीर बनी जागे जनता देशका निकै
(१०२)
यौटा दीप निभे तीसौं दीप बल्थे नयाँ हुँदै
यौटा तारा खसे तारा सयौंमा चम्चमाउँदै
(१०३)

क्रान्तिकारी र सेनाको युद्ध चर्किन्छ बेसरी
जनता बन्दछन् राँका नेपाली सूर्यकेशरी
(१०४)
अग्लो होचो र सम्मोमा क्रान्तिका गीत घन्किए
हात बन्दुक भै लड्थे दौरा कवच बन्दथे
(१०५)
असत्ती अग्निले रोप्यो जनमा बारुदी छिटा
सत्यका वीरले रोपे क्रान्तिका बीज पोटिला
(१०६)
यता आतङ्कमा देश युद्ध-संघर्ष गर्दथ्यो
पुतलीमा उता चौकी कालो आतङ्क छर्दथ्यो
(१०७)
परीक्षार्थी थिए वीर परीक्षा क्रान्तिको थियो
क्रान्तिबाटै बलेको हो सुखको, शान्तिको दियो
(१०८)

* * *

तेह्रौँ फूल

गर्दै थिन् पुतली कडा समर त्यो संघर्ष जित्ने भनी
ठाऊँ-ठाउँ उठाउँदै जनहरू हुन् क्रान्तिकारी भनी
यौटा देश थियो मुटूसित, थियो अर्को दियो प्रेमको
गर्थिन्, क्रान्ति र सोच्दथिन् कमलको विश्वास सम्पर्कको

(१)

मुसार्दै एकाकी क्षणहरु सजाएर सपना
फुलाई फैलाई कुसुमवन पारी रमझम
कलिलो बढ्दैको उदरसितको बालकसँग
गरेको कल्पन्छिन् रसबस कुरा, खेल र रङ

(२)

'यता यौटा औँला कमलसित आफू अलि उता
उभी आफ्नो औँला दिइकन नयाँ बाग डुलँदा
अहा ! कस्तो होला मधुप्रणयको जीवन भन !'
भनी आँखा चिम्ली सरस तब बन्थिन् क्षणक्षण

(३)

'खुला होला प्यारो मुलकु दुःखका बादल हटी
ठुला होलान् प्यारा कमल हरियो क्रान्ति वटुली
पुगौँला जन्ताका करतलसँगै हाँस्न जब म !
अहा ! कस्तो होला सुखद क्षणमा हर्षित मन !'

(४)

तिनी यस्तै बुभ्थिन् हृदयभरि कल्पेर सपना
सुखी आफैं हुन्थिन् कमलसँगका ती स्मरणमा
थिइन् ती लागेकी हरसमय यै क्रान्तिपथमा
परिन् गर्दागर्दै धरपकडमा एक दिनमा

(५)

अनेकौं कल्पन्थे रहर पुतलीका मनहरू
दुःखी भै उम्लन्थे तर समरका ती दिनहरू
दिशा घेरी आए पुलिस बिचरी ! पक्रिन पुगिन्
कडा पीडादायी दमन गरिँदा लत्रन पुगिन्

(६)

अनेकौंले पाए पुलिसहरूका लट्ठि बलिया
सयौंले झन् खाए सकस तिनका शासन कडा
सुनेकी हुन्, आफैं तर समरमा पक्रिन पुगिन्
नजानेरै काँपिन् थरर मनमा चिन्तित बनिन्

(७)

सिकारू नै हुन् ती यस मुलुकको क्रान्तिपथकी
जुझारू भै बढ्थिन् तर जुधिरहेकी समरकी
बुझेकी हुन्– होला समय पनि यस्तो दिन कुनै
नभोगेकी –हुन्छन् तर कठिन पीडाहरु निकै

(८)

फकाए, सम्झाए अनि त्रसित पारे त्यसपछि
चुटे, भुत्ल्याए डुम्डुम फसल पारी छिँडिभरि
नबोली खप्छिन् ती जति पुलिसले पीडन दिउन्
नखोली बस्छिन् ती रगत जिउका लाख छरियुन्

(९)

थियो भारी तिन्को उदर र गहुँङ्गो समर यो
यता अत्याचारी दमन सुरु हुन्थ्यो प्रहरिको
दिँदै धम्की बोले-"भन अब कुरा पूर्ण पुतली !
भयौ कैले गर्ने रणप्रखर आतङ्क पथकी ?

(१०)

दयाको मायाको तर प्रहरिमा हुन्न वचन
भिजाए पानीमा वरपर लछारे क्षणक्षण
दिने गर्थे झट्का अझ बिजुलिका छेड्न वदन
नबोली क्यै तिन्ले तर सहिरहिन् पीर-जलन

(११)

जसै रात्री हुन्थ्यो पुलिसहरु बन्थे अझ कडा
निकै रक्सी धोक्थे नयनहरु पारेर रसिला
चुटे, ठोके, पेले, पिन पनि घुसाए नङभरि
नबोली खुम्चेरै तर पनि खपिन् पीर यसरी

(१२)

'जुधेका छन् गोलीसित प्रखर बोली युवकका
बनेका छन् होली समर अब' सुन्छिन् जब कुरा
तिनी चौकीमा त्यो दमन सहँदै आजित हुँदै
गमी बस्छिन् होला समर सफलीभूत अब क्यै

(१३)

पछारे, लत्याए, पटपट पिटे ताडन दिए
लतारे, भुत्ल्याए, मुखभरि थुके हुर्मत लिए
अरर्रो भो काया दमन अझ चर्को हुन पुग्यो
लता ती वैलाइन् सहन सकिने साहस झुक्यो

(१४)

भने–'तिम्रा सारा विगत अब भन्छचौ यदि भन
तुरुन्तै छाडौंला तर समर छाड्ने अब बन'
कलीलो बच्चाको उदरतिर माया तब बढ्चो
भनिन् खोली आफ्नो विगत दुःखको क्रान्तिपथको

(१५)

गलेकी बेलीले दमन अरु ती झेल्न सकिनन्
कलीली चेलीले जलन यतिको खेप्न सकिनन्
तिनी काँपिन् पाठो थरर खुकुरी हेर्छ जसरी
मुसारिन् हा ! आफ्नो उदरसितको बालकचरी

(१६)

थियो नौ मैनाको उदर अझ बढ्दै रगतमा
दया गर्थे कै'ले पुलिसहरूले यो जगतमा ?
कुरा खोलिन् तिन्ले प्रहरिसित आशा गरिकन
छुटूँला की भन्थिन् दमन ननिकाबाट अब म !

(१७)

तिनी गर्थिन् आशा तर पुलिसको दुष्ट रहर
लुटे पालैपालो रगत भुइँमा खस्छ छरर ।
बढ्यो ग्लानी-मैले प्रिय कमल ! छाडें नि दृढता !
बढ्यो पीडा रोइन्–'किन समर छाडें नि दृढका !'

(१८)

दिँदै गाली तीखा प्रहरिहरूले मन्परि लुटे
निकाली यौवन्को रगतसित नङ्गाछरि लुटे
चिथोरी फूल्बारी सबप्रहर आन्द्रासित लुटे
गिजोली नेपाली युवतिकन त्यान्द्रासित लुटे

(१९)

चल्यो हावा स्वाँस्वाँ वर र पर धर्तीसित रुँदै
गल्यो तिन्को काया धडकन थियो धक्धक हुँदै
ढलिन् आमा ! भन्दै थकित पुतली आर्त बनिई
अझै छर्थे पानी पुलीसहरुले क्रोध बटुली

(२०)

उता लिन्थे हाम्रा पुलिस हुन तालीम कमल
यता खस्थे आँसूजल पुतलिका भैकन भल
खस्यो हा ! लुट्दामा पुलिसहरूले भ्रूण प्रियको
बनी टुक्रा-टुक्रा तपतप तलाऊ रगतको

(२१)

बल्यो आगो तिन्को हुरुरु दिलमा फेरि तिनमा
फल्यो ठूलो बन्दै प्रहरिप्रति उम्लीकन घृणा
अनि बोलिन् दुख्दै प्रहरिसित हे दुष्ट कपटी !
गऱ्यौ आफ्नै बैनीसित पनि बलात्कार बहसी !
(२२)
म मर्ने हूँ मर्छू तर अब नसोचे अबुझ हो !
खुलासा क्यै गर्छू अरु पनि भनी दुष्टहरुहो !
चिरी छाती मेरो रगत अब लेऊ चुसिकन
त्यहाँ देख्नेछौ यै मुलुकप्रतिको क्रान्तिपवन
(२३)
लुटचौ पाजी ! बैनी पनि र शिशुहत्या पनि गऱ्यौ
पियौ रातो आलो रगत जननिको मुटु छिन्यौ
गऱ्यौ टुक्राटुक्रा तन सकल मेरो कुकुरहो !
छ यो छातीमा हे ! सरमपथको गौरव ठूलो !
(२४)
मुमाको यो छाती नबुझ शठ ! रित्तो भइसक्यो
र नेपाली माटो नबुझ अब यो बाँझो भइसक्यो
निभैं यौटा बत्ती तर सुन दिया लाख अरु छन्
धुलो चुम्दै लड्दै समरपथमा कार्यरत छन्
(२५)
नदी, नाला, झर्ना वरपर छुँदै छन् मुलुकमा
व्यथा भन्दै जान्छन् दमनहरूका हर्दम सुन
जसै नेपालीका घर घर सबै पुग्दछ कुरा
मुमा मेरी हाँस्लिन् कपुतहरु फालीकन पुरा
(२६)
दुःखी बन्दै लागे शरद ऋतु टाढातिर जब
रूखो बन्दै जागे नव प्रहरमा तिक्त शिशिर
तुवाँलोले छोप्यो वर र पर चिस्याइ मुलुक
शुरा बन्दै ताँती प्रतिदिन बढे क्रान्तिपथिक
(२७)

थियो धेरै गाह्रो सहज किन हुन्थ्यो समर यो ?
कुनाकाप्चा लड्दा अझ कठिन बन्दै छ रण यो !
छुँदैनन् उच्चाई यदि मनुजले धैर्य नलिए
हुने गर्छन् मान्छे सफल तर उच्चा श्रम गरे

(२८)

पैले पूर्ण गरीसकी पुलिसको तालीम, त्यै चौकिमा
जाने काम गरूँ भनी कमलले बाटो मिलाईकन
थाहा पाउन पार्टीले शुरु गऱ्यो, पत्ता मिलेथ्यो अब
जाने, छन् पुतली कहाँ ? पुलिसको भोगेर पीडा सब

(२९)

यता सोच्थे मन्मा कमल कसरी काम म गरूँ ?
उता गल्थिन् खप्दै सकस पुतली ती दिनहरू
त्यहाँ मर्नेलाई पनि सकस औजार नहुँदा
त्यहाँ बाँच्नेलाई पनि सकस अन्याय सहँदा

(३०)

निशा रुन्थिन् हेर्दै गगनतिर ताराहरु गनी
दिशा रुन्थे त्यस्तै प्रकृतिसित ठूलो स्वर गरी
अँधेरो भै रुन्थ्यो गगन पनि छाती मलीमली
सुने रुन्थे होलान् धुरुरुधुरु हाँसोहरु पनि

(३१)

मलीना भै रुन्थे धिपधिप गरी मैन बिजुली
गली पग्ली रुन्थे हिमशिखर यो हेर्न नसकी
नदी नाला रोए, सुँकसुँक सबै घायल बनी
उता ब्वाँसा हाँसे दमन गरियो क्या खुब ! भनी

(३२)

डराएकी हुन् ती उदरबिचमा बालक छँदा
हराएकी हुन् ती विचलित त्यसैले बनिदिँदा
नभोगेमा पीडा तबतक निकै बढ्दछ डर
जसै भोगिन् पीडा अनि त दृढता बढ्छ सहज

(३३)

खुली आँखा कै'ले, अनि बउरिने होश कहिले
भुली आफ्नो सारापन वदन बेहोश कहिले
थियो काया दुख्दै तर दु:ख पनि सीमित छ यो
पुगी सीमासम्मन् त्यसपछि स्वयं घट्छ दु:ख यो
(३४)
तिनी सम्झन्छिन् ती पल कमलका चिन्तन कुनै
बितेका ती न्याना क्षण सुख दिने जीवन कुनै
तुरुन्तै उम्लन्थ्यो मन जलनको सागर हुँदै
अनी एक्लै बोल्थिन्– 'कमल ! भन छौ के सुर लिँदै ?
(३५)
'म सानी थेँ हाँस्दै त्यसबखत पक्रेर जननी
सधैं भन्ने गर्थिन् यमदुतकथा, दैत्य-असुरी !
यहाँ छन् त्यस्तै नै वरपर सबै दुष्ट प्रहरी
तिनी दुख्दै भन्थिन्– 'कमल ! दुखमा हेर पुतली !'
(३६)
अरू छैनन् कोही पनि हृदयमा आज तर यो
झझल्को ! यो पीडा ! सहनु कसरी जल्छ मन यो
उनी भन्थिन् सम्झी कमल प्रियलाई छिनछिन
'म मर्ने हूँ मर्छु, प्रिय कमल आएर मिल न !'
(३७)
मरेजस्तै सारा तनमन थियो आज तिनको
चलेजस्तै लाग्यो प्रणय मुटुमा ती कमलको
छरेजस्तै लाग्यो प्रिय कमलले वास फुलको
बढेजस्तै लाग्यो त्यसपछि नयाँ आँट मनको
(३८)
र बिस्तारै चल्थ्यो धड्कन मसीनो पुतलीको
उता बग्ने गर्थ्यो हरक्षण पसीना कमलको
यिनी सम्झन्छिन् केवल कमलको दीप्त मुहडा
उता आफ्नो उद्देश्य लिनु छ तयारी दृढ युवा
(३९)

यता माया भन्थ्यो–'कमल छ कता क्रान्तिपथको
उता चिन्ता चल्थ्यो–'कुनरित बचाऊँ कुसुम त्यो'
दुवै आत्मा यौटै तर कमलको रूप प्रहरी
जसै देखिन् त्यस्तो, विचलित भइन् फेरि पुतली

(४०)

उनी देख्थिन् आफ्नै नयनहरुले हो कमल नै
अँधेरोमा रोइन् धुरुरु नबुझी सत्य नजिकै
गरुन् जानुन् के पो ? किन कमलको रूप प्रहरी ?
गरिन् शङ्का उल्टै कमल–प्रहरी नै भ्रम परी

(४१)

नजान्दामा साँचो मनमन परिन् फेरि दुःखमा
भनेथ्यो पो कस्ले कमल कसरी छन् पुलिसमा !
जसो देखिन्' सोचिन् छटपट बढेको अझ कडा
सुनेकी हुन् बिक्छन् कठिन क्षण आदर्श-छिचरा

(४२)

आएथे प्रहरी बनेर पुतलीलाई निकालूँ भनी
गर्नू नाटक पर्दथ्यो र तिनले त्यस्तै गरेका पनि
साँच्चै हो प्रहरी कि झैं जब गरी सोधे कहाँ त्यो चरी ?
हाँसे राक्षस झैं परन्तु पुतली बुझ्छिन् नि उल्टो गरी

(४३)

घृणा बोकिन् तिन्ले 'किन कमल आए त ?' बुझिनन्
सुनिन् हाँसो मात्रै तर सहि कुरा रत्ति बुझिनन्
बिकेकै हो, ठानिन् हृदय अझ लाग्यो हुन चिरा
चिमोटिन् घाऊमा जहिँतहीँ चिथोरिन् शरिरमा

(४४)

मुटू बल्झ्यो आँखाहरू भल बने आँत चिरियो
घृणा उम्ल्यो तिन्को गुणनरितले भ्रान्ति भरियो
बढ्यो ग्लानी मन्को सकस अझ दन्क्यो अनलको
भयो आगो ! आगो बदन दुखदायी जलनको

(४५)

गनाएकै ठानिन् प्रणय तिनको आर्त मनमा
बिलाएका मानिन् झलमल सबै उच्च सपना
'खुशी त्यागेँ लागेँ समरतिर लड्दै जसरी म'
भनिन्– त्यस्तै चाँडो विदलित बनेँ हाय ! किन म ?

(४६)

म जन्मेकै वेला किन त जननी लाश गरिनौ ?
म हुर्केकै वेला किन मकन विध्वंस छरिनौ ?
म बिक्दाकै वेला किन खुकुरिको वार गरिनौ ?
म फुर्केकै वेला किन 'दुखद यो हुन्छ' भनिनौ ?

(४७)

सहूँ मैले पीडा भन त कसरी फेरि नसहुँ ?
स्वयं घाँटी च्यातेर रगत छरी के अब मरुँ ?
'मरूँ यौटा आयो भुमरि मनमा आकुल गरी
चिथोरिन् आफैँले चररर गला व्याकुल बनी

(४८)

चिथोर्दामा तिन्ले रगतकणका धार छरिए
अँधेरोमा छाम्दै जब कमल कोठातक पुगे
अँधेरैमा देखे छटपट गरेकी अरलिँदै
लडिन् हा ! ती नारी तब रगत छादेर नजिकै

(४९)

मुसारी ती बोले–'सुन त ! पुतली उत्तर न दी
भने कानैमा गै–सुन न ! पुतली उत्तर न दी
चलाएरै छामे, अचल पुतली उत्तर न दी
घुमाएरै हेरे' मृतक पुतली उत्तर न दी

(५०)

डराई ती फर्के झटपट दबाएर बटन
उज्यालोमा हेरे फगत तिनको शीत बदन
नभोगेको भोगे मरण पुतलीको अनि त्यहाँ
नसोचेको सोचे मुख तमतमायो जलनमा

(५१)

नजीकै थ्यो कालो रगत तिनकै अङ्गहरूको
बुझे हत्याराको दमन बहसी ढङ्गहरूको
अँधेरो भो धर्ती गगन सब ब्रम्हाण्ड अबको
अँधेरै त्यो मायाप्रणय सुखसान्निध्य सब भो
(५२)
हरायो यो वेला सकस चुलिँदा होश उनको
करायो त्यो वेला प्रणय पुतलीको विगतको
भुले पार्टीलाई पनि अधिक उत्तेजित हुँदा
हुने गर्छन् मान्छे अविदित बढी क्रोधित हुँदा
(५३)
नसा फड्के चर्के तब वदनका आज रिसले
दिशा फर्के चारैतिर फनफनी अन्ध रिसले
धुलो उड्दै आयो नयनहरूमा बिभ्न अहिले
कुलो बन्दै उर्ल्यो गडगड मुसल्धार खहरे
(५४)

नसोची क्यै हाने प्रहरितिर गोली मनपरि
नरोकी छप्काए रगतमय पारी वरिपरि
थिए चौकीमा जो-जति पुलिस ती जीवन लडे
भए मान्छे अन्धा जब यसरि थाम्ला र कसले
(५५)

बहे आँखा आफैं तरर नुनिलो सागर हुँदै
बसे, रोए एक्लै तरर गहको निर्झर हुँदै
भयो केही रित्तो जब नयन सम्झे त्रुटि छिटै
गरें यो के मैले ? रिस पनि त थामिन्न सहजै
(५६)
'पुतली कण हुन् यस्कै नसा हुन् यसकै तिनी
तर ती राष्ट्र नै हैनन् नबग्नू भावमा तिमी'
(५७)

भनेको अहिले सम्झे नेताले नै पठाउँदा
के भयो होश यो मेरो भावमा तिल्मिलाउँदा ?

(५८)

गरैं गल्ती मैले किन त यसरी अड्न नसकी ?
कहीँ पार्टीलाई असर यसको हुन्छ कि बढी ?
डराए मन्मा ती क्षणिक अनि भाग्ने सुर गरे
सबै थाहा पाईकन प्रहरिका झुन्ड खनिए

(५९)

मुलुक खप्दछ आज ठुलो रण
कमल भाग्दछ चुम्छ धराकण
पुलिस खेद्छ ढलाउन शान यो
पथिक मार्ग लिँदै बलिदानको

(६०)

हृदयमा पुतलीकन सम्झँदै
समरमा तर बढ्न प्रतिज्ञ भै
कमल भाग्दछ जङ्गल थ्यो जता
दमित लाश बनी पुतली यता

(६१)

समरमा पुतली यसरी परिन्
प्रणयको दिल नै नबुझी मरिन्
मुलुकनिम्ति युवासित क्रान्तिमा
किरण छर्न पुगिन् जनक्रान्तिमा

(६२)

समरमा यसरी हँसिला सुत
गजब क्रान्ति गरेर बने मृत
मुलुक झेल्छ अनेक यही कथा
नयन छन् जननीसित नीरका

(६३)

अनि अनेक दिशा रणका निभे
कमल आज कुदी वनमा छिरे

पथिकका पथ उच्च उता थिए
नजिक शत्रु अनेक यता थिए
(६४)

* * *

चौधौँ फूल

दगुरादगुरी अब त्रास थियो
अघि सूर्य थिए पछि रात थियो
धपरीधपरी वनबास लिए
भुमरी-भुमरी तर आस थिए

(१)

तिनको दिन युद्ध बन्यो सब त्यो
खतरा छ ठुलो अब जीवनको
सब पाउ फुटीकन पट्ट थिए
अब घाउ बनीकन तप्तप थे

(२)

दगुरी जब ती वन टेक्दछन्
प्रहरी दल ती पछि देख्दछन्
वनभित्र कुना नव भेट्दछन्
र स्वयंकन त्योबिच छेक्दछन्

(३)

पहराहरूले अलि आँट दिए
छहराहरूले पनि सास दिए
नववायु घुमेर बतास छरे
तब बाँच्छु भनीकन आस गरे

(४)

वनले अतिथी बन भन्दथ्यो
त्यसमा यिनको मन रम्दथ्यो
जब संशय बादल लाग्दथ्यो
वनले तब सास उमार्दथ्यो

(५)

अब पास थियो वनको धन त्यो
जब सास बढे तब आस बढ्यो
अलि शान्ति मिल्यो रहँदा यसरी
मलिनोपन जान्छ कतै दगुरी

(६)

प्रहरी दल तीकन खोज्दथ्यो
वनबाहिरकासँग सोद्धथ्यो
दिन ढल्छ तथापि लखेट्दथ्यो
वनले तर तिन्कन छेक्दथ्यो

(७)

'लुकिसक्यो वनभित्र कता-कता
फगत कष्ट सहिन्छ बढे त्यता
सब लुकौं बरु दुर्ग बनीकन'
पुलिसले अनि घेर्न पुग्यो वन

(८)

रवि गए जब भूमि चुमीकन
कमल छन् वनभित्र लुकीकन
जब सबै वनजीवन ती सुते
प्रियतमा स्मृतिले अझ आत्तिए

(९)

मनमा पुतली क्षत-विक्षत ती
जब देख्न पुगे स्मृतिमा बटुली
निशिको तब बढ्दछ सिर्सिर पो
तम यो वन भो तम जङ्गल भो

(१०)

तम रात भयो तम आँत भयो
तम फाँट भए तम आँट भयो
तम नै तम चार दिशा भरियो
तम नै तमको अनि साँझ भयो

(११)

तमका लहरा तमका पहरा
तमकी सरिता तमका छहरा
जब चित्र बने मनमा तमका
नभ झल्मल चन्द्र बने तमका

(१२)

मनभित्र दुख्यो अनि नेत्र रुझ्यो
तब घाँटि सुक्यो स्वर भित्र लुक्यो
अनि सोध्छ धरासित–'यो किन भो ?
अझ तेल थियो किन दीप निभ्यो ?

(१३)

'प्यारी धरा हे ! किन आज छाती
बल्झाउँदै दुख्दछ भाँति-भाँती ?
पीडा बढेको छ सपार मेरो
छाती दुखेको छ अपार मेरो

(१४)

आमा ! कथा सुन्दर लालिमाको
मेरो थियो जीवन पूर्णिमाको
फुल्दै थियो क्रान्ति-सचेतनाको
तिम्ले गुमायौ किन सिर्जना त्यो ?

(१५)

त्यो क्रान्ति त्यो फूल कता हरायौ ?
आमा ! मलाई टुहुरो गरायौ !
सुगन्ध छर्थ्यो नव सुनगाभा
आमा ! गुमायौ किन दीप्त आभा ?

(१६)

होओस् न आगो सबलाई एक
यौटै मियोमा उनियून् अनेक ।
सोच्थैं तिमी तीसँग मुस्कुरायौ
आमा प्रियालाई कता पठायौ ?

(१७)

होऊन् सबैसङ्ग यहाँ निवास
खाऊन् सबैले भरिपूर्ण गाँस
लाऊन् र ओढून् सबले कपास
भन्थैं गुमायौ किन त्यो पराग ?

(१८)

निभ्दै थियो दीप बनी विरक्त
तिम्रो दिएँ शक्ति बल्यो धपक्क
तिमी भनी बन्न पुगेछ भक्त
मुमा ! गयो क्रान्ति कता सशक्त ?

(१९)

मैले चुमें धूल छ प्राण मेरो
मैले सहें शूल खपें अँधेरो
मेरा परेलीहरुका कुनामा
थिइन् तिनी औषधि एक आमा !

(२०)

मैले भुलें भोक र तिर्सना यी
मैले लिएँ जीवन क्रान्तिकारी
आइन् तिनी यै पथभित्र आमा !
भन्थिन् सबै गर्नु छ एकतामा

(२१)

महानता त्यो अब तिर्सना भो
तिर्खाउँदा आज नभेटिने भो
मैले धरा ! हे अब के गरूँ हँ
रित्तो छ छात्ती कसरी भरूँ हँ

(२२)

मलाइ फाल्ने जननी थिइन् जो
बिर्सें तिनीलाइ र प्रेम तिन्को
पाई भुलेथेँ सब घाउ ताप
एक्लो भएँ फेरि मुमा ! म आज

(२३)

मैले तिनीभित्र प्रवाह भेटेँ
लाखौं करोडौं र अथाह देखेँ
सच्चाइको प्रोज्ज्वल दीप देखेँ
आमा ! यहाँ झन् किन चोट भेटेँ ?

(२४)

थियो ममा प्रेम त शुन्यतामा
ढुङ्गो थिएँ प्रेम-सचेतनामा
तिन्ले मलाई रस जो पिलाइन्
आमा ! प्रिया ती किन दूर लागिन् ?

(२५)

पाउन्नँ मैले सुख-राग यौटा ?
त्यो सिर्जनाको रसधार यौटा ?
यौटै थियो फूल र त्यो सुँघाइ
आमा ! दियौ आज कता पठाई ?

(२६)

धर्तीसँगै लाख गरेर प्रश्न
आँसूसँगै कष्ट सहेर बस्न
जो बाध्य छन् प्रेम र क्रान्तिबीच
त्यो वेदना घाउ बनीरहेछ !

(२७)

ढुङ्गो रसायो अब प्रेममा त्यो
रोयो दुखाई अझ वेदना यो
छल्किन्छ आँखा 'पुतली' हराई
बिर्सेर संसार 'प्रिया !' कराई

(२८)

झस्काउँदै रात बितेर भाग्यो
रश्मी दिँदै स्वर्णप्रभात जाग्यो
मोती बनी शीत थिए खसेका
आँसू थिए सायद वेदनाका

(२९)

रोए हिमाली कण बेसरी झन्
झन् लाल आँखा रविका बनेछन्
बल्झेर पीडा अझ दुख्छ टन्टन्
सारा बिहानी पनि आँसुमा छन्

(३०)

यस्तो बिलौना कसरी म देखूँ ?
सम्वेदना यो कसरी म लेखूँ ?
बोल्छन् रुँदै ती दुःखको छ भाका
उम्लन्छ छाती र रसाइ आँखा–

(३१)

'हे प्यारा वनका गुराँस ! भन के लाली प्रियाको लियौ ?
तिन्को नौरङ पाउँदा कि यसरी सौन्दर्यशाली बन्यौ ?
चोऱ्यौ के भन हे चरीहरु ! कतै मेरै प्रियाको ध्वनि ?
मीठो यो ध्वनि अन्यथा भन कहाँ पायौ र गायौ पनि ?

(३२)

साडी ती प्रियकै लिएर धरती ! फेछर्यौ कि क्या हो भन ?
नाच्छौ निष्ठुर के भनेर मृग हो ! दुख्दैन तिम्रो मन ?
खोस्यौ के भन वायु हे ! प्रियतमाका सासलाई पनि ?
चल्छौ हप्प बनेर नत्र किन झन् पीडा दिने झैं बनी ?

(३३)

ल्यायौ कोमलता तिनीसँग लता ? केही नढाँटी भन
छौ त्यस्तै तनका सुकोमल तिमी वा हौ तिनैका कण ?
पायौ के सविता प्रकाश तिनकै ज्योत्स्ना उज्यालो भरी ?
चम्कन्छौ तिनकै सरी गगनमा हाँस्छौ तिनी झैँ गरी ?

(३४)

हे चौडा पहरा ! कतै अटलता चोऱ्यौ तिनैका ? भन
टप्कन्छौ बुँदमा कतै पुतलिका आँसू तिमी हौ ? भन
छौ निश्चिन्त धरा ! तिमी कि तिनकै विश्वास यौटा लियौ ?
खोली जाँगरिली बन्यौ नि कसरी के वेग तिन्कै लियौ ?

(३५)

राख्छौ जङ्गल हे घना वन ! कतै चुल्ठो तिनैको लियौ ?
भन्थिन् दिन्नँ तिनी, भयो समर के ? वा जोरजस्ती गऱ्यौ ?
हाँस्दै छौ कसरी अनारहरुका दाना ! उज्याला किन ?
के ल्याईकन दाँतलाई तिनका आफ्ना बनायौ ? भन

(३६)

हे गाभा ! किन आज फेरि मुखमा मोती बनाईकन
राख्छौ यी जलका सफा कण ?कि हुन् आँसू तिनैका ? भन
क्या राम्रोसित हिँड्दछौ लहरमा साना कमीला ? भन
सिक्थ्यौ के पहिले तिनीसित पिटी संघर्षशाली हुन ?

(३७)

कस्ता कोमल छौ अहा ! नरम छौ केबिघ्न दूबोहरू ?
पायौ के तिनकै घना र रसिला झिम्के परेलीहरू ?
सक्दैनौ किन छेड्न दुष्टहरु ती काँडाहरू हो ! भन
शत्रू होइन मित्र हूँ म जनको घोच्छौ मलाई किन ?

(३८)

रोई हुन् कति ती प्रिया ! दुखित भै हे वायु !के गम्दथिन्?
तिम्ले निश्चय भेट्दथ्यौ दिनदिनै सन्देश के भन्दथिन् ?
टोलाईकन के प्रताडित बनी निःश्वास फेर्थिन् अति ?
बोल्दैनौ किन हे ! कठोर किन छौ ? पग्लन्न तिम्रोमति?

(३९)

कस्ती छ्यौ पुतली ! कठोर दिनमा सोध्नै नपाईकन
के गर्छयौं दिनरात क्रान्तिपथमा ? बुझ्नै नपाईकन
तिम्रो आहुति आज यै नयनले यै हातले होम्दछु ?
तिम्रो जीवनमा पराग नदिई एक्लासमा घुम्दछु

(४०)

सोच्थ्यौ के पुतली !कुनै दिन सँगै हामी बसौंला भनी ?
गर्थ्यौ के तिमिले दुवै सँग बसी माया गरौंला भनी ?
पैले नै किन बन्न सक्छु 'प्रहरी' बोलेर सम्झाइनँ ?
तिम्रो जीवनमा वसन्त प्रिय हे मैले दिनै पाइनँ

(४१)

सोच्थें क्वै दिन ओठभित्र रसको भण्डार चूँला भनी
यो संसार रमाइलो अझ गरी आनन्द प्यूँला भनी
यौटा चन्द्र दिने थियो सुर प्रिये ! काँडाहरू पो दिएँ
उल्टै अग्निल रापको जलनको सन्ताप मात्रै दिएँ

(४२)

तिम्रा स्निग्ध महान हातहरूका माला म पाऊँ कहाँ ?
तिम्रा कोमल प्याउली कुसुमको वास्ना म पाऊँ कहाँ?
तिम्रा पर्वत फड्कने दृढ हुने उत्साह पाऊँ कहाँ ?
छोड़ूँ क्रान्ति हुनेछ घातक ठुलो छाडेर जाऊँ कहाँ ?

(४३)

यस्तो उज्ज्वल हुन्छ प्रेम यसरी रोपिन्छ क्यै जानिनँ
यौटै क्रान्ति सुनें, पढें अनि गरें, यो प्रेम क्यै ठानिनँ
ऐले हुन्छ अधीर तप्त मन यो अन्योलको मारमा
देऊ साहस रत्ति डग्न नसकूँ कल्पेर दोधारमा

(४४)

हो मैले तिमिलाइ रङ्बिरङका संसार देखाइनँ
हो मीठा परिकार स्वाद मसला ल्याएर टक्र्याइनँ ।
साँचो भन्छु प्रिया ! तिमी नजिक छयौ जत्ती छ मेरो मुटु
पोखूँ खै कुनसङ्ग यी भुटभुटी एक्लै बसेको म छु

(४५)

मेरो भावुकता परन्तु पुतली विश्वासमा घुम्दछ
तिम्रो साहस त्यागको पथ लिँदै धर्ती यही चुम्दछ
हे क्रान्तीमहिला ! तिमी जति ठुलो सन्देश होला कहाँ ?
बढ्दै जान्छु यही महासमरमा तिम्रो लिई प्रेरणा

(४६)

अर्को जन्म मिलौं, भनेर पुतली सच्चाइ छोपूँ किन ?
मेरी छचौ अहिल्यै, तिमी रगतमा अन्यत्र सोचूँ किन ?
मैले झल्झल देख्छु ती तिमिसँगै जो जो बिताएँ क्षण
राम्रो हुन्छ र छाड्न भावुक बनी के क्रान्तिकारी धन ?

(४७)

आँखा फेरि उघार लौ गगनमा मुस्कान भर्नेछु म
धर्तीमा घुम छाम रक्तहरूमा सञ्चार गर्नेछु म
फुल्नेछन् पछि नौ हजार रङ्मा लाखौं रँगीला कण
तिम्रो शोक छ शक्तिमान पुतली ! यो क्रान्तिकारी क्षण

(४८)

आँखाभित्र लुकाउँदै दुख सबै छोपेर उठ्थे अब
आगो धप्धप बल्दथ्यो नयनमा माटो उठाए तब
'मेरो जीवनमा कुनै क्षण तिमीबाहेक छैनन्' भनी
मुठ्ठी पूर्ण कसेर क्रान्तिपथमा बढ्ने भए झन् उनी

(४९)

जाडोमा पनि क्रान्ति उर्वर थियो आगो बनी भर्भर
भित्ता हर्पल गाउँकाशहरका घन्कीरहेथे, तर
गोली छाड्न पुगेर राइफलले मान्छे हजारौं ढले
बढ्दै थ्यो रण चैतमा मुलुकमा झन् ज़ोसिँदै वेगले

(५०)

अनेक अनिदा रात्री, दुखेको मन, त्यो व्यथा
क्रान्तिकारी भिजेका थे रण-शोक हुँदै कथा

(५१)

पुतली सम्झिँदै जान्थे रणकै तर योजना
चेतनाभित्र आफू नै गर्थे खलबली मन
(५२)
क्रान्ति बढ्दै गएको यो वेला हो अति गौरव
केही दिन लुकी सोचे गए हुन् प्रहरी अब
(५३)
पानी खाई उँधो लागे वन छाडी पुछारका
सोचेनन् वहसी होलान् नजिकै ती हुँडारका
(५४)
छिटो बादलले घेरे टुक्रा-टुक्रा बनी-बनी
क्रान्तिवीर निकै झस्के सकेसम्म छली-छली
(५५)
सूर्यकै रापले गर्दा बनेथे सब बादल
सूर्यकै ताप छेक्ने भै उठे ती दलका दल
(५६)
थाकी भोक र पीडाले अनिदोपनले उनी
गले तापनि दौडन्थे च्यात्दै बादलका हुरी
(५७)
धेरै बेर सकेनन् ती प्रहरीसँग भिड्न हा!
छोपे चुर्लुम्म कालोमा वैरीले जोसिँदै तब
(५८)
थुक्दथ्यो प्रहरी यौटा भुक्दथ्यो अनि कुक्कुर
घोच्दथ्यो वहसी यौटा रोप्दथ्यो वाक्यका शर
(५९)
गलहत्याउँदैं पक्रे हातमा नेल हालिए
काला बादलले घेरी सविता ठेलिँदै थिए
(६०)
गलामा हालियो सिक्री बज्दथ्यो त्यो झनन् झनन्
हातमा हत्कडी बज्थ्यो किच्चिन्या झैं टनन् टनन्
(६१)

सिकारी दलले पक्री दिँदै दुच्छर शासना
घाइते बाघ झैँ आज परे ती जेलका कुना

(६२)

यता क्रान्ति बढेकै थ्यो तर्सन्थे सब शासक
स्वार्थमा बन्दथे अन्धा गर्दथे कार्य घातक

(६३)

*   *   *

पन्ध्रौँ फूल

फागुन सल्क्यो दनदन बल्दै
जनता लड्छन् अब अझ बढ्दै
छैयालिसको अन्तिमखेर
मर्छन् जनता क्रान्ति भएर

(१)

चैंते हुरीको नाच नचाई
धर्ती लागिन् घुम्न बसाइँ
आहट सारा विश्व सुनाई
देश करायो क्रान्ति चलाई

(२)

पतकर झार्थे तरुले नाना
कलिला पारी पात पुराना
हाँसे ऋतुका सुन्दर राजा
स्वच्छ बसन्त सबैका साझा

(३)

फूल यता सुन्दर भइदिन्छन्
रक्त उता तर रणमा हुन्छन्
लाख गुराँस फुलेका वनमा
रात उराठ बने यो रणमा

(४)

जाई बेली मगमग गर्छन्
लाखौं मानिस रणमा पर्छन्
बेली फुल्छन् क्रान्ति समीप
क्वैली बोल्छन् रणकै गीत

(५)

चमचम गर्छन् सितरा-तारा
कलम चुमी ती कविका प्यारा
आज गुहेँली वनमा पाक्यो
जाग युवाहो ! रणले डाक्यो

(६)

फूलहरूले मौरी डाके
शत्रुहरूले बन्दुक ताके
मौरी भर्थे महका चाका
वैरी पार्थे लाखापाखा

(७)

स्वामी बन्दा वीर शहीद
पत्नी पैह्नी धूल-सिन्दुर
नेल चुराका चुँड्छन् तिनका
रक्तिम क्रान्ति बने ती रणका

(८)

वरपर धर्तीको हरियाली
धरणीसित लाखौं खुशियाली
देश बनेको रणको भेल
सत्य/असत्य लडेका खेल

(९)

लाठीमुङ्ग्री बन्दुक बोकी
ठोक्छन् प्रहरी सेना क्रोधी
केवल श्रमका हात लिएर
लड्छन् रणका वीर बढेर

(१०)

छड्के बन्दै झरना झर्छन्
त्यस्तै छड्के रण क्वै गर्छन्
रक्त बगाई वीर दगुर्छन्
पक्री प्रहरी मार भकुर्छन्

(११)

देश यतातिर भुङ्ग्रोमा यो
बल्दछ आगो क्रान्तियुवाको
गोल त्यसैको एक महान्
जेल बसीकन भोग्छ चिहान

(१२)

देशद्रोहको मुद्दा लाई
आँत चिरे झैँ पीडा पाई
पक्रेका छन् जुन त्यो आज
धर्तीमा हो सबको साजा

(१३)

दुष्टहरूका लात सहेर
हिम्मत गर्छन् लाख सहेर
बिचरालाई लोत बनाए
सहँदै तिनले साहस गाए

(१४)

फेरि कमलको रक्त निकाले
कालो चीसो छिँडीमा हाले
रिसको पोका आफ्ना खोले
लुछ्दै पिट्दै प्रहरी बोले–

(१५)

'आज व्यवस्था भाँच्ने तैं होस्
अर्काको भर नाच्ने तैं होस्
अर्काकै भर जाग्ने तैं होस् !
वैरीका पथ लाग्ने तैं होस्'

(१६)

सोधे, जोखे केही दिनमा
धम्की दिन्थे छिनमा छिनमा
लागे फेरि दुखाउन तिनमा
ठोके-मारे पैलो दिनमा

(१७)

उभिनुपरेको रिसको पोखे
बस्नुपरेको निशिको पोखे
सुंन्नुपरेको दुःखको ठोके
जुध्नुपरेको दिनको ठोके

(१८)

शिरमा ठोक्दा झिल्का बल्थे
उरमा ठोक्दा सिल्का चल्थे
भुँडीमा हान्दा हिक्का छुट्थ्यो
मुटुमा ठोक्दा ढिक्का छुट्थ्यो

(१९)

अर्को दिनमा राता ल्याए
झीर तताई ताता ल्याए
डाम्दा-पोल्दा दाँत चपाई
हम्कन्थे ती क्रान्तिलाई

(२०)

तिनले ठोक्दै लोत गराए
यिनले 'क्रान्ति महान्' ! कराए
तिनले केश उखेले झारे
यिनले बोले -'क्रान्ति उठ्यो रे !'

(२१)

'गर्छस् दुष्ट खुबै अपराध ?'
'मैले गर्छु क्रान्ति अपार '
'मान्दैनस् के अझ शठ ! द्रोही ?'
'गल्दैनन् सच्चा दु:ख भोगी'
(२२)
'तेरा सङ्गि फुटे' तर्साए
बोले–'सङ्गि जुटेको पाएँ ।'
भोकै राखे पारे घाउ
बोले –'बत्ती बल्दै जाऊ !'
(२३)
माटो ल्याई मुखमा पारे
बोले -'तैंले माटो खा रे !'
उनले बोले 'उज्जर खाना
मेरो धरतीकणको दाना !'
(२४)
प्रहरीहरूले जति दुख दिन्थे
यिनले साहस झन्झन् लिन्थे
अन्धा भैकन राक्षस गोद्थे
वीर ठूला भै यिनले भोग्थे
(२५)
चर्केको झन् 'क्रान्ति !' सुनेर
कष्ट सहन्थे सुख मानेर
अर्को दिन झन् कष्ट कडा भो
क्रान्ति उठ्यो भै उज्ज्वल राँको
(२६)
गोल रबरका लठ्ठी बोकी
डुमडुम पार्थे ठोकी-ठोकी
कहिले झुण्ड्याएका उल्टो
कहिले सुल्टयाएका चुल्ठो
(२७)

तप्त जलन झन् बढ्दै आयो
रक्त मुटूमा चढ्दै आयो
गोडा फुल्थे सुन्नीएर
नीर बहन्थे गालानेर

(२८)

तिर्खाले मुख पकपक गर्थे
पानी ! भन्दै छटपट गर्थे
'पानी खान्छस् ? ले अब खा त !'
भन्दै दिन्थे मुखमा लात

(२९)

चिच्याउँदथे बिचरा ! जब यी
हाँस्थे कपटी अझ जोर गरी
दिन रौरव नर्क बने यसरी
तिनले दुख यो सहने कसरी ?

(३०)

दुखकष्ट ठुला कुनसङ्ग भनुन् ?
नसहे पनि हुन्न, कसोरी सहुन् ?
जति कष्ट बढचो उति क्रान्ति बढचो
तब आँट बढचो तर आँत गल्यो

(३१)

पञ्चायतको कालो जालो
चुँड्दै जान्थ्यो पालैपालो
वैरीहरूले गोली दागे
जनता तर झन् जुट्दै जागे

(३२)

आफ्नो सारा शक्ति लगाई
अत्याचारी कार्य चलाई
जनता मार्दै शासक आए
जनताले तर दीप उचाले

(३३)

जाने जनताले जब शासक
खोक्रो धाक छ केवल नाशंक
माया मारी यो जीवनको
क्रान्ति उठ्यो झन् वीरहरूको

(३४)

यसरी अब झन् बढ्छ लडाइँ
इँटा, ढुङ्गा गोली पाई
शासक भर्छन् सारा जेल
वीरहरूमा ठोक्दै नेल

(३५)

आज कमलको नौवाँ दिन यो
फोहरमा यन्त्रणको क्षण हो
चौप्दै-झिक्दै चोप्दै-झिक्दै
उफ् ! यन्त्रणको कस्तो क्षण यो !

(३६)

पाऊँ गर्न हरे ! लघुशङ्का
प्रहरीसँगमा तिनले भन्दा
बिजुलीलाई पानी खोल्थे
गर्न त्यसैमा प्रहरी बोल्थे

(३७)

काम्थे बिजुली लाग्दा झर्झर
सारा अङ्ग बनेका थर्थर
रक्त सुकाई बिजुली जाग्ने
सारा काया नीलो लाग्ने

(३८)

'भन् ए सत्य अझै बाँच्लास् तँ
गोप्य सबै भन् अनि छुट्लास् तँ'
शठले सोध्दा तिनले बोले
लाख सहन्छन् वीरहरूले

(३९)

केश लुछेमा पनि बोल्दैनन् !
मार चुटेमा पनि खोल्दैनन् !
बिजुली पाए आगो खाए
वीर कहिल्यै पनि गल्दैनन्

(४०)

'हाम्रो सारा यत्न हरायो !
झीर र ताता यन्त्र पचायो !
कस्तो दृढ हो ? प्रहरी गम्छन्
डर झन् बढ्छन् रिसले काम्छन्

(४१)

दमन गरे पनि जित्न नसक्दा
झन्झन् क्रोधी बन्छन् मनका
फेरि उमाली जल भलभलमा
आज खन्याए तिनका शिरमा

(४२)

उठ्छन् फोका काया पोली
तातो जलको उफ् ! यो होली ?
तिनको सारै क्लान्त वदनमा
उठ्छन् फोका ठूला साना !

(४३)

दाँत चपाई नेत्र बहन्छन्
आँत कँपाई तिनले भन्छन्–
"जनता ! जनता ! जनता ! जनता !
क्रान्ति चलाऊ गर्दै गर्जन

(४४)

'प्रहरीहो ! कति सक्छौ मार !
मेरो तन यो चोक्टा पार
पोली-पोली ठोक न गोली
खून बहाई खेल न होली
धडकन यौट बाँचेसम्मन्

जगमा हावा नाचेसमम्मन्
क्रान्ति उजेलो उरमा साँच्छु
जनता ! जनता ! भन्दै बाँच्छु

(४५)

प्रहरीहरुले चक्कू रोपी
छाला चिर्दै चोपी-चोपी
नून र खुर्सानी दलिदिन्छन्
'जनता !' भन्दै फेरि सहन्छन्

(४६)

चोट हुँदामा टाँका लागे
उरमा लागे शिरमा लागे
प्रहरीको यो अत्याचार
सहँदै गर्छन् ती हुङ्कार

(४७)

बोले तिनले प्रहरीनेर–
'टुक्रा-टुक्रा पारी हेर
मेरो उरमा बाँच्दछ क्रान्ति
क्रान्तिनजीकै हाँस्दछ शान्ति

(४८)

भीर तताई रोपेमा नै
लेदो पारी गोदेमा नै
मर्दछ केवल तन यो मेरो
दीप बलेतक हुन्न अँधेरो

(४९)

जति छन् तिम्रा औजार नयाँ
उति छन् मेरा उत्साह नयाँ
जति सक्छौ दिन कष्ट मलाई
बढ्दै आउँछ आँट मलाई

(५०)

आँत गलेकै हुन् तर उनका
'जनता ! जनता !' जप्दै बहुधा
हिम्मत उच्चा पर्वत छुन्छ
छाती बलियो पहरा बन्छ
(५१)

'यौटा दिनमा मर्नै पर्छ
मैले पथमा अड्नै पर्छ
मैले मान्दिनँ हार कदापि'
एक्लै बडबड गर्छन् राति
(५२)

घाऊ लालपहेँला बन्छन्
तिनका तनमा पीप बहन्छन्
चसचस गर्दै त्यसमा बिच्छु
डस्छन् मानौँ डाहा भर्छन्
(५३)

राजा ऋतुको यौवनमेला
चैते हुरिको अन्तिम वेला
आँधी भै जब क्रान्ति दगुर्छ
सामन्ती अब छटपट गर्छ
(५४)

फूल बनी यौवनको मत्ता
राग छरीकन झुप्पाझुप्पा
अन्तिमको यो चैत महीना
गर्छन् रसबस कित्ता-कित्ता
(५५)

रङ्गीचङ्गी सपना भर्दै
छुट्ने आशा मनमा गर्दै
उनले नभमा हेरे भित्रै
सास खुशीको फेरे भित्रै
(६९)

बन्दूकहरू बित्ता-बित्ता
पड्कन्छन् झन् भित्ता-भित्ता
क्रान्ति युवा छन् भुत्ता-भुत्ता
दिन्छन् उत्तर इँट्टा-इँट्टा

(५६)

फूलहरूले रङ्ग सजाई
सुन्दर पार्छन् धरतीलाई
क्रान्तियुवाले साहस ल्याई
रक्त बहाए जित्न लडाइँ

(५७)

यो धरतीको सुन्दर मेला
परिवर्तनको उज्ज्वल वेला
ल्याऔँ लौ परिवर्तन भन्दै
मर्न तयार बनेका चेला

(५८)

जीव डराए विषका ज्यादै
सम्झौताको पथमा जाँदै
तिनले आफ्नो द्वाँङ फुकाए
छलका केही बतिला खाँदै

(५९)

जनता बन्छन् आज विजेता
चङ्ग बनेका पार्टी नेता
प्यादाहरुले 'पसिना फल्छन्
हाम्रा' भन्ने आस गरेका

(६०)

चैत पछिल्लो दिनमा आयो
ऋृतुले यौवन पूर्ण खुलायो
जीव पहेँलो जब मुर्झायो
बादल च्याती सूर्य उदायो

(६१)

खुल्छ नयाँ यो बाटो बन्दै
हाँसे जनता धडकन गन्दै
त्यागपछीको खुशियाली यो
जेलहरूमा फैलन थाल्यो

(६२)

आँधीहुरिले डाँडा काटे
वैशाख यता खुशिले नाचे
नेताहरुले मञ्च समाते
जनता बल्ल खुशीले हाँसे

(६३)

चन्द्र समाती रारासङ्गै
हातहरुमा तारा गन्दै
पोल्टाहरुमा वैरन लागे
जनताले सब पैह्रन लागे

(६४)

ठूला नेता समातिएका
छुट्छन् रणले थे फक्रेका
जनता जय होस् भन्छन् तिनको
टाढा भय होस् भन्दै मनको

(६५)

यस्तो वेला जेलकुनामा
क्रान्तिवेदिमा लड्ने नाना
हेर्दै मास्तिर काला छाना
छुट्ने आशा गर्थे साना

(६७)

फोहर जेल परेका मान्छे
चोट र घाउ जलेका मान्छे
अन्तर काटी पाक्दछ घाउ
सोच्छन् दुःखको हट्दछ राहु

(६८)

बिर्सी पीडा, पीप र घाउ
क्यैछिन देखे सुन्दर ठाउँ
यौटा युगको यो परिवर्तन
देखी गर्छन् मनमा चिन्तन–
'धनमा होलान् जीवन निर्धन
जनवादीको होला सिर्जन
सामन्तीका उड्लान् गर्धन
जनता गर्लान् सुखको नर्तन
जनता गर्लान् सुन्दर शासन
जनकै बन्ला यो सिंहासन
जनताले नै गर्लान् भाषण
जनतासङ्गै होलान् रासन
जनताका नै होलान् आसन
जनताको नै होला चिन्तन
जनता मार्क्स र जनता लेलिन !'
जनता गान्धी जनता स्टालिन
जनता माओ जनता लिङ्कन

(७०)

*   *   *

सोह्रौँ फूल

सञ्चालनमा मानवताको
संहारक यसपल्ट ढल्यो
यौटा नवचिन्तन आएपछि
एक पुरानो सार गल्यो
आँखा छोपी त्रस्त बनेका
धडकन सुन्थे ताण्डव-नाच
आँधीबेरी चिर्को फाली
शान्त भए ती अब यो रात
छयाङ्ग भएझैँ लक्षण राम्रा
देखिन्थे उज्ज्वल आकाश
वीरहरूले धरतीका कण
लिन्छन् चुम्छन् लाखौँलाख
(१)

नभका बादल टुक्राटुक्रा
बन्दै टाढा लागे ती
नील गगनमा चमचम गर्दै
लाखौं तारा जागे यी
पूर्णिमाका उज्ज्वल इन्दू
गोधूलिमा लाल बने
लालकिरणका लाल पिता ती
सूर्य गुलाफी लाल बने
धरती बन्छिन् ब्यौलीजस्ती
साडी लाल सजाएर
धरतीका कण लाल बनेका
रक्तिम गीत सुनाएर

(२)

मानवताका भावुक आँखा
शीत बनीकन खस्छन् आज
लालहरूका लाल अधरमा
शान्त फुल्यो मुस्कान अपार
हावा-हावा वीर शहीदका
आनन्दमयी हार-जुहार
क्रान्ति गरेपछि अगुवा नेता
नवचिन्तनका पहिरी ताज
जनता प्यारा सपना बुन्दै–
'लालहरूको होला राज !'

(३)

जेल परेका वीरहरूका
आशा नौला फूल बने
भित्ता चारै मानौं विषका
कीरा छेक्ने भूल बने
टोक्नेछैनन् लाम्खुट्टेले
भूल नयाँले 'दिन्न' भनी

मनमा दीप जलाए प्यारा
टाढा भाग्यो शूल पनि
घाउहरूमा सन्देश बन्यो
औषधि आफैँ उच्च अनि
पीडा छाडयो दुःख स्वयं नै
गहमा सुखका बूँद बनी
लालूपाते फुल्दै लाखौं
ओठहरूमा डुल्दैथे
सुन्दर फूल गुलाफ हजारौं
गालाहरुमा फुल्दैथे
जनता मनमा सुखका लाखौं
नौला सपना बुन्दैथे
डाँडापाखा वन हरियाली
चिरबिर नौला सुन्दैथे
दानव रुन्थ्यो, मानव हाँस्थ्यो
परिवर्तित दिन आज थियो
खुशियालीको सङ्गम बन्दै
मानौं उत्सव आज थियो

(५)

चिमचिम गर्दै तारासँगमा
सुखले हेर्छन् वीर शहीद
रक्त बहाई धरतीलाई
सुन्दर पार्ने उसको पीर
तिनकै आस्था भन्दै प्यारा
घुम्छन् सारङ्गीका गीत
सुन्दै जेल कुनामा यस्तो
कमल रमाए छाडी पीर
यस्तो वेला गोलमहलमा
खस्थे उनका सुखका नीर

पीप बहाई चीख दबाई
हाँसे क्रान्तिपथिक ती वीर
(६)
रुग्ण छ काया, बढ्दछ डाहा
'बाँचिन्छ र के ?' सोच्दछ वीर
'बाँच्नै पर्दछ क्रान्ति फलाउन'
भन्दछ अर्को मनको पीर
चुम्दै कणमा, गम्दै मनमा
सोच्छन् जनता गर्दछ राज
तिनको होला उज्ज्वल शासन
भिर्लान् तिनले शिरमा ताज
श्रमको साझा बन्दछ राजा
सम्पन्न हुनन् फेरि गरीब
क्रमले छुट्छन् साथी तिनका
पालो पर्खी बस्छन् वीर
(७)
तिनको तनमा पीप बहन्थ्यो
दुर्गन्ध थियो उत्ति अपार
मनमा फूल फुलेका किन्तु
छर्दै तिनमा उच्च पराग
रूप कमलको चिन्ला कसले ?
दुब्लो लिङ्ग खपटे गाथ
आँखाभित्र गडेका चिप्रा
झुल्छन् फेरि परेलीसाथ
गाला भित्र पसेका मानौँ
धरतीका ती खाल्टा हुन्
हाड उठेका चुच्चे बन्दै
मानौँ पर्वत उच्चा हुन्
(८)

लूला गोडा धङधङ गर्छन्
सायद ढल्की नाच्दै छन्
क्षतविक्षत छन् हात र गोडा
सायद सुन्दर बुट्टा हुन् ?
परिवर्तनका कारण तिनले
माने गर्मी-शीतल नै ?
चिसो छिँडीको निष्ठुर भूमि
सिमेन्टको त्यो गद्‌दा झैँ ?
दुख्दछ तनमा हास्य अधरमा
छामे धडकनबारम्बार
दुख्दै सुक्दै आह ! अनौठो
आनन्द थियो अपरम्पार

(९)

दाह्री फैलेका छन् तिनका
मानौँ हुन् ती क्रान्ति-पराग
जुँगा बढ्छन् साथै तिनका
मानौँ जनताका तरवार
चिल्लो माथ उजेलै चम्क्यो
मानौँ पीताम्बर हो खास
माथ बनेका रेखा लाग्छन्
क्रान्तिपथिकका सुन्दर हार
आँखा छर्छन् हार खुशीका
मोतीजस्ता हार-जुहार
गदगद बढ्छन् मनमा केही
कल्पी-कल्पी बारम्बार

(१०)

सुन्थे क्रान्ति चलाउने सपुतले गर्दै छ रे शासन
लाखौँ जीवन बन्दछन् श्रमिकका चल्दै छ रे वासना

सच्चा वामहरू र क्रान्तिपथका दोटै प्रजातान्त्रिक
गर्छन् र जनता हँसाउन लिँदै जन्ताहरूको हक

(११)

'दायाँबायाँ हात' बनाई
जनताले विश्वास गरे
ताज दिलाई नेतालाई
हेर्दै जनता आज छ रे'
सुन्दा सुन्दर यस्तो मनमा
आनन्दित ती वीर थिए
क्रान्ति थियो तर केही अधुरो
वेलालाई फेरि बुझे

(१२)

जेल परेको वर्ष पुगेको
पीडा लाखौँ पाएका
जर्जर काया दुख्दछ ज्यादा
रोग भयावह पाएका
तैपनि आशा जनता हाँसून्
देखूँ सपना आफ्नै त्यो
जसको निम्ति क्रान्ति गरे ती
के बन्दैछन् बुझ्नैको
आफ्नै केही नेता अहिले
आसनमा छन् सुन्दा झन्
सोच्छन् 'हाँस्छन् होला जनता
तोड्दै सामन्ती बन्धन'

(१३)

'यो हो क्रान्तिसपूत उच्च' यसरी सोच्दैन यो रोगले
'यो हो पूर्ण गरीब जान्नँ त्यसमा' भन्दैन यी भोकले
गल्छन् दिन्दिन रोगले कमल ती आएन पालो अझै
छुट्ने, औषधि पाउने दिन पनि अङ्गाङ्ग पोल्दै अझै

(१४)

ह्यूगोको त्यो कासीमोडो
जस्तै रूप कुरूप थियो !
त्यसले जिप्सीलाई जस्तै
धरतीमाथि प्रेम थियो
धरती चाहे आँखा चिम्लून्
जिप्सी जस्तै टाढा हुन्
माया पोख्थे धरतीमा यी
भन्दै जीवन लाख बनुन्
वरपर गर्ने देश दगुर्ने
मनमा इच्छा बढ्थे झन्
छुट्ने पालो पर्खी-पर्खी
आँखा तिनका बाहिर छन्

(१५)

'मन्दिर होला, गुम्बा होला
चेतनतामा मेरो देश
धरती-मन्दिरभित्र करोडौं
जनता होलान् ईश्वरवेश
देशभक्तिको फूल चढाई
श्रद्धा छ्यूँला उच्च पराग
चेतनताको दीप जलाई
छरुँला तिनमा आत्मप्रकाश
धरती बन्लिन् सबकी साझा
मान्छे-मान्छे होलान् एक'
यसरी तिनमा समानताका
उठ्दै जान्थे उत्तम भेल

(१६)

छुट्ने पालो आयो तिनको
तब ती गल्थे पूर्ण शरीर
देश छ कस्तो जान्ने इच्छा
बढ्दै हुन्थे वीर अधीर

आँट थियो, तर आँत गलेपछि
बन्दछ बाहिर तन बेहाल
अड्न कठिन भो चल्न सकस भो
लाग्थ्यो अङ्ग सबैमा बाथ
पीप हुनाले गन्ध बढेको
बुङबुङ बन्थ्यो तिनको गाथ
बाहिर ल्याई छोडे, तिनले
छुट्टी पाए आधा रात
यौटा छिँडिमा रात बिताए
हिँड्न नसक्दा तिनले आज
माग्ने हो कि ठान्थे, हेर्थे
तिनकै श्रद्धा जनता-जात
(१७)

जाने पो हो तिनले कोसँग
तिनको आफ्नो छैन घर
चाहिन्थ्यो नै एक सहारा
रोगीलाई एक भर
रूप परन्तु तिनको ज्यादै
विकृत भै कुरूप थियो
को हो यो मान्छे चिन्छन् को ?
यस्तो रूप-विरूप थियो
(१८)

विकृत रूप निहारी सर्छन्
मान्छे आफैं अल्लि पर
चिन्थेनन् क्वै बुझ्थेनन् क्वै
'यो हो उच्चा क्रान्तिधर'
जनताले दुर्गन्ध चिनेका ?
चिन्दैनन् क्यै भित्री राग ?

टेर्दैनन् क्वै हेर्दैनन् क्वै
छक्क परे यी क्रान्ति-चिराग

(१९)

हेर तिन्ले रसनयनले सिंहदर्बारलाई
सुन्धाराको वरतिर गई आस यौटा बनाई
'होलान् त्यस्मा समर विजयी चिन्दछन् ती मलाई
भेटे मेरो दुख त तिनले बुझ्दछन् क्यै हटाई'

(२०)

यस्तो आशा मनमा राखी
घस्री-घस्री राह चले
पीडा बढ्दै जान्थ्यो तिनको
तनमा, धेरै डाह चले
'जनताको हो सेतो घर त्यो'
भन्दै आज प्रणाम गरे
परिवर्तनको हावा खाई
जनतामा विश्वास गरे

(२१)

हेला खप्दै जनता जप्दै
सेतो घरको भित्र पसे
नेता खोज्दै भेला हेर्दै
त्यो सेतो कैलाश पसे
जनचिन्तनको चिन्तन गर्थे
त्यस्तै तिनले आस गरे
क्रान्ति गरेकै जनताको हो
त्यस्तै नै विश्वास गरे
घस्रीघस्री लत्रीलत्री
नेताजीका पास पुगे

देखेनन् तर नेताजीले
टाढाबाटै आस पुगे ।
(२२)
गद्दीमा तर बस्दथे मुलुकका यौटा प्रजातान्त्रिक ?
साना कुर्सि समाउँथे पर बसी क्यै वाम नेता तब ?
तिन्का बीच उही पुरातन ठूलो बस्थ्यो घुमी माकुरा ?
यौटा जीव पछाडिबाट सबको हेर्दै थियो यी कुरा
(२३)
पैले तिनले नेतालाई
ठाने ती हुन् सुखका सार
गर्दै होलान् तिनले सुन्दर
जनता फुल्ने कार्यकलाप
एक कुनामा पर्खे तिनले
दिक्कत खप्दै पनि केही
कार्यहरू सम्पादन गर्ने-
लाई छक्क बनी हेरी
(२४)
नेताजीका छेउ बसेका
थिए पुराना जीव कुनै
घेरी तिनको मगज पसेका
थिए पहेँला जीव उनै
नेतालाई मान भिराई
जीव पहेँला छल्दैथे
तर शासनका हररेखामा
हात तिनैका चल्दैथे
यौटा चिन्तन प्रजातन्त्रको
क्रान्ति सिद्ध भो भन्दै थे ?
नेता तिनका साथ बसेका
गोटी तिनका बन्दै थे ।
(२५)

गाजल लाई, केश कटाई
जीव पुरानै आएको ?
चूप भएझैं लाग्दछ हेर्दा
सक्रियता तर छाएको ?
रोगन फेरी, कपडा फेरी
के त उनै हुन् आएका ?
टाढा आफू बस्दै तिनले
हात र पाउ पठाएका ?
के देखें यो मैले आफैं ?
वा शङ्काका हुन् रेसा ?
मेरो भ्रम यो ? वा विभ्रम हो ?
रोग कुनै हो मेरै वा ?
हैनन् के ती जीव पुरानै ?
के यी आँखा अन्धा हुन् ?
फेरि फँसायो के दुर्जनले ?
वा पूर्वाग्रह मेरा हुन् ?
बालुवाका घर झैं लागे
आश्वासनका राश तमाम !
पालुवाका बलझैं लागे
परिवर्तनका शक्ति तमाम
'निर्बलताको रोदन पो हो
मेरो ?' मनमा सोचेर
बोले तिनले नेतालाई
'हाम्रो घर के यै हो र ?

(२६)

'मैले मानें कार्यनीतिका
हुन्छन् केही कार्य महान्
मैले मानें रणनीतिका
हुन्छन् धेरै काम महान्

किन्तु बिसायौ चाँडै किन हे ?
भारी यो जनताको हो ?
मौका पाए बीचमार्गमा
चोरहरूले लुट्छन् यो ?
चिन्तनलाई भाँड्दै तिनले
दाउ अनेकौं चाल्नेछन्
बदनामीको फेटा ल्याई
हाम्रै शिरमा फाल्नेछन्
सर्पहरूसँग मीत लगाई
त्रस्त बनौं के आज ? भन
छाता आफ्नो ओढ्न नपाई
ओतिन्छौं के लाल ? भन

(२७)

यिनको चेतना देखी प्रजातान्त्रिक 'भ्रष्ट' र
पुराना जीवले यौटा जोडे आपस्त-पुच्छर
जनवादीहरू सुन्थे चासो राखेर त्यो क्षण
नेताजीहरू घोरिन्थे केही दोधारको मन
घाउ चर्को हुँदै आयो असह्य अझ बर्बर
बोले फेरि 'नबोल्ने हे ! किन आपत क्यै छ र ?

(२८)

'कहाँ गयो हे ! वीरहरूको
रक्तिम धारा लाल अब ?
बहाँ गए ती जोश पुराना
श्रमका ठेला लाख अब ?
के हो यस्तो ? के भो यस्तो ?
धरती फेरि अँधेरी छन् ?
देखिन्नन् खै जनता हाँस्दै
नाच्दै तकधिन तकधिनधिन् ?
बिर्स्यौ के हे ! आज पथिकले

उच्च प्रतिज्ञा क्रान्ति हुन ?
खै त फलेका विश्वविजेता
जनताका यी रक्तकण ?'

(२९)

बोल्दा-बोल्दै झर्थ्यो
कमजोरीले निम्न बनी
सुन्दैनन् क्वै बुझ्दैनन् क्वै
चिन्तन तिनको के छ भनी
आफ्नै चिन्तन बोक्ने नेता
चिन्तन - फाटी बोल्दै थे
एक हुनेतिर पाउ नचाली
पोल स्वयंका खोल्दै थे
यौटा 'धोखा' भन्दै हिँड्थे
अर्काले 'विश्राम' भनी
यिनको यस्तो फाटो देखी
शत्रु खुशी थे जाल बुनी
ग्लानि बढ्दै मनको पीडा
बढ्दै आयो बारम्बार
क्रान्ति गरेको आफ्नो बाटो
अल्झ्यो भन्ने तिनको सार
छाती खोली जनको बोली
बोले तिनले यौटा सार
'जनको इच्छा प्रश्न बनेको
के हो क्रान्ति लिनेको सार ?
साराको हो धरती यौटै
खै साझाको चेत अपार ?'

(३०)

'भोक चढायौं शोक दबायौं
नेता हो ? यै क्रान्ति भनी
तिम्रै मान्यौं तिम्रै ठान्यौं

जीवन त्याग्यौं क्रान्तिमुनि
हाम्रा नेता मानेका हौं
श्रद्धा गर्छौं आज पनि
मानवताका वैरीलाई
राख्यौ किन हे फेरि पनि ?
चिच्याए ती घाउ चिमोटी–
'खै त प्रतिज्ञा साझा त्यो ?
जनताको यो धरती भन्थ्यौ
खै त नि धरती साझा यो ?
'यो वेला हो परिवर्तनको
यौटा सानो, बुझ्नुपर्‍यो
राय भएमा पार्टी पाओस्
पार्टीले पनि बुझ्दछ त्यो
हाम्रो जीवन जनता नै हुन्
निश्चय तिनकै कार्य छ यो'
भन्दै नेता निस्कन लागे
तर जीवन झन् गल्दछ यो
जाँदा-जाँदै नेताले तर
प्रश्न अनेकौं सुन्नुपर्‍यो
साधारण जनताको इच्छा
तिनको बोली बन्न पुग्यो
फींज चुहाई राल खसाई
लाल नयनका रूपसँग
रक्त खसाई पीप चुहाई,
तन्के झन्-झन् वीर अब
टनटन गर्थ्यो घाउ दुखेको
झन्-झन् बढ्थ्यो पीर पनि
तप्त जलनमा निर्बल तनमा
घृणा निकाली क्रोध भरी
बोले वीर चिथोरी छाला

'खै त नि हावा साझा यो ?
खै त नि पानी साझा बन्धु !
खै त नि मौका साझा भो ?'

(३२)

बाहिर आए घस्री-घस्री
सामन्तीले गर्छ चियो
जाने ठाउँ छैन कतै पनि
धिपधिप गर्दै बल्छ दियो
रात परेपछि एक छिँडीमा
चोक्टा खोक्दै पल्टे ती
प्रजातन्त्रमा क्रान्तिवीरको
छैन सहारा कोही पनि !
मौका हेरी सामन्तीले
घेरे क्रातिपथिक ती वीर
चक्कू घोपे एक्ला तिनमा
रोपे भाला तीखा भीर !

(३३)

'मर्थे नै हे दुष्ट स्वयं नै
हत्या व्यर्थै गर्न पुग्यौ !
रोगहरूले गल्थें आफैं
नीच त्यसै हे ! बन्न पुग्यौ ?
नाङ्गो पारी आमालाई
रमिता हेर्ने पाजी हो
मर्दैनन् तर चिन्तन राम्रा
आमा बेच्ने लाछी हो !
बोल्दा-बोल्दै रक्त बढेको
मुखमा आयो छाद बनी
प्रजातन्त्रमा वीर लडेका
देखिन्छन् हा ! आज पनि
रक्त बहाई पीप चुहाई

धङधङ गर्दै लड्न पुगे
टाँका तिनका सारा तनका
चटचट गर्दै चुँड्न पुगे।

(३४)

'यौटा मान्छे मार्दैमा के
क्रान्ति मरेको ठान्यौ हे !
मेरो काया ढल्दामा नै
क्रान्ति ढलेको मान्यौ के ?
मेरो रक्त र पीपहरूमा
क्रान्ति अमर यो बल्छ चिराक
थोपा थोपा फैलन्छन् यी
परिवर्तनका बन्छन् हाड
यौटा यौटा बोली सच्चा
दुर्जनका हुन् मृत्युखुराक'

(३५)

धिपधिप यौटा बत्ती बल्थ्यो
त्यसको ज्योत्स्ना फैलिरहथ्यो
क्रान्तिवीरको अन्त्य पलामा
शोकाकुल त्यो मैलिरहथ्यो
धरणी ! जनता ! क्रान्ति ! भन्दै
आज कमलले जाप गरे
रक्त बहाई मुखमा तनमा
अन्तिम यौटा श्वास भरे
हा ! जीवनको ज्योति सुनौलो
यसरी ढल्छन् 'क्रान्ति ! भनी
छोडे प्राण कठै ! प्यादाले
कालो नभमा फूल बनी
तिनको रक्त र पीप फीँजले
यौटा आकृति बन्न पुग्यो

तिनका आँखा गड्थे त्यसमै
बत्ती त्यसमै चम्किरह्यो

(३६)

मुखको हुलुलू रक्त जमेको
लाल सूर्यको डल्लो भै
थोपा लाल थिए फैलेका
नौला रविका रश्मी झैँ
चार कुना फैलीकन जम्दा
रक्त बनेको झन्डा नै
पीप र फींज अधरका त्यसमा
प्रष्ट हथौडा हँसिया भै

(३७)

गुजुल्टेका केशहरूको
छानो तिनका शिरमा ताज !
लहर्रिएका नील नसाका
लहरा सुन्दर छन् आधार !
तिखारिएका अङ्ग अनेकौं
उच्च हिमाली लेक पहाड
खिरिङ्गिएका हाडहरूका
धारे खुकुरी तीखा धार
गुच्चाजस्ता आँखामा झन्
चम्किरहेको तेज प्रकाश
काया यौटै मृत्यु लिए पनि
भन्थ्यो वीरहरूको सार !
औंला पाँच बनेका मानौं
पाँच क्षेत्रका हुन् विश्वास
हात र गोडा चार बनेका
बन्दै सीमा किल्ला चार
ओठ कलेटी वीर कमलको
लाग्थ्यो टीका रणको आज

टाँका घाउहरूका लाग्थे
श्रम गर्नेका पीत-जुहार
चिथ्रा कपडा देखिन्थे ती
मानौँ प्रतिनिधि जनता लाख
बग्दै गरेको रक्तिम धारा
सन्देश थियो अपरम्पार

(३९)

लाल बन्यो त्यो छिँडिको काया
धरती बन्छिन् लाल अति
लामो युद्ध लडेका प्यादा
लाल बनेका लालजति
लाल कमल झन् लाल बनेका
लाल फुलाउन लाल हुँदै
लालहरूकै राज्य बनाउन
लाल शहीद भए आफैँ
गर्छन् यसरी प्यादाहरूले
युद्ध ठूला संघर्ष गरी
मर्छन् यसरी ज्यादातर ती
परिवर्तनमा विश्वभरि
जाँदा-जाँदै तिनको काया
यसरी झन् सन्देश बन्यो
हावा दौड्यो प्रातः तुरुन्तै
उसले सारा देश भन्यो–
'हुन्न निराशा कहीँ कदापि
सच्चा मान्छे खास भए
मर्दा पनि ती अझ आस्थाको
सिंहासनमा राज भए !'

(४१)

तिनकै बाटो रोज्ने होलान्
कुनाकुनामा आज पनि

तिनकै आस्था बोक्ने होलान्
लाख-करोडौँ आज पनि
परिवर्तनको अर्को गोडा
चाल्न अढाई वीर गए
राष्ट्रगजुरको रक्षा गर्दै
वीर सिपाही वीर भए
(४२)
वीरारोहण तिनको हेर्दा
लाग्यो यौटा सत्य कुरा
जो जो बाँच्छन् दृढ आस्थामा
तिनका बन्छन् काम पुरा
बुद्धिचालको 'चिन्तनराजा'
चिन्तन रक्षा गर्न भनी
वीर बनेको हुनछ सिपाहि
तैयार छ ऊ मर्न पनि
(४३)
मेरा गहका हेर कुनामा
भित्रै सुक्दछ अश्रुकण
हुन्छ गरुङ्गो ढुङ्गोजस्तो
चीसो छाती, दुख्छ मन
सम्झेँ मैले फेरि पुरानो
उक्ति महाको आज पनि
नेता दिन्छन् आज्ञा, मर्छन्
वीर सिपाही भक्त बनी !'
(४४)
'प्यादा' हुन्छन् कार्यकर्ता भनेका
ज्यादा हुन्छन् मर्नलाई बनेका
नेता बोले गर्न तैयार हुन्छन्
आज्ञा पाए मर्न तैयार बन्छन्
(४५)

तिन्कै आस्था छर्दछन् इन्कलाब !
तिन्कै बोली भर्दछन् इन्कलाब !
जनतालाई पार्दछन् इन्कलाब !
मान्छे-मान्छे सार्दछन् इन्कलाब !

(४६)

आँसूसङ्गै जिन्दगी त्यो उदाए,
आँसूसङ्गै जिन्दगानी उठाए
आँसूसङ्गै जिन्दगी यो चलाए,
आँसूसङ्गै जिन्दगानी चढाए

(४७)


आँसूकै जलमा हिमाल जमिने प्रारम्भ भो जीवन !
आँसूकै सरिता उतार-चढिने संघर्ष भो जीवन !
आँसूमै फुलिने उडी-डुबिदिने उत्कर्ष भो जीवन !
आँसूसङ्ग डुबी निरामय हुने उत्सर्ग भो जीवन !

(४८)

त्यै उत्सर्ग नयाँ महान् पथिकको उत्प्रेरणाको दियो
हो सन्देश नयाँ महान् पथ लिने आमूल उत्सर्गको
होस् उत्सर्ग नयाँ महान् मुलुकको उद्यान् उत्कर्षको
बल्छन् सूर्य सधैं प्रकाशमय जो सक्ला र रोक्न को ?
यो ज्योतिर्मय पुञ्जसम्म नपुगी थामिन्न संघर्ष यो
आऊ फेरि सबै सँगी ! समरको सिन्दूर थापौं ठूलो
पार्नै पर्दछ खेतमा कृषकका पानी बगेको कुलो

(४९)

समाप्त



रामप्रसाद ज्ञवाली

जन्म : वि.सं. २०२४, गुल्मी

अध्ययन : शास्त्री, एम.ए. नेपाली
(प्रथम श्रेणीमा प्रथम)

पदक : महेन्द्र विद्याभूषण (२०५०)
: लारी स्वर्णपदक (२०५०)

पेशा : प्राध्यापन

हाल : पद्मकन्या क्याम्पस बागबजार, काठमाडौं

प्रकाशित अन्य कृतिहरू:

१. विवश आँसु (पूर्णाङ्गी) २०४४
२. परिवर्तनको मोडमा (उपन्यास) २०५०
३. जीवनका घुम्तीहरू (उपन्यास) २०५३
४. विभिन्न पत्र-पत्रिकाहरूमा कविता, कथा, निबन्ध, यात्रा-संस्मरण तथा समालोचनात्मक लेखहरू प्रकाशित ।

